# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषय परिचय

केदार शर्मा ढकालको जन्म गण्डकी अञ्चल स्याङ्जा जिल्लाको फापरथुम गा.वि.स. वडा नं. ८ टिकाजा भन्ने गाउँमा वि.सं १९८६ साल असोज ११ गते पिता पण्डित दुर्गादत्त उपाध्यय र माता बसुन्धरादेवीका कोखबाट पहिलो सन्तानको रूपमा भएको हो । यिनको शिक्षारम्भ घरबाटै भएको पाइन्छ । घरैबाट शिक्षाको सुरुवात गरेका ढकालले नेपाली विषयबाट स्नातकोत्तर तहसम्मको अध्ययन गरेको पाइन्छ ।

केदार शर्मा ढकालले २००८ सालमा वनारसबाट प्रकाशित **युगवाणी** नामक पत्रिकामा प्रकाशित 'मानव तिमी अघि बढ्दै जाऊ' नामक फुट्कर कविता प्रकाशन गरी आफ्नो औपचारिक साहित्य यात्रा सुरु गरेका हुन् । निबन्धका क्षेत्रमा भने (२०१३) सालमा 'जिवाको चक्कू' नामक शीर्षकको निबन्धबाट कलम चलाउन थालेका हुन् । हालसम्म उनका **बाँच्न गाह्रो भो** (२०४७) **जीवन सङ्घर्षको चक्कर ठक्कर** (२०५८) र **केही रचना केही सम्झना** (२०६६) गरी तीनओटा निबन्ध सङ्ग्रह प्रकाशित भएका छन् । यी निबन्ध सङ्ग्रहहरूको विश्लेषणबाट ढकालका निबन्धकारिताको मूल्याङ्कन गर्नु नै प्रस्तुत शोधकार्यको मूल विषय क्षेत्र हो ।

## १.२ समस्याकथन

नेपाली साहित्यमा कवि, निबन्धकार र सम्पादक व्यक्तित्वका रूपमा स्थापित भएका ढकाल नेपाली साहित्यलाई सङ्ख्यात्मक मात्र होइन गुणात्मक दृष्टिले पनि उत्कर्षता प्रदान गर्ने कार्यमा निरन्तर लागिरहेका छन् । यसरी विभिन्न क्षेत्रमा ढकालको योगदान महत्त्वपूर्ण रहेको अवस्थामा उनका बारेमा सामान्य चर्चा एवम् विभिन्न पत्रपत्रिकाका छिटफुट रूपमा टीका टिप्पणी मात्र भएका छन् । सो बाहेक गहन रूपमा निबन्ध अध्ययन भएको पाइँदैन । तसर्थ प्रस्तुत शोधकार्य ढकालको निबन्धकारिताको बारेमा निम्न लिखित समस्यासँग सम्वद्ध भएको छ । ती समस्याहरूलाई प्रश्नात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ :

क. केदार शर्मा ढकालको निबन्धयात्रा के कस्तो छ ?

ख. ढकालका निबन्ध प्रवृत्ति के कस्ता छन् ?

ग. तत्त्वगत आधारमा ढकालका निबन्ध कृति के कस्ता छन् ?

उक्त समस्याहरूमा केन्द्रित रही स्पष्ट, सुव्यवस्थित एवम् वैज्ञानिक व्याख्या - विश्लेषणका लागि प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

विशेषतः शोधसमस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य हो । तसर्थ प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क. केदार शर्मा ढकालको निबन्ध यात्राको अध्ययन गर्ने ।

ख. केदार शर्मा ढकालको निबन्ध प्रवृत्तिहरूको पहिचान गर्ने ।

ग. तत्त्वगत आधारमा ढकालका निबन्ध कृतिहरूको विश्लेषण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपालको पश्चिमाञ्चलमा जन्मेर नेपाल एवम् भारतका विभिन्न स्थानमा शिक्षाग्रहण गरी स्नातकोत्तर तहसम्मको शिक्षा हासिल गरेका ढकालले नेपाली साहित्यमा उच्च मूल्य बोकेका निबन्धहरूको रचना गरेका छन् । उनका निबन्धात्मक लेख तथा कृतिहरूका बारेमा केही विद्वान तथा समालोचकहरूले परिचयात्मक रूपमा सामान्य जानकारी गराए तापनि निबन्धका बारेमा विस्तृत र सुव्यवस्थित रूपमा अनुसन्धान भने भएको पाइँदैन । यिनका निबन्धात्मक कृतिहरूका बारेमा जेजति  अध्ययन र विश्लेषण भएको छ त्यो केवल परिचयात्मक रूपमा मात्र भएको देखिन्छ । यसै क्रममा उनका निबन्ध सम्बन्धी भएको पूर्वकार्यको विवरण कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

शिवप्रसाद तिमिल्सिना (२०५५) ले **केदार शर्मा ढकालको जीवनी, व्यक्तित्व र कृतित्व**को अध्ययन अप्रकाशित स्नातकोत्तर शोधपत्रमा आत्मानुभवमा आधारित उनका निबन्धमा विषयवस्तु विभिन्न क्षेत्रबाट टिपी आफ्ना रचना आत्मानुभूतिले सजाएर व्यक्त गरेका छन् । आत्मपरकता, यथार्थता, व्यङ्ग्यामकता, चिन्तनशीलता जस्ता निबन्धात्मक प्रवृत्तिहरु हुन् । निबन्धमा निजात्मक भाषाशैलीका साथै भाव र शिल्पको पनि समन्वयन भेटिन्छ भनेका छन् ।

घटराज भट्टराई (२०५६) ले **नेपाली लेखककोश** मा केदार शर्मा ढकाललाई पनि निबन्धकारको रूपमा चिनाएका छन् ।

अनन्त अर्याल (२०६३) ले **सगुन** पत्रिकामा प्रकाशित “साहित्यकार केदार शर्मा ढकाल” नामक शीर्षकको लेखमा केदार शर्मा ढकाललाई आत्मपरक शैलीमा जीवन भोगाइ, अनुभव र अनुभूतिलाई मसला बनाई निबन्ध लेख्ने ढकाल मूलतः फ्रान्सेली प्रसिद्ध निबन्धकार मोन्तेन तथा प्रसिद्ध नेपाली निबन्धकार लक्ष्मीप्रसाद देवकोटाबाट प्रभावित भएको देखिन्छ भनेका छन् ।

पदमबहादुर रानाभाट (२०६४) ले **स्याङ्जाका निबन्धकारहरूका निबन्धकृतिहरूको अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्रमा केदार शर्मा ढकाललाई उत्कृष्ट निबन्धकारका साथै आफ्नो यथार्थ जीवनमा घटित घटनाहरूलाई निबन्धको रूप दिने कुशल निबन्धकार हुन् । वैचारिकता, बौद्धिकता व्यङ्ग्यात्मकता, चिन्तनशीलता, यथार्थता, निजात्मकता र समसामयिकता यिनका निबन्धगत प्रवृत्तिहरू हुन् भनेका छन् ।

भीष्मराज ढुंगेल (२०६५) ले **राजस्थल साहित्यिक पत्रिकामा प्रकाशित निबन्धहरूको अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्रमा केदार शर्मा ढकाल बुद्धि पक्षभन्दा हृदयलाई प्रधानता दिने

निबन्धकार हुन् भन्दै उनका निबन्धहरूमा वर्णनात्मकता पाउनका साथै आत्मप्रकाशन र सूचनात्मकता बढी मात्रामा प्रस्फुटित भएको पाइन्छ । यसरी समग्रमा ढकाल आत्मपरक निबन्धकार हुन् भन्ने दृष्टिकोण ढुङ्गेलबाट प्रस्तुत भएको पाइन्छ ।

प्रस्तुत पूर्वकार्यको विवरणबाट निबन्धकार केदार शर्मा ढकालका बारेमा सामान्य टीका टिप्पणी र समीक्षा मात्र भएको पाइन्छ । यी अध्ययनहरूको उद्देश्य समग्र पक्षको अध्ययन गर्नु नभई सामान्य टिप्पणी मात्र दिनु रहेको छ । उनको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन भए पनि उनका निबन्धहरुको गहन अध्ययन र विश्लेषण भएको छैन । त्यसैले प्रस्तुत शोधपत्रमा यिनै पक्षको अध्ययन र विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

वि.सं. २००८ देखि लगभग छ दशक लामो साहित्यिकयात्रा पार गरिसकेका ढकालका बारेमा जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन मात्र भएको र अन्य विषयमा सामान्य टीका टिप्पणी र समीक्षाबाहेक उनका निबन्धहरूको व्यवस्थित अध्ययन अनुसन्धान नगरिएको कुरा पूर्वकार्यको समीक्षाले नै स्पष्ट पारेको छ । त्यसैले उनका निबन्धमा केन्द्रित भएर गरिने अध्ययन अनुसन्धान औचित्यपूर्ण छ भन्ने पुष्टि हुन्छ । उनका निबन्धहरुको बारेमा जान्न चाहने व्यक्तिका लागि यो शोधकार्य महत्त्वपूर्ण बन्न सक्छ र नेपाली अनुसन्धान परम्पराको विकासमा पनि यसले सहयोग पुर्‍याउँछ ।

## १.६ शोधकार्यको सीमा

केदार शर्मा ढकालको निबन्ध विधालाई यस अध्ययनमा समेटिएको छ । उनका प्रकाशित निबन्ध सङ्ग्रहभित्रका निबन्धको विश्लेषण विषयवस्तु, उद्देश्य र भाषाशैली जस्ता निबन्ध तत्त्वका आधारमा गरिएको छ । उनका निबन्धलाई माथिका बाहेक अन्य सन्दर्भबाट विश्लेषण गरिएको छैन । त्यस्तै ढकालको निबन्धयात्रा र प्रवृत्तिको विश्लेषण सर्वेक्षणात्मक र समीक्षात्मक रूपले मात्र गरिएको छ । यो नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधविधि

**क) सामाग्री सङ्कलन विधि :**

प्रस्तुत शोधपत्रमा साहित्यकार केदार शर्मा ढकालको निबन्धकारिताको लागि प्राथमिक र द्वितीयक सामाग्रीहरुका साथै पुस्तकालयीय प्रक्रिया र पुस्तकीय अध्ययनको प्रयोग गरिएको छ । यसका साथ साथै आवश्यकता अनुसार लेखकका परिवार, उनका सहकर्मी र विषयतग विशेषज्ञसँग छलफल र अन्तरक्रियालाई आधार बनाइएको छ ।

**ख) अध्ययन विधि र ढाँचा**

निबन्ध विश्लेषणका विभिन्न आधारहरूमध्ये केदार शर्मा ढकालको निबन्धयात्राको निर्क्यौल गर्नेलाई विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । यसरी नै निबन्ध रचनाको विश्लेषण गर्ने क्रममा विषयवस्तु, उद्देश्य, भाषाशैली जस्ता तत्त्वलाई विश्लेषणको मूल आधार बनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ । साथै शोधपत्रको अन्तिम संरचना पनि निम्नलिखित परिच्छेदगत रूपमा विभाजन गरी सम्पन्न गरिएको छ ।

| | |
|---|---|
| पहिलो परिच्छेद : | शोध परिचय |
| दोस्रो परिच्छेद : | केदार शर्मा ढकालको सङ्क्षिप्त जीवनी र व्यक्तित्व |
| तेस्रो परिच्छेद : | केदार शर्मा ढकालको निबन्धयात्रा र प्रवृति |
| चौथो परिच्छेद : | केदार शर्मा ढकालका निबन्धात्मक कृतिहरूको विश्लेषण |
| पाँचौ परिच्छेद : | उपसंहार |
| | सन्दर्भसामग्री सूची |

# दोस्रो परिच्छेद
# केदार शर्मा ढकालको सङ्क्षिप्त परिचय

## २.१ विषय परिचय

मानिस एक सामाजिक प्राणी हो । मानिसको जन्म समाजमा हुने गर्दछ । मानिस समाजमा जन्मेपछि मुत्युवरण गर्नु अघिसम्म उसको जीवन विभिन्न उथलपुथल आरोह अवरोहका बीच सङ्घर्षपूर्ण रूपमा बितेको हुन्छ । कुनै पनि मानिसको जीवनको यथार्थ थाहा पाउनका लागि उसको जीवनीको अध्ययनले ठूलो सहयोग पुऱ्याउँछ । जीवनीमा मानिसका जीवनमा घटेका घटनाहरूलाई इतिहासमा जस्तै सत्य, तथ्य र वस्तुगत आधारमा तयार पारिएको हुनुपर्दछ । जीवनीमा घटनाक्रमको समीष्ट रूप प्रस्तुत गरिएको हुन्छ । यसरी कुनै पनि व्यक्तिले जीवनसँग सम्वन्धित घटनाहरूको तथ्य प्रस्तुत नै जीवनीको मूल मर्म हो (प्रधान, २०४४ : २८) । तसर्थ कुनै व्यक्तिको साहित्यिक पाटोलाई खोतल्नु पूर्व त्यसको जीवनी र व्यक्तित्वका पाटाहरू जन्म, जन्म स्थान, बाल्यकाल, शिक्षादीक्षा दाम्पत्य जीवन, पारिवारिक स्थिति, जागिरका विभिन्न क्रम, भ्रमण, सम्मान तथा पुरस्कार लेखनको थालनी र प्रकाशित कृतिहरूमा साथै ढकालको व्यक्तित्व, शारीरिक, पारिवारिक, शिक्षक साहित्यिक पाटोलाई बुझ्नुपर्ने हुन्छ । त्यसैले यस परिच्छेदमा साहित्यकार केदार शर्मा ढकालका जीवनका विभिन्न पाटालाई माथिको शीर्षकहरूद्वारा स्पष्ट पार्न खोजिएको छ ।

### २.१.१ जन्म, जन्मस्थान र बाल्यकाल

केदार शर्मा ढकालको जन्म गण्डकी अञ्चल स्याङ्जा जिल्लाको फापरथुम गा.वि.स. वडा नं. ८ टिकाजा भन्ने गाउँमा वि.सं. १९८६ साल असोज ११ गते भएको हो (ढकाल, २०५८) । यिनका बाबुको नाम पण्डित दुर्गादत्त उपाध्याय र आमाको नाम बसुन्धरादेवी हो । (तिमिल्सिना, २०५५ : १) यिनी आफ्ना बाबुको जेठा छोरा भएकाले यिनलाई जेठो बाबु भनेर बोलाउने गरेका छन् । त्यसपछि पाठशालमा भर्ना हुँदा केदार शर्मा भनी बोलाउन थालिएको हालसम्म पनि यिनी केदार शर्मा ढकालका नामबाट परिचित छन् । हाल यिनी पुतलीबजार नगरपालिका वडा नं. १ स्याङ्जामा स्थायी बसोबास गर्दै आएका छन् ।

ढकाल मध्यम वर्गीय परिवारमा जन्मिएको र १२ औं पुस्ता अघिदेखि पण्डित परिवार भनेर चिनिने यस परिवारमा यिनका पिता दुर्गादत्त पनि संस्कृत भाषाका पण्डित र विद्वान थिए । पढे लेखेका हुँदा शर्माका पिता दुर्गादत्तले अदालतमा विचारी भई काम गरेका थिए । (मनकुमारी ढकालसंग लिएको मौखिक कुराकानीमा आधारित) ।

यिनका बुबा जागिरे भएको हुँदा यिनको बाल्यकाल केही समय बुबासँग र धेरै जसो समय आफ्ना बाजे र आमाको रेखदेखमा बितेको थियो । बुबा बाजे र आमाको संरक्षणमा बाल्यकाल बिताउन पाएकोले यिनको बाल्यवस्था अनुकूल बातावरणमा बितेको स्पष्ट हुन्छ । यस अवस्थामा यिनलाई बढी मनपराउने व्यक्ति काका खेमराज शर्मा हुन् । उनले आफ्नो भतिजालाई सानै उमेर

देखि कालीदास माघ र भारवि जस्ता कविहरूका कविताहरू सुनाउने गरेका थिए । (तिमिल्सिना, २०५५) ।

केदार शर्मा ढकालका बुबाले दुई विवाह गरेका हुनाले दाजुभाइ तथा दिदीवहिनीको सङ्ख्या वढि नै छ । दुई ओटी आमाहरू भएकाले यिनी पटितिर तीन भाइ र तीन बहिनीहरू अनि सानी आमापटि तीन भाइ र चार बहिनी छन् । यसरी ढकालको परिवार शिक्षित भएको हुँदा पढ्नु पर्छ भन्ने धारणाको विकास (सानैदेखि) भएको थियो । बाल्यवस्थाको (प्रारम्भ देखि) कहिले बुबा कहिले बाजे, कहिले काकाको संरक्षणमा हुर्केकाले उनको बाल्यकाल सुखद रूपले बितेको थियो । यिनमा पढ्नु पर्छ भन्ने धारणा पहिलैबाट भएकाले हुँदा त्यस समय देखि नै कला प्रति यिनको रुचि बढेको थियो ।

### २.१.२ शिक्षादीक्षा

प्रतिष्ठित शिक्षित पण्डित परिवारमा जन्मिएका केदार शर्मा ढकालको शिक्षाको आरम्भ चार वर्षको उमेरमा घरैमा पितामार्फत भएको थियो (मनकुमारी ढकालसँग लिएको मौखिक कुराकानी) । यिनको परिवारमा पहिले देखि नै पण्डित भएको र सबै पढेलेखेकाले यिनलाई (सानै देखि) शिक्षाको आरम्भ गर्ने मौका मिलेको थियो (तिमिल्सिना, २०५५) । यिनले केही समय पाल्पाको सिल्खान भाषा पाठशालामा अध्ययन गरेका थिए । त्यस समय देखि नै यिनी चलाख विद्यार्थी थिए । त्यसपछि पोखराको भाषापाठशालामा (विन्दवासिनी नजिकै) मा २०००- २००४ सालसम्म अध्ययन गरेका थिए । त्यस पाठशालामा संस्कृत भाषाको राम्रो पठन पाठन हुन्थ्यो भने सानैदेखि भाषमा चलाख भएकाले सधैँ प्रथम श्रेणीमा उत्तीर्ण भएका थिए ।

ढकालले २००५ देखि २००७ सालसम्म काठमाडौं रानी पोखरी स्थित प्रधानपाठशालामा प्रथमा परीक्षाको लागि अध्ययन गरेका थिए । सन् १९५३ मा सम्पूर्णानन्द विश्वविद्यालयबाट मध्यमा परीक्षा उत्तीर्ण गरेका ढकालले सन् १९५७ सालमा २३ वर्षको उमेरमा आइ.ए. प्राइभेट परीक्षा दिई उत्तीर्ण गरेका थिए । यसैगरी २०१७ सालमा नेपाल नेसनल कलेजबाट बी.ए. उत्तीर्ण गरेका हुन् । त्यसैगरी २०३१ सालमा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट एक वर्षे वि.एड्. उत्तीर्ण गरेका छन् । सन् १९७६ मा संस्कृत विषयमा स्वध्यायन गरी प्राइभेट परीक्षा दिई त्रि.वि.कीर्तिपुरबाट स्नातकोत्तर द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए ।

### २.१.३ दाम्पत्य जीवन र पारिवारिक स्थिति

केदार शर्मा ढकालको शुभ विवाह हिन्दु परम्परा अनुसार नै भएको थियो । उनको शुभ विवाह १९९९ साल फागुन १४ गते स्याङ्जा जिल्ला निवासी बाबु विचारी प्रेमप्रसाद उपाध्याय र आमा दीपकुमारी उपाध्यायकी जेठी सुपुत्री मनकुमारी उपाध्यायको साथ सुसम्पन्न भएको हो (रामचन्द गौतमबाट प्राप्त जानकारी) । उनका परिवारमा एक श्रीमती, तीन छोरा चार बुहारी र सात ओटा नाति-नातिनी छन् । त्यस्तै गरी जेठा छोरा शरद ढकाल, महिला छोरा इन्दु ढकाल र कान्छा छोरा समीर ढकाल रहेका छन् । तीन छोरा मध्ये जेठाछोरा होटल व्यवसायमा लागेको र

माहिला इन्दु र कान्छा छोरा समीर इन्जिनियर भएको जानकारी दिएका छन् । (तिमिल्सिना, २०५५) ।

### २.१.४ जागिरका विभिन्न कम

केदार शर्मा ढकालको जीवनको अधिकांश समय शिक्षण पेशा र साहित्य समृद्धिका लागि समर्पित भएका थियो । शैक्षणिक कार्यका दृष्टिले सन् १९५३ सालमा मध्यमा परीक्षा उत्तीर्ण गरी विद्यालयमा अध्ययन गराउन सुरु गरेका ढकालले २००९ सालदेखि २०४९ सालसम्म शिक्षण पेशामा संलग्न गरी झण्डै जीवनको आधा समय बिताएका थिए । यसैगरी यिनले २००९ सालमा स्याङजाको पञ्चमूल स्थित दरौ प्रा.वि. तहको स्थायी नियुक्ति पाई अध्ययन गराउन सुरु गरेका थिए । त्यसपछि २०११ सालमा मातृभूमि र देवान चोक प्रा.वि. स्याङ्जामा, २०१७ सालमा फलेबास पर्वत स्थित भवानी विद्यापीठ हाइस्कुलमा नेपाली विषय अध्यापन गरेका थिए । त्यसपछि २०२० सालतिर स्याङ्जाको सदरमुकाम स्थित श्री त्रिभुवन आदर्श विद्या मन्दिर (हाल त्रिभुवन आदर्श मा.वि.) मा र पटकपटक गरी नौ वर्ष जति यस जिल्लाको पुरानो मा.वि. श्री मातृभूमि मा.वि.मा प्रधानाध्यापक भई सेवा गरे भने २०४९ सालमा उक्त माध्यमिक विद्यालयबाट सेवा निवृत्त भएका थिए । (ढकाल, २०६६) ।

केदार शर्मा ढकाल शिक्षण पेशा, साहित्य लेखनका साथ साथै विभिन्न सङ्सस्थाहरूसँग सम्बद्ध रही जिल्ला शिक्षा सङ्गठनका अध्यक्ष समेत भएर काम गरीसकेका छन् ।

### २.१.५ भ्रमण, सम्मान तथा पुरस्कार

केदार शर्मा ढकाल नेपालका विभिन्न स्थानहरूका साथै तीर्थयात्राको क्रममा भारत भ्रमण गरेका छन् । उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू 'गण्डकी सामाजिक गुठी'द्वारा सम्मान (२०६०) साल कार्तिक, वालिङ् स्याङ्जा, 'स्याङ्जा साहित्य परिषद् काठमाडौं'द्वारा नगद पुरस्कार सहित सम्मान (२०६१), 'गण्डकी साहित्य सङ्गम पोखराद्वारा नगद पुरस्कार सहित सम्मान (२०६३), 'शङ्खनारायण साहित्य पुरस्कार स्याङ्जा'द्वारा नगद पुरस्कार सहित सम्मान (२०४९), 'नेपाली भाषा सम्बर्धन समिति', स्याङ्जा वालिङ्द्वारा सम्मान (२०५४) साल यसरी ढकालले विभिन्न सम्मान तथा पुरस्कार पाएका थिए । (ढकाल,२०६६)

### २.१.६ लेखनको थालनी र प्रकाशित कृतिहरू

लेखनको प्रेरणा आफ्नै पिता दुर्गादत्त ढकालबाट पाएका थिए । ढकाललाई (साहित्यतर्फ) उन्मुख गराउने प्रथम व्यक्ति उनका बाजे उमाकान्त शर्मा हुन् । सानै उमेरदेखि संस्कृत छन्दमा कविता लेखेर सुनाउने गरेका थिए । प्राचीन कविहरू भानुभक्त, तीर्थराज पाण्डे जस्ता कविका कविताहरू पढ्न पाएकाले पनि यिनलाई (साहित्यतर्फ) लाग्ने प्रेरणा मिलेको थियो ।

नेपाली जनताले भोग्नु परेका विवशता, बाध्यता, पीडा दु:खको अनुभव ढकालले गरेका थिए र यिनै विभिन्न परिवेशलाई आत्मसात् गरी 'ढकाल साहित्य जगत्'मा प्रवेश गरेका थिए । केदार शर्मा ढकालको व्यक्तित्व नेपाली साहित्यको क्षेत्रमा क्रियाशील रहेको छ । कविता लेखनबाट साहित्यमा प्रवेश गरेका ढकालले विशेष गरी निबन्ध र कविता विधामा कलम चलाएका छन् । उनका विभिन्न विधाका पुस्तकाकार कृतिहरूको सूची कालक्रमिक रूपमा यस प्रकार रहेका छन् :-

| क.स. | कृतिको नाम | विधा | प्रकाशन वर्ष | प्रकाशन |
|---|---|---|---|---|
| १. | आँसु र पसिना | कविता सङ्ग्रह | प्रथम संस्करण २०१५ | के.पी. रेग्मी |
| २. | बाँच्न गाह्रो भो | निबन्धसङ्ग्रह (आत्मपरक) | प्रथम संस्करण, २०४७ | ढकाल बन्धु प्रगति प्रकाशन, स्याङ्जा |
| ३. | जीवन सङ्घर्षको चक्कर ठक्कर | (आात्मपरक) निबन्ध सङ्ग्रह | प्रथम संस्करण, २०५८ | मनकुमारी ढकाल, ढकाल बन्धु प्रगति प्रकाशन, स्याङ्जा |
| ४. | केदार शर्मा ढकालका केही कविता र काव्य | कविता सङ्ग्रह | प्रथम संस्करण, २०६५ | मनकुमारी ढकाल, ढकाल बन्धु प्रगति प्रकाशन, स्याङ्जा |
| ५ | केही रचना केही सम्झना | (निजात्मक) निबन्ध सङ्ग्रह | प्रथम संस्करण, २०६५ | मनकुमारी केदार शर्मा ढकाल, प्रतिभा पुरस्कार प्रतिष्ठान, स्याङ्जा |

यसरी केदार शर्मा ढकालको साहित्यिक यात्रा २०१३ सालबाटै सुरु भएको थियो । उनले साहित्यमा विशेष गरी कविता र निबन्ध विधामा कलम चलाउदै अगाडि बढेका छन् । यिनले हाल सम्म ५ ओटा पुस्तककार कृतिहरूलाई प्रकाशन गराउन सफल भएका छन् । यिनका कविता र निबन्ध लेख रचनाहरूमा सामाजिक, राजनैतिक, धार्मिक, ऐतिहासिक र समसामयिक घटनाहरूलाई आधार बनाएर लेखेका छन् । समाजमा भएका, विभिन्न विकृति विसङ्गतिहरू माथि व्यङ्ग्य गर्दै त्यस्ता विकृति र विसङ्गतिहरूलाई हटाएर अगाडि बढ्न सक्नु पर्दछ भन्ने सन्देश दिएका छन् ।

## २.२ केदार शर्मा ढकालको व्यक्तित्व


### २.२.१ शारीरिक व्यक्तित्व

केदार शर्मा ढकालको शारीरिक बनोट बाक्लो र चौडा किसिमको छ । करीब ६ फुट अग्ला, चौडा निधार, बाटुलो अनुहार बाक्ला आँखी भौं भएका, दाह्री जुँगा खौरने सधैं प्रफूल्ल मुद्रामा रहने ढकाल ७० दशक कटिसक्दा पनि उत्तिकै मोटोघाटो र शालीन देखिन्छन् । उनी

झट्ट हेर्दा धेरै नबोल्ने जस्ता लाग्ने, भद्र, सज्जन र भावुक खाइलाग्दा छन् । त्यस्तै गरी तडक भडक पोशाक नलगाई साधारण सर्ट-पाइन्ट लगाउन मन पराउने निकै आकर्षक प्रभावकारी व्यक्तित्वबाट केदार शर्मा ढकालको शारीरिक बनोट निर्माण भएको हो । कुनै पनि व्यक्तिलाई सहज रूपमा हाँसीहाँसी आकर्षण गर्न सक्ने गुण उनको शारीरिक बनावटमा छ । (तिमिल्सिना, २०५५) हाल उनी उच्च रक्तचाप रोगले ग्रसित छन् । त्यसकारण शारीरिक व्यायमका लागि दैनिक ४-५ किलोमिटर हिँड्ने गरेका छन् ।

### २.२.२ व्यक्तित्वका विभिन्न पाटाहरू

ढकालको अन्य व्यक्तित्वको तुलनामा साहित्यिक व्यक्तित्व बढी महत्त्वपूर्ण छ । यही व्यक्तित्वको कारण यिनी चर्चित बन्न पुगेका छन् । साहित्यका विभिन्न विधामा कलम चलाए तापनि विशेष गरी कविता र निबन्ध विधामा यिनी सफल छन् । केदार शर्मा ढकालको व्यक्तित्वलाई (निम्नलिखित) विभिन्न पाटाहरूमा विभाजन गरी अध्ययन गरिएको छ । ती व्यक्तित्वका पाटाहरूलाई वृक्षारेखमा निम्नानुसार देखाइएको छ ।



यसरी वृक्षारेखमा प्रस्तुत भएका ढकालका विभिन्न व्यक्तित्वका पाटाहरूलाई क्रमशः निम्नानुसार अध्ययन गरिएको छ :-

### २.२.३ साहित्यिक व्यक्तित्व

केदार शर्मा ढकालको स्रष्टा व्यक्तित्व अन्तर्गत कवि व्यक्तित्व र निबन्धकार व्यक्तित्व रहेको छ तिनीहरूको अध्ययन यस प्रकार गरिएको छ -

#### २.२.३.१ स्रष्टा व्यक्तित्व

वि.सं. २०२८ सालवाट साहित्य लेखन प्रारम्भ गरेका ढकालले साहित्यका विभिन्न विधामा कलम चलाए तापनि विशेष गरी उनको साहित्यिक व्यक्तित्वलाई निम्नानुसार विभाजन गरिएको छ -

**क. कवि व्यक्तित्व**

ढकालले जनसामान्यका समस्याहरूलाई चित्रण गर्ने कविका रूपमा परिचित छन् । यिनले २००८ सालमा वनारसबाट प्रकाशित युगवाणी पत्रिकामा प्रकाशित 'मानव तिमी अघि वढ्दै जाऊ' नामक फुट्कर कविता प्रकाशन गरी आफ्नो औपचारिक साहित्य यात्रा सुरु गरेका हुन् । ढकालले २०१५ सालमा **आँसु र पसिना** नामक कवितासङ्ग्रह प्रकाशित गरेका छन् । यस कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूलाई हेर्दा दीन-दुःखीहरूका कथा व्यथा, समाजमा देखापर्ने शोषण प्रवृत्ति, सीमित मात्रामा प्रगति चेत, व्यङ्ग्यचेत, राष्ट्रप्रेम जस्ता भाव पाइन्छ । समय समयमा निस्कने पत्रपत्रिकामा यिनका फुटकर रचनाहरू प्रकाशित भएका छन् । गद्य र पद्य दुवै शैलीमा कविता लेख्नुका साथै निम्नवर्गीय समाजको चित्रण गरी समाजमा देखापरेका विकृति विसङ्गतिहरूलाई यथार्थ रूपमा प्रष्ट पारेका छन् ।

**ख. निबन्धकार व्यक्तित्व**

आधुनिक निबन्धकारहरूमध्ये केदार शर्मा ढकाल पनि एक हुन् । यिनको **'बाँच्न गाह्रो भो'** निबन्ध सङ्ग्रह २०४७ सालमा प्रकाशित गरेका छन् । यस सङ्ग्रहमा सङ्ग्रहित कतिपय निबन्धहरू २०१३ सालबाटै लेखिएका छन् । यस निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्ध बाहेक अन्य पत्रपत्रिकाहरूमा पनि फुट्कर रूपमा निबन्धहरू प्रकाशित भएका छन् । ढकालका यी निबन्धहरूलाई हेर्दा सरल, सहज, भाषाशैलीमा समाजको वास्तविक याथर्थलाई टिपेर आत्मपरक रूममा प्रस्तुत गरेका छन् । यस निबन्ध सङ्ग्रहमा उनका १६ ओटा निबन्धहरू सङ्ग्रहित छन् । यसै गरी यिनका अन्य निबन्ध सङ्ग्रहहरू **जीवन सङघर्षको चक्कर ठक्कर** (२०५८), **केही रचना केही सम्झना** (२०६६) रहेका छन् । यसरी हालसम्म उनका जम्मा तीन ओटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । जसमा ५७ ओटा निबन्धहरू सङ्ग्रहित छन् । त्यस्तै गरी विभिन्न पत्रपत्रिकामा उनका फुट्कर निबन्धहरू प्रकाशित छन् । ढकालले प्राय जसो निबन्ध आत्मपरक

शैलीमा निबन्ध लेखेका छन् । मानवता, प्राकृतिकता, देशप्रेम आदि निबन्धका विषयवस्तु रहेका छन् ।

### २.२.३.२ द्रष्टा व्यक्तित्व

केदार शर्मा ढकालको द्रष्टा व्यक्तित्व अन्तरगत सम्पादक व्यक्तित्व पत्रकार व्यक्तित्व, संस्थापक व्यक्तित्व, चिन्तनशील व्यक्तित्व रहेका छन् तिनीहरूको अध्ययन यस प्रकार गरिएको छ ।

#### क. सम्पादक व्यक्तित्व

केदार शर्मा ढकालले विभिन्न पत्रपत्रिकाको सम्पादन गरेका छन् । ढकालले २०२१ साल देखि पत्रपत्रिकाको सम्पादन गर्न लागेको बुझिन्छ । ती मध्ये २०२१ सालमा पोखरा अञ्चल पञ्चायतबाट प्रकाशित हुने **गण्डकी साप्ताहिक** नामक पत्रिका, २०२३ सालमा **साप्ताहिक धारा** नामक त्रैमासिक पत्रिका प्रकाशित उक्त पत्रिकाको सम्पादन, २०२४ मा स्याङजा जिल्ला युवासङ्गठनका तर्फबाट **युगभाषा** पत्रिका प्रकाशित हुन थालेको र २०२३-२०३२ सम्म उक्त पत्रिकाको प्रधान सम्पादक रही पत्रपत्रिका सम्पादन गरेका थिए (तिमिल्सिना, २०५५:१७) ।

#### ख. पत्रकार व्यक्तित्व

केदार शर्मा ढकाललाई पत्रकारको रूपमा पनि लिन सकिन्छ । यिनले २०२३ सालमा गण्डकी र धवलागिरी अञ्चलका तर्फबाट राष्ट्रिय समचार समितिको प्रमुख संवाददाता भएर काम गरेका थिए । त्यसबेला यिनले दिउँसो अञ्चल पञ्चायतमा काम गर्ने र साँझ राती पाठशालामा अध्यापन समेत गरेका थिए ।

#### ग. संस्थापक व्यक्तित्व

केदार शर्मा ढकालको विविध व्यक्तित्वमध्ये संस्थापक व्यक्तित्वलाई पनि प्रमुख मानिन्छ । यिनले २०४५ सालमा देवीप्रसाद वनवासी र भेषराज शर्माको सहयोगमा **मोती साहित्य प्रतिष्ठन** स्याङ्जाको स्थापना गरेको र स्थापित उक्त संस्थाका संस्थापक अध्यक्ष भई समय समयमा साप्ताहिक भेला र गोष्ठीहरू गर्ने गराउने गरेको पाइन्छ ।

#### घ. चिन्तनशील व्यक्तित्व

ढकाल समसामयिक धाराका निबन्धकार भएकाले राष्ट्रभावलाई अघि सार्दै प्रगतिशील विचारले नै समाज परिवर्तन भई रहेको हुन्छ । समाजमा देखापरेका दीन-दुःखीको अवस्थामा सुधार हुनुपर्ने, शोषण र सामन्ती संस्कारको अन्त्य हुनुपर्ने चिन्ता प्रस्तुत गरेका छन् ।

### २.२.४ साहित्येतर व्यक्तित्व

केदार शर्मा ढकालले लेखन क्षेत्रबाहेक अन्य विविध व्यक्तित्व, उनको रुचि, पेशा, विभिन्न क्षेत्रहरूमा सहभागिता उनको प्रतिभाको कारणले निर्माण भएको थियो । ढकालको साहित्येतर व्यक्तित्वलाई निम्न लिखित प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ ।

### १. शिक्षक र प्रधानाध्यापक व्यक्तित्व

शैक्षणिक कार्य क्षेत्रमा प्रवेश गर्ने क्रममा ढकालले २००९ सालदेखि २०४९ सालसम्म शिक्षण पेशामा सङ्लग्न रहेर झण्डै जीवनको आधा समय बिताएका थिए । यिनले २००९ साल देखि केही समय स्याङ्जाको पञ्चमूल स्थित दरौ प्रा.वि.मा, २०११ मा मातृभूमि र देवान चोक प्रा.वि. स्याङ्जामा, २०१८ सालमा फलेवास पर्वत स्थित भवानी विद्यापीठ हाइस्कुलमा नेपाली विषयमा अध्यापन, २०२० तिर स्याङ्जाको सदरमुकाम स्थित श्री त्रिभुवन आदर्श विद्यामन्दिर र पटकपटक गरी नौ वर्ष जति यस जिल्लाको पुरानो मा.वि. श्री मातृभूमि माध्यमिक विद्यालयमा प्रधानाध्यापक भई सेवा गरेको र २०४९ सालमा उक्त विद्यालयबाट सेवा निवृत्त भएको बुझिन्छ ।

### २. संस्थागत व्यक्तित्व

साहित्यिक लेखनको साथ साथै यिनी विभिन्न संस्थामा आबद्ध रही काम गरी रहेका छन् । **ढकाल नेपाल रेडक्रस**, **क्षयरोग निवारण**, **लक्ष्मी स्मृति पुस्तकालय** आदिमा आजीवन सदस्य, **शिक्षक संङ्गठन स्याङ्जा**का प्रथम जिल्ला अध्यक्ष, **रा.स.स. गण्डकी अञ्चल**का प्रथम संवाददाता, **मोती साहित्य परिवार**, स्याङ्जाका जिल्ला अध्यक्ष पदमा रही कार्य गरेको र अहिलेसम्म पनि सङ्लग्न रहेका छन् ।

## २.५ जीवनी व्यक्तित्व र कृतित्व लेखन बीच अन्तः सम्बन्ध

केदार शर्मा ढकालले नेपाल तथा भारतका विद्यालय र क्याम्पसहरूमा अध्ययन अध्यापन गरी आफ्नो सात दशक लामो जीवन यात्रा पूरा गरिसकेका छन् । त्यसैगरी ढकाल साहित्यिक तथा सामाजिक संङ्घ संस्थामा आबद्ध भएर आफ्नो व्यक्तिगत अनुभवलाई अझ व्यापक बनाएका छन् । यस अवधिमा उनले धेरै अनुभवहरू बटुलेर तथा अध्ययन अध्यपनमा संलग्न भएर आफूलाई बौद्धिक क्षेत्रमा एक सफल व्यक्तित्व बनाइसकेका छन् । जीवनका आरोह अवरोह अनुरूप नै उनका भिन्न-भिन्न किसिमको व्यक्तित्व निर्माण भएको देखिन्छ । तिनको प्रभाव उनका कृतिहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रहको पाइन्छ । उनले आफ्नो जीवन बिताउने सन्दर्भमा जुनजुन स्थानहरूमा पुगेर जे-जस्ता अनुभवहरू बटुले उनको व्यक्तित्व पनि त्यसै अनुरूप नै फैलिदै गएको पाइन्छ । उनी जागिरका सिलसिलामा विभिन्न ठाउँमा पुगी आफूले देखेका, सुनेका र अनुभव गरेका कुराहरूलाई आफ्नो कृतिको विषयवस्तु बनाएका छन् । ढकालले नेपाली समाजले भोग्नु गरेको पीडालाई यथार्थ रूपमा देखाएका छन् । कहिले पत्रकार कहिले सम्पादक र कहिले प्रधानाध्यापक भएकाले यिनमा सृजनशील व्यक्तित्व बढ्दै गएको देखिन्छ । यही सृजनशीलताको अभिव्यक्ति २०४७ मा प्रकाशित **बाँच्न गाह्रो भो** निबन्धसङ्ग्रह र अन्य लेख रचनामा भेटिन्छ । यिनका निबन्धहरू आत्मपरक शैलीमा लेखिएका छन् । यिनका अन्य रचनाहरू समसामयिक गतिविधिसँग सम्बद्ध रहेका छन् । यिनको जीवन प्रायः आँधीखोलाको सेरोफेरो मै बितेकाले पनि यिनका रचनामा प्राकृतिक दृश्यको चित्रण भएको छ । त्यसैगरी गाउँ सहरमा देखिने अवस्था को सूक्ष्म अध्ययन गरेकाले दुवै परिवेशका बारेमा आफ्ना धारणा प्रस्तुत गरेका छन् । यिनै रचनाका

माध्यमबाट गाउँका अन्धभक्तहरूको खिल्ली उडाउने र सहरिया भनाउँदाले गर्ने कुकृत्यमाथि व्यङ्ग्य प्रहार गरेका छन् ।

हाल शिक्षण पेशाबाट निवृत भएपछि पनि साहित्यतर्फ रुचि लिएका छन् । छोरा बुहारीसमेत साहित्यप्रेमी भएकाले उनीहरूबाट पनि सहयोग प्राप्त भएको छ । ढकालको समग्र जीवनीका महत्त्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको उच्च व्यक्तित्वको प्रभाव उनको कृतिलेखनमा परेको छ । यसरी आफ्नो उमेर अनि तत्कालीन समय र परिस्थिति अनुसारको सोचाइ, आफूले देखेको भोगेको युगको अवस्था अनि तत्कालीन सामाजिक, राजनैतिक, संस्कृतिक वातावरण आदिको प्रतिबिम्ब उनका साहित्यिक कृतिहरूमा देख्न सकिने भएकाले उनको जीवनी, व्यक्तित्व र कृत्तित्व लेखनका बीच अन्तर सम्बन्ध रहेको छ ।

## २.६ निष्कर्ष

सात दशकको जीवन व्यतीत गरिसकेका ढकाल व्यक्तित्वमा धनी छन् । यिनको व्यक्तित्वलाई साहित्यिक र साहित्येतर गरेर केलाइएको छ । उनको साहित्यिक व्यक्तित्वलाई स्रष्टा द्रष्टा गरी दुई भागमा विभाजन गरिएको छ । स्रष्टाअन्तर्गत कवि व्यक्तित्व र निबन्धकार व्यक्तित्व आदि पर्दछन् भने द्रष्टाभित्र सम्पादक व्यक्तित्व पत्रकार व्यक्तित्व, संस्थापक व्यक्तित्व चिन्तनशील व्यक्तित्व रहेका छन् । यिनले साहित्यका विभिन्न विधामा कलम चलाएता पनि विशेष गरी निबन्ध विधामा कलम चलाएर आफ्नो व्यक्तित्व निर्माणमा ठूलो भूमिका खेलेका छन् । निबन्धका क्षेत्रमा सामाजिक यथार्थता, व्याङ्ग्यात्मकता, चिन्तशीलता, राष्ट्रवादी चिन्तन, ऐतिहासिकता, समसामयिकता आदि जस्ता निबन्धहरू लेखेर आफ्नो व्यक्तित्वलाई पहिचान गराउन सफल भएका छन् । उनले विभिन्न सङ्घ-संस्थाबाट सम्मान तथा पुरस्कारहरू प्राप्त गरेका छन् । ढकाल शिक्षक प्रधानाध्यापक, सहित्यकार मात्र नभएर एक कुशल समाजसेवी पनि हुन् । उनले समाजमा देखापरेको विकृति (विसङ्गतिप्रति) विरोध गर्दै समाज सुधारको अपेक्षा राखेका छन् । हालसम्म पनि उनको सामाजिक र साहित्यिक व्यक्तित्वले निरन्तरता पाइरहेको छ । समग्रमा उनको व्यक्तित्वलाई बहुआयमिक मान्न सकिन्छ ।

# तेस्रो परिच्छेद

# केदार शर्मा ढकालको निबन्धात्मक यात्रा र प्रवृत्ति

## ३.१ विषय परिचय

प्रस्तुत परिच्छेदमा केदार शर्मा ढकालको निबन्ध यात्रा, चरण विभाजन र निबन्धात्मक प्रवृत्तिहरूको अध्ययन गरिएको छ ।

## ३.२ निबन्धयात्रा

कविता क्षेत्रबाट नेपाली साहित्यमा प्रवेश गरेका केदार शर्मा ढकालले निबन्धका क्षेत्रमा २०१३ सालबाट कलम चलाउँदै आइरहेका छन् । उनको निबन्धयात्राको थालनी २०४७ सालमा प्रकाशित **बाँच्न गाह्रो भो** निबन्ध सङ्ग्रह भित्रको पहिलो निबन्ध 'जिवाको चक्कू' शीर्षक नामक निबन्धबाट भएको हो । ढकालले यही लेखनलाई सक्रियतापूर्वक अगाडि बढाएका छन् ।

ढकालले विभिन्न प्रयोजनलाई लिई विभिन्न समयमा आफूले अनुभव गरेका, भोगेका यथार्थ घटनाहरूलाई वातावरणीय परिवेश एवम् सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनैतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई चिरफार गर्दै लेखिएका निबन्धहरूलाई सङ्ग्रहित गरेर '**बाँच्न गाह्रो भो**' (२०४७), **जीवन सङ्घर्षको चक्कर ठक्कर** (२०५८), **केही रचना केही सम्झना** (२०६६) गरी जम्मा तीन ओटा निबन्ध सङ्ग्रह प्रकाशित गरेका छन् । ढकालका यी निबन्धहरूमा सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक, साहित्यिक आदि क्षेत्रमा देखिएका विकृति विसङ्गतिहरूलाई देखाउँदै ती क्षेत्रमा सुधारको कामना गरिएको छ ।

## ३.३ चरण विभाजन

वि.सं. २०१३ सालबाट सार्वजनिक निबन्धयात्रा प्रारम्भ गरेका केदार शर्मा ढकालले नेपाली निबन्धयात्रा वर्तमान सम्म आइपुग्दा छ दशक लामो समयवधिमा नेपाली निबन्ध विधाको उन्नति र श्रीवृद्धिमा समर्पित भएको देखिन्छ । उनले छ दशक लामो सार्वजनिक निबन्ध लेखन यात्रामा तीन ओटा निबन्ध सङ्ग्रहहरू प्रकाशन गर्न सफल भएका छन् । उनका केही निबन्धात्मक रचनाहरू सङ्कलन र सङ्ग्रहको अभावमा विभिन्न पत्रपत्रिकामा छापिएर रहेको अवस्थामा छन् । २०१३ सालबाट लेख्न थाले तापनि ढकालले २०४७ सालमा आएरमात्र निबन्धहरूको सँगालो प्रकाशित गर्न सफल भएका छन् । ढकालका अहिले सम्म प्रकाशित तीनओटा निबन्धसङ्ग्रहरूलाई विषयवस्तु र शैलीका आधारमा निम्नलिखित दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ :-

**पहिलो चरण** (२०१३- २०४७) सम्म ।

**दोस्रो चरण** (२०४८- यता)

## १. पहिलो चरण

केदार शर्मा ढकालको पहिलो चरण २०१३ देखि २०४७ सालसम्मलाई मान्न सकिन्छ । यस चरणमा ढकालका निबन्ध सम्बन्धी पुस्तककार कृतिको रूपमा **बाँच्न गाह्रो भो** निबन्ध सङ्ग्रह (२०४७) रहेको छ । यो निबन्धात्मक कृतिमा प्राय ढकालले भोगेका अनुभव गरेका प्रसङ्ग घटना आदिलाई यसै चरणका निबन्धहरूको विषयवस्तु बनाएका छन् । पहिलो चरण ढकालका निबन्धहरूको आभ्यासिक चरण पनि हो । आभ्यासिक चरण हुँदा हुँदै पनि उनका यस चरणका निबन्धहरू समसामयिक युगबोधका प्रवृत्तिले गहन र बौद्धिक बन्न पुगेका छन् । त्यतिखेर समाजमा देखिएका विकृति र विसङ्गतिका क्षेत्रमा नेपाली जनसमाजले भोग्नु परेका पीडा नेपाली समाजका शैक्षिक राजनैतिक आदि क्षेत्रमा देखिएका विकृति विसङ्गतिको यथार्थ चित्रण नै उनका यस चरणका निबन्धहरूको विषयवस्तु रहेका छन् । यी निबन्धहरूमा जति वैचारिकता छ त्यति नै मात्रामा सौन्दर्य शक्ति पनि प्रचुर छ । यिनका निबन्धहरू तत्कालीन समाजको चित्र कोर्न समर्थ छन् । यस चरणका उनका प्राय जसो निबन्धहरूमा विधागत सचेतताको कमी शिल्प शैली र साङ्गठनिक पक्षको कमजोरी, बौद्धिक परिपक्कताको अभाव आदि कमजोरी रहेका छन् । उनले निबन्ध लेखनलाई आजसम्म यस अवस्थामा ल्याई पुऱ्याउने चरण यही भएकाले यस चरणमा प्रकाशित भएका निबन्धात्मक रचनाहरू महत्त्वपूर्ण रहेको देखिन्छ ।

## २. दोस्रो चरण

केदार शर्मा ढकालको निबन्ध यात्राको दोस्रो चरण २०४८ देखि यतालाई मानिएको छ। ढकालको उत्तरार्द्ध चरण छुट्टयाउने मूल आधार निबन्धात्मक रचनाको शैली र नियात्रा वर्णन रहेको छ । यस चरणमा ढकालका दुई ओटा निबन्धात्मक कृतिहरू **जीवन सङ्घर्षको चक्कर ठक्कर** (२०५८) र **केही रचना केही सम्झना** (२०६६) हो । यस चरणमा लेखिएका उनका निबन्धात्मक रचनाहरू पहिलो चरणका रचनाहरूको विषयवस्तु र शैलीभन्दा केही भिन्न विषयवस्तु र शैली रहेका छन् । पहिलो चरणका निबन्धहरूमा प्रायजसो आत्मपरक शैलीमा लेखिएका छन् भने दोस्रो चरणका निबन्धहरूमा निजात्मक शैलीका साथै यात्रा संस्मरणात्मक शैलीको प्रयोग गरिएको छ । यस चरणमा निबन्धहरूमा सामाजिक, राजनैतिक, शैक्षिक, ऐतिहासिक, प्राकृतिक साथै समसामयिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिहरूलाई विषयबस्तु बनाएको पाइन्छ ।

यस चरणमा ढकालले स्वदेश तथा विदेश भ्रमणका समयमा आफूले देखेका भोगेका र अनुभव गरेका विषयवस्तुलाई आत्मसंम्मराणात्मक रूपमा निजात्मक पाराले लेखिएका निबन्धहरूलाई सङ्ग्रहित गरेर निबन्ध सङ्ग्रह प्रकाशित गरेका छन् । यस चरणमा ढकालले सामाजिक, राजनैतिक, ऐतिहासिक, शैक्षिक, समसामयिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिहरूलाई उदाङ्गो पारेर देखाएका छन् ।

समग्रमा भन्नु पर्दा उनको यो छ दशक लामो निबन्धयात्रामा नेपाली निबन्ध विधालाई सङ्ख्यात्मक रूपमा मात्र होइन, गुणात्मक दृष्टिले पनि उत्कर्षता प्रदान गर्न र वर्तमानमा पनि तल्लीन भएर लागिरहेका छन् । उनका निबन्धले वर्तमान समयमा सामाजिक, शैक्षिक, राजनीतिक

आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई खोतल्दै तिनको परिष्कार गर्ने सन्देश बोकेका छन् । उनले आफूले अनुभव गरेका विषयलाई निबन्धमा प्रस्तुत गर्दै हरेक क्षेत्र देखिएका विकृतिहरूप्रति व्याङग्य गदै ती क्षेत्रको सुधारको कामना गरेका छन् । उनका निबन्धहरूको अध्ययनबाट उनी एक सफल निबन्धकारका रूपमा स्थापित भएका छन् ।

## ३.४ केदार शर्मा ढकालका निबन्धगत प्रवृत्तिहरू

केदार शर्मा ढकाल नेपाली साहित्यको निबन्ध विधामा कलम चलाउने दीर्घ साधक हुन् । वि.स. २०१३ सालदेखि निबन्ध विधामा कलम चलाउने गरे तापनि (२०४७) सालमा प्रकाशित **बाँच्न गाह्रो भो**, नामक निबन्ध सङ्ग्रह प्रथम कृतिको रूपमा प्रकाशित भएको पाइन्छ । त्यसपछि वि.सं. (२०५८) सालमा **जीवन सङ्घर्षको चक्कर ठक्कर** र (२०६६) सालमा **केही रचना केही संम्झना** निबन्ध सङ्ग्रहहरू प्रकाशित भएको पाइन्छ । यसर्थ यिनै निबन्धगत रचनाका आधारमा केदार शर्मा ढकालको निबन्धात्मक प्रवृत्तिलाई केलाउन सकिन्छ ।

### ३.४.१. आत्मपरकता

निबन्धकार ढकालका निबन्धत्मक रचनाहरूमा आत्मपरकताको प्रखरता देखिन्छ । निबन्धमा निबन्धकारले विषयवस्तुको स्पर्श मात्र गरेर आफ्ना गुनासा एवंम् अनुभवहरूलाई प्रथम पुरुष शैलीमा प्रस्तुत गरेका छन् । निबन्धकारले यहाँ कुनै पनि कल्पनाको नजिक नपुगि वास्तविक सत्य घटनालाई टिपेर आफ्नो निबन्धमा प्रस्तुत गरेका छन् । बैक्तिगत जीवनमा देखेका, भोगेका, जानेबुझेका, अनुभव गरेका अनुभूतिलाई विषयवस्तु बनाई निबन्धको रचना गर्ने काम उनीबाट भएको छ । ढकालले आफैलाई आफ्ना निबन्धको विषयवस्तु बनाएर आफ्नो जीवनका दुःख, सुख, हाँसो, आँसु, हर्ष र विष्मात आदिको अभिव्यक्ति आफ्नो निबन्धमा अभिव्यक्त गरेका छन् ।

ढकालका निबन्धसङ्ग्रहरूको **बाँच्न गाह्रो भो** निबन्ध सङ्ग्रहमा प्रकाशित निबन्धहरू मध्ये **भोको पेट बढ्दो फेसन** र हिमाल बाहेकका अधिकांश निबन्धहरू आत्मपरक शैलीमा प्रस्तुत गरेका छन् । यसै गरी **जीवन सङघर्षको चक्कर ठक्कर** र **केही रचना केही सम्झना** नाम निबन्ध सङ्ग्रहमा प्रकाशित भएका अधिकांश निबन्धहरू आत्मपरक शैलीका साथै निजी अनुभूतिले विषयवस्तुलाई टिपेर आत्मपरकताको जलप दिएकाले आत्मपरकता यिनको मूलभूत प्रवृत्ति हो ।

### ३.४.२ यथार्थता

निबन्धकार केदार शर्मा ढकालका निबन्ध रचनामा प्रचुर मात्रामा यथार्थता भेटिन्छ । यिनले जीवनमा घट्न सक्ने र घटित हुने घटनालाई यथार्थको घरातलबाट टिपेर प्रस्तुत गरेका छन् । ढकालले कतिपय आफ्नो जीवनसँग सम्बद्ध वास्तविक यथार्थतालाई टिपेर निबन्धत्मक रूपमा प्रस्तुत गरेका छन् । सरल एवंम् सहज भाषशैलीको प्रयोग गर्दै वास्तविक घटनालाई अगाडि सारेर निबन्धको कलेवर निर्माण गर्न सक्ने सामर्थ्य भएकाले पनि यिनलाई यथार्थवादी

निबन्धकार भन्नु पर्ने हुन्छ । यिनका निबन्धहरूमा **पहिलो नम्बरको ठग, बाँच्न गाह्रो भो, भोको पेट वढ्दो फेसन, विवाह, विद्यालयबाट सरुवा हुनुपर्दा, मेरो स्मृतिमा मातृभूमि विद्यालय, त्रिभुवन आदर्श मा.वि.मा काम गर्दाका उत्साहपूर्ण दिनहरू, जेलभित्र केही सयम बस्दाको अनुभव**, लगाएतका निबन्धहरूमा यथार्थताको प्रस्तुति भेटिन्छ ।

यिनका माध्यमबाट निबन्धकार केदार शर्मा ढकालले आज समाजमा विभिन्न कुसंस्कार बढेको र यस संस्कारमा हुर्केका समग्र मानिसले भोग्नु परेको दुर्दशालाई यथार्थ रूपमा प्रस्तुत गरेकाले यथार्थता पनि यिनको अर्को मूलभूत निबन्धात्मक प्रवृत्ति हो ।

### ३.४.३ व्यङ्ग्यात्मकता

केदार शर्मा ढकालका अधिकांश निबन्ध रचनामा व्याङ्ग्यात्मकताको झलक पाइन्छ । आज विज्ञानले गरको उन्नतिप्रति निबन्धकारको आक्रोश छ । आजका मान्छे आफू सुरक्षित हुने बहानामा यन्त्रिक अस्त्र-सस्त्र निर्माण गरेको छ तर अरु माथि प्रहार गर्छ । यदि यही रीत बढ्दै जाने हो भने संसारमा शान्ति सुव्यवस्था कायम हुन सक्दैन भन्ने भाव प्रस्तुत गरेका छन् । त्यसै गरी देशमा केही पुगिसरी आएको छैन तर यहाँको सहरिया फेशन हेर्ने हो भने देश सगरमाथाको शिखरमा पुगिसक्यो भन्दै व्यङ्ग्यात्मक झटारो प्रहार गरेका छन् ।

सहरका आइमाईहरू त घरमा बस्ता सारी चोलो लगाएर पछ्यौरा ओढेर बस्ता रहेछन्, बाहिर निस्कदा भने नाङ्गै भएर हिड्नेहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् (ढकाल, २०४७ : ४१) । त्यस्तै आज समाजमा यौन विकृति बढ्नाको कारण दिँदै निबन्धकारले आइमाईलाई नग्न अवस्था हेर्न सबैले मन पराउने भएकाले होला यस्तो चलन बढ्दै आइरहेको छ । हिम शिखरहरूको आकर्षक प्रदर्शन गर्ने र गोप्य भागहरूलाई उदङ्ग्याउन आजका तरुनीहरूले अधिक आवश्यक ठानेका हुन् कि भन्ने कुरालाई पनि निबन्धकारले प्रष्ट पारेका छन् ।

त्यस्तै समाजमा बढ्दै गएको स्वार्थी भावना प्रति व्यङ्ग्य गर्दै निबन्धकारले स्वार्थी प्रवृत्ति जन्मजात रहेछ भने निस्वर्थीपन आर्जित हो भनेको पाइन्छ । यसैगरी आजका शिक्षित वर्गले वुझेर पनि नवुझेको स्वाङ्ग पार्छन् तर अशिक्षितले केही गर्न सक्दैनन् भन्दै “निदाएकालाई जगाउन सजिलो पर्छ तर स्वाङ्ग पारेर उठ्न नचाहनेलाई जगाउन गाह्रो पर्छ” भनेको देखिन्छ (ढकाल, २०५८ : १) । त्यस्तै गरी अहिलेको वर्तमान राजनैतिक अवस्थाप्रति व्यङ्ग्य भाव प्रस्तुत गर्दै-धेरै शहीद नै थिए । सदासर्वदा ऋणी रहने छौ हामी, ती वीर शहीदप्रति सारा उन्नति विकास अवरुद्ध भएको देशप्रति, आफ्नी प्यारी मातृभूमिको दुर्दशा दुरवस्थालाई देखेर ज्यानको प्रवाह नगरी, सबै नेपालीको कल्याणको निम्ति हाँसी-हाँसी उत्सर्ग गरे आफ्नो प्राणलाई, अमूल्य जीवनलाई, स्वतन्त्रताको बलिवेदीमा । धन्य छन् धन्य धन्य धेरै धेरै ती ज्ञात अज्ञात आत्माहरू (ढकाल, २०६६ : २) । तसर्थ यी उल्लेख्य आधारमा हेर्दा व्यङ्ग्यात्मकता पनि यिनको मूलभूत प्रवृत्ति हो ।

### ३.४.४ चिन्तनशीलता

निबन्धकार केदार शर्मा ढकालका निबन्ध रचनामा पाइने अर्को मूलभूत प्रवृत्ति भनेको चिन्तनशीलता पनि हो । यिनका रचनाहरू मध्ये ‘मृत्युको डर’, ‘सपनाको कुरो’, ‘महाकविलाई

सम्झेर', 'पंचासेको मेलामा सद्मी छर्ने बेलामा', 'आदिकवि भानुभक्त आचार्य', वरिष्ट कवि भूपि शेरचन जस्ता निबन्धात्मक रचनामा यो प्रवृत्ति प्रवल रहेको छ । मान्छे यस धर्तीमा जन्मेपछि केही गर्नु पर्दछ केवल पृथ्वीको भारको भरमा जीवन निरर्थक हुने चिन्ता प्रस्तुत गरेका छन् । यिनले समाज अन्धविश्वासमा अडेको देखेर चिन्तित हुँदै मान्छेको दृष्टिकोण परिष्कृत भए मात्र सभ्य समाजको सिर्जना हुने कुरा बताएका छन् । आजका मान्छे अन्धभक्त बनेर जङ्गलमा खाद्यान्न छर्न पुग्छ बरु त्यसको सट्टामा त्यो अन्न दीनदुःखीलाई बाँडे उद्धार हुने कुराको विश्वास यिनले लिएका छन् । निरीह प्राणीको हत्या गर्नु हुँदैन । निरीह प्राणीलाई देवस्थलमा लगेर चढाउँदैमा देवता खुसी हुने होइनन् । यसर्थ मानिसले सवै जीवलाई समान ठानेर काम गर्नु पर्दछ । त्यसका लागि जनचेतना आवश्यकता हुन्छ र जनचेतना जागृत गर्न प्रगतिशील चिन्तन हुन आवश्यकत छ भन्ने भाव प्रस्तुत गरेका छन् । यसर्थ चिन्तनशीलता यिनको अर्को प्रवृति हो ।

### ३.४.५ राष्ट्रवादी भावना

निबन्धकार केदार शर्मा ढकाल राष्ट्रवादी भावना भएका निबन्धकार हुन् । उनले आफ्ना निबन्धको माध्यमबाट देशभक्ति र राष्ट्रभक्तिको भावना व्यक्त गरेका छन् । उनले आफ्नो निबन्धको माध्यमबाट देशको महिमा, नेपालीको स्वभिमान, वीर अमर शहीदहरूले देशप्रति गरेको बलिदान पूर्ण योगदानलाई कलात्मक धाराले प्रस्तुत गरेका छन् । पाश्चात्य सभ्यता र संस्कृतिले नेपाली सभ्यता र संस्कृति माथि अतिक्रमण गरिरहेको सन्दर्भलाई प्रस्तुत गर्दै देशको महिमा गान गर्ने काम उनले आफ्ना निबन्धका माध्यमबाट गरेका छन् । त्यसैले उनी राष्ट्रवादी र देशभक्त निबन्धकार हुन् ।

### ३.४.६ समसामयिकता

केदार शर्मा ढकालका निबन्ध रचनामा पाइने अर्को प्रमुख प्रवृत्ति समसामयिकता हो । ढकालका केही निबन्ध रचनाहरूमा समसामयिकता प्रचुर मात्रमा भेटिन्छ । ढकालले अहिलेको वर्तमान समयमा देखेका, सुनेका, भोगेका र अनुभव गरेका घटनाहरूलाई समसामयिक धरातलबाट टिपेर प्रस्तुत गरेका छन् । सरल एवंम् सहज भाषाशैलीको प्रयोग गर्दै वर्तमान समाजमा घट्न सक्ने घटनालाई अगाडि सारेर निबन्धको रचना गरेका छन् । **भोको पेट वढ्दो फेसन**, निबन्धात्मक रचनालाई हेर्दा अहिलेको समसामयिक जीवनसँग मेलखाने घटनालाई प्रस्तुत गरेका छन् । त्यस्तै गरी **हटाउनै पर्ने गरिबीको अभिशाप, औषधी भन्दा पथपरहेज राम्रो, महिला र उत्पीडनको प्रश्न, गाउँले शिक्षक भएर ४० वर्ष, नशा धुमपानको दुष्परिणाम** लगाएत अधिकांश निबन्धहरूमा समसामयिकता पाउन सकिन्छ । ढकालको अर्को महत्त्वपूर्ण प्रवृत्ति समसामयिकतालाई लिन सकिन्छ । तसर्थ ढकाल पनि समसामयिकता प्रवृति भएका निबन्धकार हुन् भन्न सकिन्छ ।

यी बाहेक मानवीयता, नैतिक आदर्श, प्रकृति प्रेम, कारुणिकता, प्रगति चेतना जस्ता निबन्धात्मक प्रवृत्ति यिनका निबन्ध रचनामा पाइन्छन् ।

## ३.५ निष्कर्ष

केदार शर्मा ढकाल नेपाली साहित्यका निबन्ध विधामा कलम चलाउने दीर्घ साधन हुन् । उनले **जिवाको चक्कु** नामक निबन्धबाट निबन्धयात्रालाई अघि बढाएका हुन् । ढकालले हाल सम्म तीन ओटा निबन्ध सङ्ग्रहहरू प्रकाशित गरेका छन् । ढकालका अहिले सम्म प्रकाशित निबन्ध सङ्ग्रहहरूलाई विषयवस्तु र शैलीको आधारमा दुई चरणमा विभाजन गरिएको छ । प्रथम चरण निबन्धकारको आभ्यासिक चरण भएतापनि समसामयिक युगबोधका प्रवृत्तिले गहन र बौद्धिक निबन्धहरू लेखेको पाइन्छ । समाजमा देखापरेका विकृति विसङ्गतिका क्षेत्रमा नेपाली जनमानसले भोग्नु परेको पीडालाई निबन्धको विषयवस्तु बनाएका छन् । यिनका निबन्धहरूमा विधागत सचेतनाको कमी, शिल्पशैली र साङ्गठनिक पक्षको कमी, कमजोरी, वौद्धिक परिपक्कताको अभाव आदि कमजोरी रहेका छन् ।

ढकालको निबन्ध यात्राको दोसो चरणमा प्रकाशित निबन्धहरूको विषयवस्तुमा खासै अन्तर नदेखिएकता पनि शैली र नियात्रा वर्णनका आधारमा चरण विभाजन गरिएको छ । यस चरणका निबन्धहरूमा शैलीमा परिस्कृत, विधागत सचेतना र सौन्दर्य पूर्ण रहेको देखिन्छ । भावलाई कलात्मक दिने क्रममा आत्मपरकता, बैयक्तिक भावको सार्वभौमिकता, चिन्तन र भावको समिश्रण विधागत विविधता, व्यङ्ग्यात्मकता आदि यस चरणका मूल प्रवृत्ति रहेका छन् । उनी मुलतः आत्मपरक निबन्धकार हुन् । बैयक्तिक जीवनमा देखेका, भोगेका, जानेवुझेका अनुभव र अनुभूतिलाई विषयवस्तु बनाई निबन्ध रचना गर्ने काम गरेका छन् । उनले आफूलाई आफ्नो निबन्धको विषयवस्तु बनाएर आफ्ना जीवनका दुःख, सुख, हाँसो, आँसु, हर्ष, विस्माद, आदिको अभिव्यक्ति व्यक्त गरेका छन् । उनले आफ्ना निबन्धको माध्यमबाट देशभक्ति र राष्ट्रभक्तिको भावनालाई व्यक्त गरेका छन् ।

विषयवस्तुका दृष्टिले यिनका निबन्धहरूलाई हेर्दा विविधता भेटिन्छ । विषयवस्तु विविध क्षेत्रबाट टिपेर पनि यिनले आफ्ना रचनालाई अनुभूतिले सजाएका प्रस्तुत गरेका छन् । यिनका निबन्धमा व्यक्ति तत्त्वको प्रबलता रहेको स्पष्ट हुन्छ । ढकालका निबन्धत्मक प्रवृत्तिहरूलाई हेर्दा आत्मपरकता यिनको मूलभूत प्रवृत्ति हो । यसका साथै यथार्थता, व्यङ्ग्यात्मकता, चिन्तनशीलता, राष्ट्रवादी भावना, प्रकृतिप्रेम, मानवीयता, समसामयिकता, नैतिक आदर्श, कारुणिकता, निजात्मकता, प्रगति चेतना जस्ता निबन्धात्मक प्रवृत्तिहरू यिनका निबन्धमा पाइन्छ । त्यसैले यिनीलाई एउटा कुशल निबन्धकारको रूपमा लिन सकिन्छ ।

# चौथो परिच्छेद

# केदार शर्मा ढकालका निबन्धात्मक कृतिहरूको विश्लेषण

## ४.१ विषय परिचय

केदार शर्मा ढकालको निबन्ध साधना २०१३ सालको **जिवाको चक्कू**, भन्ने शीर्षकको निबन्धबाट भएको हो । सुरुमा पत्रपत्रिकामा छापिएका उनका निबन्धहरू पछि सङ्ग्रहित रूपमा प्रकाशित भएका छन् । ढकालको **बाँच्न गाह्रो भो** निबन्धसङ्ग्रह (२०४७) प्रथम प्रकाशित कृति हो । त्यसपछि **जीवन सङ्घर्षको चक्कर ठक्कर** (२०५८), **केही रचना केही सम्झना** (२०६६) प्रकाशित भएका छन् । ढकालले विभिन्न प्रयोजनलाई लिएर स्वाभाविक रूपमा आफूले समय समयमा देखेका, भोगेका र अनुभव गरेर विषयवस्तु घटनाहरूको साथसाथै शिक्षण अध्यापन एवम् सामाजिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिहरूलाई मुख्य विषयवस्तु बनाएर उनले निबन्ध रचना गरेका छन् । ढकालका हालसम्म प्रकाशित तीन ओटा निबन्ध सङ्ग्रहहरूको विश्लेषण प्रस्तुत परिच्छेदमा गरिएको छ । प्रत्येक निबन्ध सङ्ग्रहको समग्र विश्लेषणका लागि कृति परिचय, विषयवस्तु, उद्देश्य, भाषाशैली जस्ता उपशीर्षकहरू दिएको छ ।

## ४.२ 'बाँच्न गाह्रो भो' निबन्धसङ्ग्रहका निबन्धहरूको विश्लेषण

### ४.२.१ कृति परिचय

वि.सं. २०४७ सालमा प्रथम पटक ढकाल बन्धु प्रगति प्रकाशन स्याङ्जाबाट **बाँच्न गाह्रो भो**, निबन्धसङ्ग्रह प्रकाशित भएको हो । आकार प्रकारका दृष्टिले सानो देखिने प्रस्तुत सङगहमा सोह्र ओटा निबन्धहरू सङ्ग्रहित छन् । तिनीहरू - 'जिवाको चक्कु', 'मृत्युको डर', 'पहिलो नम्बरको ठग', 'म शाकाहारी मान्छे', 'बाँच्न गाह्रो भो', 'सपनाको कुरो', 'भोको पेट बढ्दो फेसन', 'महाकविलाई सम्झेर', 'चिन्दै शास्ति संम्झना नास्ति', 'भाषा सिक्ने धोको', 'विवाह', 'हिमालय', 'घर बनाउने रहर', ध्याब्रिन पनि मान्छे नै हो', 'धेरै नबोलेकै राम्रो', र 'विद्यालयबाट सरुवा हुनुपर्दा', जस्ता निबन्धहरू सङ्कलित छन् । यो कृतिको आकार सानो र ८८ पृष्ठमा आबद्ध रहेको छ । उक्त कृतिको आवरण पृष्ठमा पहेलो रङ छ । सिरानमा सेतो अक्षरमा कृतिको नाम लेखिएको छ । निबन्धहरू ३ देखि ९ पृष्ठ सम्ममा विस्तारित रहेका छन् । निबन्धहरू पङ्क्ति पुञ्ज विन्यासका दृष्टिले मध्यम किसिमका छन् ।

प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धहरूमा विषयगत विविधता पाइन्छ । यी निबन्धहरू सामाजिक, पौराणिक, आध्यात्मिक, परिवारिक र यथार्थ घटना आदि विषयवस्तुमा आधारित छन् । उनका निबन्धमा सांस्कृत विषयवस्तुको पनि प्रयोग भएको पाइन्छ । यिनका सामाजिक विषयवस्तुमा आधारित निबन्धहरूमा नेपाली सामाजको समाजिक व्यवस्था, रीतिथिति, संस्कार आदिको चर्चा गरेका छन् । मानिसले आफ्नो जीवनमा झेल्नु परेको पेशागत समस्याहरूका बारेमा

पनि यिनका निबन्धमा चर्चा गरिएको छ । ढकालले केही निबन्धहरूमा शैक्षिक सन्दर्भलाई विषयवस्तु बनाई नेपाली शिक्षा प्रणालीको चर्चा गरेका छन् । मानिस सामाजिक प्राणी भएकाले समाजमा प्रगति चाहने र विविध कारणहरूले स्वार्थी बन्ने प्रकृत्तिको चित्रण गरेका छन् । यस सङ्ग्रहका निबन्धहरूमा मानवीय जीवनको उच्च महत्त्वलाई दर्शाइएको छ । समाजको विकास सँग सँगै विकसित भएको विज्ञानले अस्त्रशस्त्रहरूको विकास गरेर आज मानवीय जीवनलाई समेत खतरामा पारेको चर्चा यिनका निबन्धमा छ । यस सङ्ग्रहका केही निबन्धहरू धार्मिक विषयवस्तुमा आधारित छन् । नेपालीहरू विविध धर्मालम्वीहरू भएको र बेलाबखत धर्म परिवर्तन गर्ने प्रवृत्तिको पनि चर्चा यहाँ छ । धार्मिक अवस्थामा सोझ्ना रहेका नेपालीहरूले सपनाको विश्वास गर्ने चर्चा पनि यिनका निबन्धमा छ । नेपालको सहरी क्षेत्रमा बसोवास गर्ने नेपालीहरूमा विदेशी फेसनको प्रभाव परेकोमा देश अनुसारको वेश नभएको व्यङ्ग्य प्रस्तुत सङ्ग्रहका निबन्धमा गरेका छन् । आजको नेपाली समाज विकृति र विसङ्गतिको दलदलमा फसेको विचार पनि प्रस्तुत निबन्धमा आएको छ ।

निबन्ध सङ्ग्रहमा भाषा साहित्य र मानवीय व्यवहारको चर्चा पनि छ । राष्ट्रवादी स्वरले ओतप्रोत प्रस्तुत सङ्ग्रहका निबन्धमा देशका राष्ट्रिय भाषाहरूको उत्थान गर्नु पर्नेमा जोड दिइएको छ । नेपाली भाषालाई उच्च प्राथमिक दिँदै यस भाषालाई विश्वसामु चिनाउनु सम्पूर्ण नेपालीहरूको कर्तव्य भएको विचार पनि प्रस्तुत निबन्धमा व्यक्त गरिएको छ । नेपाली समाजमा विकृति फैलाउने महँगो वैवाहिक परम्पाराको अन्त्य गर्नु पर्ने विचार यस सङ्ग्रहका निबन्धमा छ । विधवा विवाहलाई उच्च प्राथमिकता दिनु पर्ने स्वरहरू पनि निबन्ध सङ्ग्रहमा आएका छन् । यस सङ्ग्रहका निबन्धहरू प्रकृति केन्द्रित भएकाले आधुनिक सहरिया विकृतिमूलक विसङ्गत जीवनबाट वाक्क भएकाहरूलाई प्राकृतिको शरणमा जान अनुरोध गरिएको छ । यस निबन्ध सङ्ग्रहमा धनीहरूप्रति व्यङ्ग्य र गरिब पछौटे हुनुका कारणहरूको पनि चर्चा गरिएको छ । यस सङ्ग्रहका अधिकांश निबन्धहरू निबन्धकार ढकालका वास्तविक जीवन भोगाइसँग सम्बन्धित रहेका छन् ।

## ४.२.२ विषयवस्तु

कृतिमा बाह्य प्रकाशनको सारभूत अंश वा सारतत्त्व तथा आन्तरिक सत्व वा गुदीलाई विषयवस्तु भनिन्छ । यो जुनसुकै कृतिलाई अस्तित्व प्रदान गर्ने प्रमुख तत्त्व हो । वस्तु बिना कृतिको संरचना हुँदैन । यस अन्तर्गत विषयसत्व, आधारभूततत्त्व र यथार्थ पर्दछन् (लुईटेल, २०६२ : २१९) ।

निबन्धकारले आफ्नै भोगाइलाई निबन्धको विषयवस्तु बनाएको हुन्छ । त्यसरी नै केदार शर्मा ढकालले संस्कृति, राजनीति, समाजका समस्याहरू आफूले विभिन्न ठाउँको भ्रमण गर्दाका अनुभवहरू, सभ्यता विभिन्न प्रकारका शैक्षिक व्यक्तित्वको योगदान, राष्ट्रियता शैक्षिक स्थिति तथा संस्मरणात्मक कुरा आदिलाई विषयवस्तुका रूपमा प्रयोग गरेका छन् । उनका निबन्धमा प्रस्तुत गरिएको विषयवस्तुहरूलाई निम्नानुसार अध्ययन गरिएको छ :-

## १. जिवाको चक्कू

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले आफ्ना जिवाले प्रयोग गर्ने चक्कुलाई निबन्धको विषयवस्तु बनाएका छन् । यस निबन्धमा निबन्धकार ढकालले मुख्य गरी दुई कुरालाई लक्षित गरेका छन् । एकतिर अशक्तिलाई बडा अनौठो चिजको संज्ञा दिएका छन् । अर्कोतिर सृष्टिको आदि कालदेखि हातहतियारको भरमा बाँचेको मानिस अद्यावधि त्यसैको सहारामा बाँचेको कुरालाई व्यङ्ग्यात्मक पारामा प्रष्ट्याएका छन् ।

आशक्तिलाई देखाउने क्रममा निबन्धकार ढकालले प्रेममा फसेका युवायुवतीले आफ्नो जीवनलाई सर्वस्व सुम्पे जस्तै स्वयम् आफू सानो छंदा आफ्ना जिवालाई उनका शिष्यले दिएको जर्मनी चक्कु देखेका हुन्छन् । त्यस चक्कुप्रति यिनको आसक्ति बढ्दै गएको हुन्छ । निबन्धकारलाई त्यस चक्कुप्रति आफ्नो  मोह बढेको कुरालाई यस निबन्धमा प्रस्तुत गरेका छन् । जिवा हरेक कुरामा सिपालुभएकाले निबन्धकारले चक्कु फुत्काउन सकेका हुँदैनन्  । एक दिन जिवाको मृत्यु भएको हुन्छ । सबै शोकाकुल देखिएका हुन्छन् भने निबन्धकारलाई त्यो चक्कु हात पार्ने अनुकुल अवसर प्राप्त भएको हुन्छ । यिनले आफ्नो लामो समय देखिको इच्छा त्यसै दिन पूरा गरेका हुन्छन् । आजसम्म म पनि त्यो चक्कू ज्यादै मन पर्ने भएकाले कतै जानु पर्दा साथमा लिएर हिड्ने गरेका छन् ।

आजका मान्छेहरू आफू सुरक्षित रहने बहानामा हातहतियारको उन्नति नै भौतिक उन्नति हो भन्ने सम्भन्छन् । प्रत्येक राष्ट्रले  आफू सुरक्षित हुने वहानामा आणाविक क्षेत्यन्त्रको आविष्कार गरेका छन् । जसले गर्दा संसारमा शान्ति होइन दानवीय भाव बढेको छ भन्ने आक्रोश व्यक्त गरेका छन् । आजका मान्छेले स्वरक्षाको लागि हातहतियार लिएर हिड्ने प्रवृतिको चर्चा गर्दै संसारमा विज्ञान जगत्ले गरेको आविस्कार प्रति आक्रोश पोखेका छन् ।

## २. मृत्युको डर

प्रस्तुत निबन्धमा निबन्धकारले मृत्युलाई नै निबन्धको विषयवस्तु बनाएका छन् । मृत्यु आवश्यम्भावी छ  तर पनि आजका मान्छे मृत्यु देखि डराएर परपर भाग्न चाहेको कुरालाई यस निबन्धमा व्यक्त गरेका छन् । यस निबन्धमा ढकालले जीवन एक पानीको थोपा हो । यो जति बेला पनि फुट्न सक्छ भन्ने कुरालाई स्पष्ट पार्न आजका मान्छेहरू सहज रूपमा मर्न पाइरहेका छैनन् । विज्ञान जगतले गरेको आविष्कारले आजका मान्छे कति बेला मर्ने हुन् भन्ने चिन्ता व्यक्त गरेका छन् । आजको विज्ञानले धेरै जसो दुर्घटनालाई निम्त्याएको छ । सुरक्षित रहन त पैदल हिड्नु पर्छ भन्ने कुरालाई अभिव्यक्त गरेका छन् । एकातिर विज्ञानले गरेको आविष्कारका कारण अनगिन्ती रोग र समाधान पत्ता लगाइयो तर एउटा डाक्टरको अभावमा हजारौं रोगीहरूले ज्यान गुमाउनु परेको छ । विज्ञानले जति उन्नति गरे पनि मान्छेलाई अजम्बरी बनाउन सकेको छैन । अश्यम्भावी मृत्युलाई बुझेका निबन्धकारले जीवन सार्थकका लागि देश र समाजको कल्याण हुने काम गरेर मर्नु पर्दछ भन्ने कुरालाई प्रस्तुत निबन्धमा उतारेका छन् । मानिस पृथ्वीमा जन्मेपछि केवल पृथ्वीको भार मात्र भएर होइन देश र समाजको कल्याणका लागि सबैले केही न केही गरेमा जीवन सार्थक हुनेछ भन्ने कुरालाई यस निबन्धमार्फत प्रष्ट पारेका छन् ।

### ३. पहिला नम्बरको ठग

निबन्धमा निबन्धकारले एउटा ठगले गरेको ठगीलाई निबन्धको विषयवस्तु बनाएका छन् । निबन्धकारले यस निबन्धका माध्यमबाट आज समाजमा ठगी प्रवृत्ति बढ्दै गएको छ । जस्तै चतुर व्यक्ति पनि ठगका सामु उसको केही सामर्थ्य नहुने कुरालाई दर्साएका छन् । ठगहरूले केही गएर ठग्नु पर्‍यो भने त्यहाँको गतिविधि बुझेर ठग्ने गर्दछन् । तसर्थ आजका मान्छेले सबै कुरामा विश्वास गरेर होइन कहिले काँही अक्कल ले पनि काम गर्नु पर्छ भन्ने कुराको संकेत गरेका छन् । यस निबन्धमा निबन्धकारले यहाँ ठगी कार्यमा लाग्ने मध्येका एक जना ठगले बजारमा गई जीरा मसला र अन्य खिर्चिमिर्चि किनेर छोराको अभिनय गरी गाउँले वुढीलाई ठगेको, मितिनी आमाको साइनो लगाई पल्लो गाउँमा विहे गर्ने निहुँले १७ तोला सुन कुम्ल्याएको अनि २०।२२ वर्ष पछि परदेशबाट घर आएको छोरो बनेर आमालाई छक्याएको र बुहारीलाई स्वास्नी बनाई दुई महिनासम्म राखेको यथार्थलाई अभिव्यक्त गरेका छन् । त्यस्तै आफ्ना घरमा भाइको नक्कली खबर लिएर आउनेले तीनसय रूपैयाँ लगाएत आफ्नो स्वीटर गुमाउनु परेको कुरालाई निबन्धकारले मुख्य विषयवस्तु वनाएका छन् । संसारमा ठगी कार्य गरेर आफ्नो जीवीकोपार्जन गर्ने व्यक्तिहरू थरिथरिका हुन्छन् । हामी तिनीहरू देखि सचेत भएनौ भने ठूलो कष्ट भोग्नु पर्ने हुन्छ भन्ने कुरालाई यस निबन्ध मार्फत प्रष्ट पारेका छन् ।

### ४. म शाकाहारी मान्छे

निबन्धमा निबन्धकारले आज संसारमा बढ्दै गएको हिसात्मक प्रवृत्तिको संकेत गर्दै सके सम्म निरिह प्राणीलाई पनि बाँच्न दिनु पर्दछ । आजका मान्छेहरू बढी मांसाहारी बनेर आफूलाई निकै वुज्रुक सम्झेका छन् । समाजमा यस्तो मान्छेको कुनै अस्तित्व रहेको छैन । मांसाहारी भनेको त अप्राकृतिकता हो भन्ने तर्क प्रस्तुत गरेका छन् । निबन्धकारले आफू सानो छँदा माछा, मासु नखाने तर फुल अण्डा खाने भएकाले कतै अण्डाकारी त भइने होइन भन्ने प्रश्न पनि गरेको पाइन्छ । आज जुन सुकै समाजमा भोज भतेर गर्दा बढी मासुको प्रयोग गरेको पाइन्छ । यदी कसैले मासु विनाको भोज गर्‍यो भने उसको समाजमा गतिलो मूल्याङ्कन हुदैन भन्दै यो तडक भडक गर्ने माथि आक्रोश व्यक्त गरेका छन् । मानिसले आफ्नो स्वास्थ्यमा निकै ख्याल गर्नु पर्छ । त्यसका लागि शाकाहारी हुनुपर्छ । त्यसो भएमा मनिस सय वर्षसम्म बाँच्न सक्ने विश्वास निबन्धकारले गरेका छन् । आजका मान्छे केही धार्मिक कारणले गर्दा शाकाहारी भएको वुझिन्छ । निबन्धकार यस्तो धार्मिक कारणले नभइ स्वास्थ्यका कारणले साकाहारी बनेको पाइन्छ । आजका सबै मांसाहारी मानिसले निरिह प्राणीको हत्या गर्न नलागी शाकाहारी बनेमा आफू पनि स्वास्थ्य रहने र अन्य प्राणीको पनि ज्यान बचाउन सकिने कुरालाई यस निबन्धका माध्यमबाट प्रस्तुत गरेका छन् । यसरी यस निबन्धमा निबन्धकारले मांसाहारी बनेर निरिह प्राणीको हत्या गर्नु भन्दा शाहाकारी बनेर जीवन बिताउनु उतम् हुन्छ भन्ने कुरालाई निबन्धको विषयवस्तु बनाएका छन् ।

### ५. बाँच्न गाह्रो भो

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले एक जना शिक्षकको दिनचर्या अवस्थालाई मुख्य विषयवस्तु बनाई बाँच्न गाह्रो भो भन्ने शीर्षक यसै निबन्धको आधारमा राखेका छन् । यस

निबन्धमा आजका प्राणीले म खाऊँ मै लाउँ सुख सयल वा मोज म गरुँ भन्ने भाव बोकेका छन् । जन्मजात स्वार्थ प्रवृत्ति बोकेका आजका मान्छे सामु सद्व्यवहार गर्ने व्यक्ति पछि पर्नु परेको गुनासो यस निबन्धमा देखिन्छ । आजको जमना नै उल्टो छ किनभने माया, दया, प्रेम र उदारताका विपरीत काम क्रोध, इर्ष्या, स्वार्थी भाव अगाडि बढेकाले निमुखाको कुनै औचित्य छैन । आजको मान्छे चतुर बन्न सकेन भने उसको जीवन व्याथैमा डुब्न सक्ने सन्दर्भलाई प्रष्ट्याउन खोजेका छन् । एक जना शिक्षक जो आफ्नो सत्मार्गलाई अप्नाएर हिडेको हुन्छ । त्यो शिक्षकलाई आफ्नो मासिक तलबले जहान केटाकेटीको जीवन गुजारा गर्न धौ-धौ परेको छ । अर्को तिर हाकिम, इन्जिनियर र डाक्टरले छोरा छोरीका लागि पैसाको खोलो बगाएका छन् । तिनीहरूका छोराछोरीको भविष्य उज्ज्वल रहेको छ । तर शिक्षकले के को सामर्थ्यले पैसा बगाउने भन्दै निबन्धकारले पुरानो सत्य डग्दैन र असत्य टिक्दैन भन्ने उखानको विपरीत काम भएको भन्ने कुरालाई अभिव्यक्त गरेका छन् । यस निबन्धमा निबन्धकारले आजका कयौं मान्छे विभिन्न दुष्कर्मका चपेटामा बाँच्नु परेको देखेर त्यस परिस्थितिलाई खपेर बाँच्नु भन्दा त एकमुठी सास उडाइ दिन वेश भन्ने सम्झेका छन् । यिनले यहाँ सबैलाई बाँच्ने मन हुँदा हुँदै पनि सांसारिक परिस्थितिका कारण मृत्युको मुखमा पुगेको हुन्छ भन्ने कुरालाई यस निबन्ध मार्फत प्रष्ट पारेका छन् । आज विज्ञान जगत्ले निकै उन्नति प्रगति गरको छ । तर त्यसको परिणाम भनेको जीवनको वरवादी भनेका छन् । आज जुनसुकै राष्ट्र वा मानिसले आफ्नो सुरक्षाको बहानामा यन्त्रिक अस्त्र तयार गरिरहको छ । त्यसलाई परिचालन गरेमा कुनै दिन पृथ्वी नै खरानी हुनेछ । जतिबेला सम्म मान्छे बाँच्छ त्यति बेला सम्म ऊ सुरक्षित भएको महसुस गर्छ, तर पछि के हुन्छ भन्नै नसक्ने कुराको सङ्केत यस निबन्धमा गरेका छन् ।

### ६. सपनाको कुरो

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले सपना देख्ने कुरालाई निबन्धको मुख्य विषयवस्तु बनाएका छन् । यस निबन्धमा निबन्धकारले मनोबैज्ञानिक ढङ्गबाट मानिसको दृष्टिकोणलाई प्रष्ट पार्ने काम गरेका छन् । धार्मिक विश्वास लिने नेपालीहरूले सपनाको कुरामा विश्वास लिएता पनि निबन्धकार यस कुरामा विरोधी देखिएका छन् । ढकालले निद्रा लाग्नु, सपना देख्नु राम्रो कुरा हो । जब मानिसलाई निद्रा पर्छ तब उसको शरीर स्वास्थ्य रहेको हुन्छ भन्ने कुरामा विश्वास लिएका छन् । यहाँ मान्छेले अन्धविश्वासलाई त्यागेर बौद्धिक क्षमतालाई बढाउनु पर्ने कुरामा जोड दिएका छन् । यिनले चलचित्रको रील र सपनालाई समानताको दृष्टिले हेरेका छन् । मान्छेको उमेरले गर्दा पनि सपनामा फरक आएको हुन्छ । तसर्थ विश्वास एवम् धारणाको विकास भएमा सत्य कुरा पत्ता लगाउन सकिन्छ । आजका मान्छेले सपनाको कुरा बोकेर अनावस्यक रूपमा समय खेर फालेका छन् । त्यसैले सपनाको कुरामा विश्वास नलिइ स्वच्छ मनस्थितिका लागि सरसफाइमा ध्यान पुऱ्याउनु पर्दछ । स्वस्थ बनेर नयाँ धारणा लिई अगाडि बढ्नु पर्छ भन्ने अभिव्यक्ति यस निबन्ध मार्फत व्यक्त गरेका छन् ।

### ७. भोको पेट बढ्दो फेसन

प्रस्तुत निबन्धमा निबन्धकारले नेपाली समाजमा देखा परेका समसामयिक विकृति माथि व्यङ्ग्यात्मक झटारो प्रहार गरेका छन् । यहाँ एकातिर नेपालीको आर्थिक अवस्था निकै दननीय

छ । भोको पेट लिएर हिड्नु पर्ने देखिन्छ । अर्कोतिर त्यस कुरालाई पन्छाएर विदेशीहरूको नक्कल गरी नक्कली फेशन तर्फ आकर्षित हुने नरनारीहरूको प्रसङ्गलाई मुख्य विषयवस्तु बनाई भोको पेट बढ्दो फेसन नामक शीर्षक दिइएका छन् । नेपालीहरू धेरै जसो कुरामा परिवर्तनशील देखिन्छन् । धर्म परिवर्तन, भेष भूषा परिवर्तन, आजका नेपालीको अनिवार्य तत्व हो भन्दै तिखो व्यङ्ग्य प्रस्तुत गरेको पाइन्छ । काठमाण्डौंको नयाँ सडकमा देखिने नयाँ फेसनलाई सङ्केत गर्दै भित्री रूपमा नेपालीहरू आर्थिक विपन्नतामा बाँच्नु परेको भए तापनि वाहिर हेर्दा त नेपालीहरू सम्पन्नताको शिखर पुगेको कुरालाई व्याङ्ग्यात्मक रुपमा प्रस्तुत गरिएको छ । घरमा आधा पेट खाएर पनि चाउरी परेको अनुहारमा नक्कल झक्कल पारी फेशनको लागि प्रसस्त खर्च गर्ने नेपाली प्रवृत्तिको विरोध गरेका छन् । घरमा बस्दा साडी चोलो लगाएर बस्ने नारीहरू पुष माघको जाडोमा सहर निस्कदा आफ्ना हिम शिखरका साथै गोप्याङ्ग प्रदर्शन गर्ने क्रममा प्रायः अर्धनग्न अवस्थामा निस्कन्छन् भन्दै निबन्धकारले यस्ता नारीहरूले नेपाली सभ्यतालाई नै निमिट्यान्न पार्ने त होइन् भन्ने चिन्ता व्यक्त गरेको पाइन्छ । अर्कोतिर  निबन्धकारले नारीको जीवनलाई दुई दिन फूल्ने फूलसँग तुलना गरको देखिन्छ । छोटो समयमा इच्छा पूर्ति गर्ने कुरामा पछि नपरेर यो गर्न पुगेका हुन् कि भन्दै नेपाली नारीहरू बौद्धिक उन्नति भन्दा फेशनप्रति प्रतिस्पर्धा गर्ने गरेको कुरालाई प्रकाश परिएको छ । निबन्धमा निबन्धकारले सामान्य हैसियत भएका नेपाली नरनारीले आधा पेट खाएर पनि अरुको नजरमा नेपालीहरू निकै सम्पन्नशील रहेछन् कि भन्ने कुरालाई व्यङ्ग्यात्मक पारामा प्रस्तुत गरेका छन् । मानिस युगानुकुल परिवर्तन हुनु पर्दछ अनावश्यक नक्कल भने होइन भन्ने सन्देश यस निबन्ध मार्फत दिन खोजेका छन् ।

### ८. महाकविलाई सम्झेर

ढकालले यस निबन्धमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको पोखरा भ्रमणको सिलसिलामा गरिएका कार्यक्रमहरूलाई मूल विषय बनाई प्रस्तुत निबन्ध रचना गरेका हुन् । डा. के आई सिंहको पालामा महाकवि देवकोटा पनि उनीसँगै पोखरा आएको कुरालाई चर्चा गरेका छन् । त्यतिबेला सञ्चालन गरिएका विभिन्न साहित्यिक समारोहमा देवकोटाले भाग लिदैं पोखरेली साहित्यप्रेमीहरूलाई प्रेरणा दिई उनीहरूले जिज्ञासा मेटाइ दिएको अभिव्यक्ति प्रस्तुत गरेका छन् । त्यस्तै आफ्ना केही कविता बाचन गरेर सुनाइदिएकाले उनको लोकप्रियता बढेको कुरालाई निबन्धकारले व्यक्त गरेका छन् । त्यसैबेला पोखरेली साहित्य प्रेमीहरूले देवकोटालाई अभिनन्दन गरेका र त्यस समारोहमा स्वयम् निबन्धकारले पनि अभिनन्दन कविता वाचन गरेका थिए । ढकालले साहित्यको क्षेत्रमा देवकोटा जस्तो महापुरुष अन्य नभएको चर्चा गदै उनलाई एक लौकिक महापुरुष र उनका कृतिहरूलाई अमूल्य निधिका रूपमा लिएका छन् । नेपाली जगत्मा अविस्मरणीय योगदान पुऱ्याउने देवकोटाको जीवन दुःखै दुःखमा बितेको र अकालमा मृत्यु भएको प्रसङ्गलाई अघि सार्दै देवकोटा जस्तो महान साहित्यकारलाई नेपालीहरूले केही गर्न नसकेको कुरालाई निबन्धकारले बताएका छन् । हाम्रा लागि त देवकोटाले नेपालमा जन्म लिनु सौभाग्यको कुरा हो । त्यसबेला नेपालीहरूले देवकोटालाई राम्ररी चिन्न नसकेको कुरालाई प्रष्ट्याउदैं एक विदेशी विद्धान डा. मिलरको भनाइलाई ल्याएका छन् । उनले भनेका थिए 'नेपालीहरूले देवकोटालाई चिन्न सकेका छैनन् दुई सय वर्ष पछिका नेपालीहरूले देवकोटालाई चिन्न सक्लान उनको जीवन दुखै दुःखमा बित्यो नेपालीले उनको निम्ती केही गर्न सकेनन् ।' देवकोटाले नेपाली

साहित्यमा पुऱ्याएको योगदानलाई मूल्याङ्कन गर्न नमिल्ने र कसैले उनको कृतिलाई दोषरोपण गर्छ भने त्यो सामर्थ्यहीन व्यक्ति हो । देवकोटाले लेखेजतिका कृति अझै प्रकाशनमा नआएमा त्यसको खोजी नीति गर्नु पर्दछ । देवकोटाले नेपाली साहित्यमा दिएको योगदानलाई कहिलै विर्सन नहुने कुरालाई यस निबन्ध मार्फत देखाएका छन् ।

## ९. चिन्दै शास्ति सम्झना नास्ति

निबन्धमा निबन्धकारले आफ्नो यात्राको क्रममा भेट हुने मानिस र तिनीहरूको गतिविधिलाई विषयवस्तु बनाएका छन् । यस निबन्धमा निबन्धकार विद्यालयमा प्रधानाध्यापक भएको बेला आँधीखोलाको किनारै किनार आउने जाने गर्दा सयौं मानिससँग अभिवादन गर्ने गरेको र तिनीहरू मध्ये कसैलाई मात्र आफूले चिन्न सकेको कुरालाई चर्चा गरेका छन् । आफ्नो कम बोल्ने बानीले गर्दा अरुले चिने पनि आफूले चिन्न नसक्दा ए कताबाट भन्ने शब्दबाट काम चलाउनु परेको अभिव्यक्ति प्रस्तुत गरेका छन् । धेरै बोलेर मात्रै ठूलो मान्छे हुने होइन कम बोल्नु पर्छ । कसैले कसैलाई विर्सनु भने हुँदैन । कसै कसैमा यो भूल्ने बानी हुन्छ । यस बानीले गर्दा जीवनमा दुःख भोग्न सकिन्छ भन्ने कुरालाई प्रस्तुत निबन्धमा व्यक्त गरेका छन् ।

## १०. भाषा सिक्ने धोको

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले प्रत्येक व्यक्तिका लागि भाषा अपरिहार्य भएकाले भाषा सिक्ने धोको सबैमा हुनुपर्दछ । पाँच छ ओटा भाषा सबै व्यक्तिले जानेको हुनुपर्दछ । कुनै पनि व्यक्तिले एउटा मात्र भाषा सिकेर आफ्नो समग्र जीवन यापन गर्न गाह्रो पर्दछ । यसर्थ मानिसले सानैदेखि विभिन्न भाषा सिकेमा कही कतै जाँदा अन्यौलमा पर्नु पर्दैन । जुन देशमा गयो त्यसै देशका मानिसहरूसँग सुमधुर सम्बन्ध कायम गर्न सकिन्छ । यसरी सबै मानिसमा सम्बन्ध गाँस्न सक्यो भने उसको व्यक्तित्वको पनि विकास हुन सक्छ । त्यस्तै विभिन्न भाषामा लेखिएका साहित्यिक रचनाहरू त्यही भाषामा पढ्न सक्ने सामार्थ्य भएमा साहित्यिक रसास्वादन त्यो भन्दा मिठो अरु केही हुँदैन भन्दै मानिसले ५।६ ओटा भाषा सिक्नु पर्दछ भन्ने सन्देश यस निबन्ध मार्फत प्रस्तुत गरेका छन् । निबन्धकार ढकालले आजको यस बैज्ञानिक युगमा एक अध्ययनशील विद्यार्थीले विज्ञान दर्शन र साहित्य सम्बन्धी ज्ञान प्राप्त गर्न थाल्यो भने उसले नै संसारमा आफ्नो नाम चम्काउन सक्ने छ । सबैमा आफ्नो व्यक्तित्व विकास गर्न र साहित्यिक रसास्वादनका लागि धेरै भाषाको ज्ञान हुनु पर्दछ । त्यसैले भाषा सिक्ने धोको सबैमा हुनु पर्दछ भन्ने नै यस निबन्धको मुख्य विषयवस्तु रहेको छ ।

## ११. विवाह

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले बाल विवाह, प्रेम विवाह, विधवा विवाहको प्रसङ्गलाई अगाडि सार्दै वर्तमान समाजमा देखिएका विकृति विसङ्गतिहरूलाई निबन्धको विषयवस्तु बनाएका छन् । ढकालले विवाहलाई मानिसका जीवनमा अनिवार्य र अकाट्य कुराको रूपमा लिई स्त्री पुरुषको मिलन एक साथ बसेर जीवन बिताउने स्वीकृति विवाह हो । यो विवाह एक जोडी भन्दा बढीको बीचमा हुनु हुँदैन । दाम्पत्य जीवन एक अनिवार्य कुरा हो भन्दै हिन्दु

धर्मले वैवाहिक सम्वन्धलाई पवित्र बन्धन ठानेको कुरालाई प्रष्ट पारेका छन् । उमेर पुगेपछि मान्छेमा यौन आकाङ्क्षा बढ्दै गएको हुन्छ, यो प्राकृतिक नियम हो, यदि कसैले त्यसलाई तोड्न चाहन्छ भने त्यसबाट दुष्परिमाण निस्कन्छ भन्दै ब्रह्माचर्य रहनेलाई प्राकृतिक नियमको विरोधी सम्झेका छन् । प्राचीन समयमा केटाकेटीका लागि बुबा आमाले चाँजो मिलाइ दिन्थे । हालसम्म पनि यो प्रचलन कायमै छ । यसले गर्दा केटाकेटीको मनमिले नमिलेको थाहा हुँदैन । त्यसको परिणाम तिनीहरूको सम्वन्ध विच्छेद हुन सक्छ । त्यसैले त्यस प्रथालाई हटाएर प्रेम विवाहलाई प्राथमिकता दिनुपर्छ भन्दै आफूले जाने बुझेको केटा या केटीसँग विवाह भएमा सुमधुर सम्वन्ध कायम हुन सक्छ । आवेगमा आएर विवाह गऱ्यो भने त्यो विवाह सफल हुन सक्दैन भन्ने कुरालाई अभिव्यक्त गरेका छन् । आजका बुबाआमाले विवाहमा अनावश्यक खर्च नगरी छोराछोरीको विवाह इच्छानुसार गर्न दिएमा राम्रो हुन्छ । हाम्रो जस्तो गरिवी मुलुकमा यो दाइजो प्रथाले निकै सताएको छ । केटाकेटी मिलेर आफ्नो बैवाहिक सम्वन्ध कायम गरे, दाइजोको शान देखाउन खोजे सामन्ती प्रवृत्तिको अन्त्य हुने कुरामा विश्वास लिएका छन् ।

## १२. हिमालय

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले हिमालय पर्वतलाई विषयवस्तु बनाई हिमालय पर्वतलाई अनन्त, अपार र अमूल्य निधिका रूपमा लिएका छन् । यसको महिमा गाउन कवि कलाकारहरू सिपालु हुन्छन् । त्यसैले प्राचीन कालका कविहरूदेखि हालसम्मका कविहरूले पनि हिमालयको महिमा गाएको कुरा प्रस्तुत गरेका छन् । कालिदासले कुमार सम्भव र रघुवंश महाकाव्यामा हिमालयको वर्णन गरेका छन् । महाकवि भारविले पनि आफ्ना कृतिमा हिमालयको प्रसङ्गलाई ल्याएको पाइन्छ । त्यसैगरी हिमालय देवस्थल हो । भगवान् शिवजी यही बस्छन् । अर्जुनले पशुपालास्त्र प्राप्त गर्न त्यही तपस्या गरेका थिए भन्दै सबैको आकर्षक स्थल नै हिमालय हो भन्ने कुरा प्रस्तुत गरेका छन् । आजको यस यान्त्रिक युगमा हिमालयको छहारी आनन्ददायक हुने प्राचीन आर्य जातिहरूको तपोवन स्थल, पवित्र गंगाको मुहान, हिन्दुहरूको लागि पवित्र रहेछन् भन्दै देशभक्तिको महिमा गान गराएका छन् । अनन्त रत्नहरूको खानी, प्राकृतिक सौन्दर्यताले भरिपूर्ण भएको हिमालयको एक पटक मात्रै दर्शन गरे पनि सम्पूर्ण पाप कटानी हुन्छ । सकेसम्म दिनदिनै यसको दर्शन गर्न पाइने ठाउँमा घर बनाएर सन्तोषका साथ बस्नु पर्ने कुरालाई विषयवस्तु बनाएका छन् ।

## १३. घर बनाउने रहर

निबन्धमा निबन्धकार ढकालले नेपाली पहाडी समाज र त्यस समाजमा बस्ने मानिसले बाँच्नका लागि गर्नुपर्ने सङ्घर्षलाई निबन्धको मुख्य विषयबस्तु बनाई आकर्षक तारिकाले प्रस्तुत गरेका छन् । नेपालको तराई क्षेत्रमा परिवारको सङ्ख्या जति ठूलो भए पनि असर नपर्ने तर पहाडमा भने ठूलो परिवार हुन साथ महिलाहरूको हठका कारण छुट्टिनु पर्ने अवस्थाको चित्रण गरेका छन् । मानिसका न्यूनतम आधारभूत आवश्यकता मध्ये बास अथवा घर पनि हो । परिवारबाट छुट्टिन साथ उसलाई घरको आवश्यकता परेको हुन्छ । जब घर बनाउनु पर्छ भने आफूले योग्य घर बनाउने रहर जसमा पनि आएको हुन्छ । अनि त्यसै अनुरूपको अन्य आवश्यक

वस्तु जुटाउँछु भन्दा भन्दै समय गुज्रेको हुन्छ भन्ने कुरालाई बढो संवेदनशील तरिकाले वर्णन गरेका छन् । निबन्धकारले यस निबन्धमा आफू १३ वर्षको हुँदा बैवाहिक सम्वन्धमा गाँसिएको र घरमा ठूलो परिवार भएकाले श्रीमतीको छुट्टिने आग्रहलाई मौन सहमति दिएर त्यसै अनुरूप छुट्टिएर बसेका हुन्छन् । त्यसपछि घर बनाएर बस्नका लागि गरेको लगानी र आफैले बनाएर बसेको घरमा गृहस्थी जीवन बिताएका कुरालाई यस निबन्धमा प्रस्तुत गरेका छन् । नेपालका पहाडी भेगमा बसोवास गर्ने समग्र नेपालीहरू सानो परिवारमा बस्न सके आफ्ना न्यूनतम आधारभूत आवश्यकता पुरा गर्न सकेका हुन्छन् । ऋण धन गरेर भए पनि आफूले चाहे अनुरूपको गृहस्थी जीवन सञ्चालन गरेर सुख र सन्तोषका साथ बाँच्न चाहेका हुन्छन् । यसका लागि उनीहरूको घर बनाउने रहर हुन्छ भन्नु नै यस निबन्धको विषयवस्तु हो ।

## १४. ध्याब्रिन पनि मान्छे नै हो

प्रस्तुत निबन्धमा ढकालले आफू शिक्षक हड्तालका क्रममा जेल परेको र त्यस जेलमा देखेका र आफूले भोगेका समस्यालाई निबन्धको मुख्य विषयवस्तु बनाएका छन् । ढकालले कुनै पनि मानिस एउटा लतमा परे पछि उसलाई त्यसबाट उम्कन गाह्रो परेको हुन्छ । यस्ता कुलतमा लाग्नेलाई शारीरिक यतना नदिई मानसिक परिवर्तन गर्न सकेमा तिनीहरू सुध्रन सक्छन् भन्ने अभिव्यक्ति यस निबन्ध मार्फत प्रस्तुत गरेका छन् । निबन्धकार ढकाल जेलमा परेको बेला त्यहाँ एक जना ध्याब्रिनलाई देखेका हुन्छन् । ऊ त्यहाँ साह्रै सज्जन देखिए तापनि जेलबाट छुटेपछि फेरी चोरी कार्यमा लाग्ने कुरा ल्याउदै प्रहरीले त्यस्ता कैदीलाई यतना दिने हैन, उसलाई सम्झाएर पठाउने हो, भने त्यस ध्याब्रिन जस्ता मानिस पनि सुध्रन छन् भन्ने कुरालाई यस निबन्धमा प्रस्तुत गरेका छन् ।

## १५. धेरै नबोलेकै राम्रो

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले कुनै पनि व्यक्ति धेरै बोल्नु भन्दा कम बोल्नु, अनावश्यक कुरा नवोली सुनेरै बस्नु राम्रो हुन्छ, भन्ने कुरालाई निबन्धको विषयवस्तु बनाएका छन् । यस निबन्धमा निबन्धकारले सङ्केत गरे अनुरूप आज नेपालमा कयौं मानिसहरूले घरमा स्वास्नीलाई काममा लगाएर आफू पसलमा गफ चुट्ने गरेका छन् । समयको बरवाद गरेका छन् । धेरै वोल्नु भनेको पछौटेपनको लक्षण हो । यसर्थ कम बोलेर समयको सदुपयोग गर्नु नै आजको आवश्यकता हो । आफु विद्यालयका प्रधानाध्यापक भएकाले आफ्नो समयमा यिनले यसरी कच्कच् गरेको पाइदैन । यिनका अनुसार सबैलाई कामको वर्गीकरण गरिदिने, आवश्यक निर्देशन दिने, कहिले काही काम भए नभएको छट्के निरीक्षण गर्ने र केही त्रुटी देखिएमा सानो सङ्केत गरी दिँदामा सुध्रन सक्छन् भनेका छन् । खुबी नभएका र नेतृत्वका भोकाहरूले नै प्रचारलाई अस्त्र बनाउँछन् । अङ्ग्रेज, चिनियाँ जस्तै चहिने मात्रा कुरा गर्ने, नचाहिएका कुरा फलाकेर समयको बरबाद नगर्ने र विकासका लागि मान्यता चाहिन्छ । बोल्नु भन्दा सुन्नु नै राम्रो भन्नका लागि “मुख एउटा मात्र छ र कान दुई ओटा हुनुको मतलब थोरै बोल्नु पर्छ र धेरै सुन्नु पर्छ अनि मात्र व्यत्तिगत एवम् राष्ट्रगत भावनाको विकास हुन्छ भन्ने अभिव्यक्ति प्रस्तुत निबन्ध मार्फत व्यक्त गरेका छन् ।

### १६. विद्यालयबाट सरुवा हुनु पर्दा

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले आफ्नो वैयक्तिक जीवनसँग घटेका घटित घटनालाई निबन्धको मुख्य विषयवस्तु बनाएका छन् । जीवनको झण्डै आधा समय शिक्षण पेशामा सङ्लग्न भएका निबन्धकारले आफ्नो जिल्लाको सदरमुकाम स्थित त्रिभुवन आदर्श मा.वि.मा तत्कालीन रात्री पाठशाला र मिडिल स्कुलको स्थापना कार्यमा ठूलो सहयोग पुऱ्याएका थिए । त्यस विद्यालयको स्थापना देखि भौतिक सामानको जोरजाम र अन्य काम गरी एक संस्थापकको रूपमा रहेका थियो । यिनको त्यस विद्यालय प्रतिको योगदानलाई बिर्सेर तत्काल (२०३६) सालतिर शिक्षक हड्तालको नेतृत्व गरेको आरोपमा पञ्चायतका हिमायतीहरूले यिनलाई त्यहाँबाट सरुवा गरेका थिए । त्यसरी जीवन भर समर्पित भएको विद्यालयबाट सरुवा हुनु पर्दा आफूलाई पीडा परेको राय प्रस्तुत गरेका छन् । त्यस समाजले यिनको विदाईमा दुःख मनाएको स्थितिलाई आकर्षक रूपमा प्रस्तुत गरेका छन् । निबन्धकार ढकालले यस निबन्धमा मानिसले गरेका कामको यथोचित मूल्याङ्कन हुनुपर्दछ । उसको श्रमप्रतिको योगदानलाई बिर्सेर कुष्ठित पार्ने काम भयो भने उसलाई असर पर्दछ । त्यसर्थ सही रूपमा कामको मूल्याङ्कन त कुनै प्रशासकले होइन जनताले नै गरेको हुन्छ भन्ने कुरालाई मुख्य विषयवस्तु बनाएका छन् ।

## ४.२.३. उद्देश्य

बाँच्न गाह्रो भो निबन्ध सङ्ग्रह (२०४७) मा केदार शर्मा ढकालले विभिन्न उद्देश्यहरू राखेर निबन्धको रचना गरेका छन् ती उद्देश्यहरूमा जिवाको चक्कु, मान्छे मृत्यु देखि डराउनु, विभिन्न ठगी कार्य गर्नु, मांशाहारी भएर होइन शाकाहारी भएर जीवन बिताउनु पर्दछ । मान्छे बाँच्नको लागि विभिन्न दुःख कष्ट गर्नु पर्ने, सपनाको कुरालाई लिएर अन्धविश्वासमा रुमलिनु, भोको पेट लिएर भए पनि विदेशी फेसन प्रति वढी आकर्षित हुनु, विभिन्न सन्दर्भमा महाकविले गरेको योगदानलाई सम्झनु, सबै मान्छेलाई चिन्न नसकिने र चिनेर बिर्सन नहुने, भाषा सिक्ने धोको सबैमा हुनु पर्दछ । बाल विवाह र बहू विवाहलाई हटाई प्रेम विवाहलाई वढी प्राथमिकता दिनु पर्ने, प्राकृतिक हिउँ शृङ्खलाहरूको महिमा गान गरिनु, धेरै बोल्नु भन्दा कम बोलेर समयको समुपयोग गर्नु पर्छ । मान्छेले गरेको कामको यथोचित मूल्याङ्कन हुनु पर्ने आदि प्रमुख रहेका छन् ।

### क. जिवाको चक्कु

प्रस्तुत निबन्ध लेखनको मूल उद्देश्य आज संसार जगतमा विज्ञानले गरेको आविष्कार प्रति आक्रोश पोखिनु हो । त्यस्तै मानवीयताको लागि हातहतियार निरस्त्रीकरण गरेर मानवीय भावनाको विकास गर्नु पर्ने धारणा उनको यस निबन्धको महत्त्वपूर्ण उद्देश्य हो ।

### ख. मृत्यको डर

विज्ञानले जति उन्नति गरे पनि मान्छेलाई अजम्बरी बनाउन सक्दैन । मृत्यु आफैंमा आवश्यम्भावी छ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

**ग. पहिलो नम्बरको ठग**

संसारमा ठगी कार्य गरेर आफ्नो जीवीकोपार्जन गर्ने व्यक्तिहरू थरिथरिका हुन्छन् । हामीहरू तिनीहरू देखि सचेत नभए ठूलो कष्ट भोग्नु पर्ने कुरा नै प्रस्तुत निबन्धको उद्देश्य रहेको छ ।

**घ. म शाकाहारी मान्छे**

प्रस्तुत निबन्धमा ढकालले आज संसारमा बढ्दै गएको हिंसात्मक प्रवृत्तिको विरोध गर्दै निरिह प्राणीलाई पनि बाँच्न दिनु पर्छ । मान्छे मांसाहारी भएर होइन शाकाहारी भएर बाँच्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

**ङ. बाँच्न गाह्रो भो**

विज्ञान जगत्ले गरेको आविष्कारको कारण मान्छेको जीवन असुरक्षित हुन, आजका सम्पूर्ण मान्छे यस अस्तव्यस्तताको युगमा बाँच्न गाह्रो हुनु नै यस निबन्धको उद्देश्य हो ।

**च. सपनाको कुरो**

आजका मान्छेले सपनाको कुरा बोकेर अनावश्यक रूपमा समय खेर फाल्नु, सपनाको विश्वास नलिइ स्वच्छ मनस्थितिका लागि, सरसफाइमा ध्यान दिनु नै यस निबन्धको उद्देश्य रहेको छ ।

**छ. भोको पेट बढ्दो फेशन**

नेपाली समाजमा फेशनप्रति देखिएका विकृति र विसङ्गतिहरूको आलोचना गर्दै, नेपाली नरनारीहरू फेशनको पछाडि नलागिबौधिक उन्नति तिर लाग्नु नै यस निबन्धको मूल उद्देश्य रहेको छ ।

**ज. महाकविलाई सम्झेर**

नेपालीहरूको देवकोटालाई चिन्न नसक्नु, उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्न नमिल्ने र देवकोटाले गरेको योगदानलाई कहिलै विर्सन नहुने कुरा नै यस निबन्धको उद्देश्य रहेको छ ।

**झ. चिन्दै शास्ति सम्झना नास्ति**

धेरै बोलेर मान्छे ठूलो हुने होइन, कम बोल्नु पर्छ, एक चोटी चिनेको व्यक्तिलाई भूल्नु हुँदैन भन्नु नै यसको उद्देश्य रहेको छ ।

**ञ. भाषा सिक्ने धोको**

भाषा सिक्ने धोको सबैमा हुनु पर्दछ, कुनै पनि मनिसले ५।७ ओटा भाषाको ज्ञान लिनु पर्दछ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ट. विवाह

बाल विवाह, वहु विवाहको विरोध गर्नु, दाइजो प्रथा हटाएर प्रेमविवाहलाई उच्च प्राथमिकता दिनु र जाने बुझेका केटाकेटीसँग विवाह भएमा सुमधुर सम्वन्ध कामय हुन सक्छ भन्नु नै यसको उद्देश्य रहेको छ ।

### ठ. हिमालय

प्राकृतिक सौन्दर्यताले भरिपूर्ण भएको हिमालय देवस्थलको एकपटक मात्र दर्शन गरे सम्पूर्ण पाप कटानी हुन्छ भन्नु नै यसको उद्देश्य रहेको छ ।

### ड. घर बनाउने रहर

तराई क्षेत्रम जति ठूलो परिवार भए पनि खान बस्नको दुःख नहुनु, पहाडमा भने ठूलो परिवार हुनसाथ खानामा समस्या पर्नु, नेपालका पहाडी भेगमा बसोवास गर्ने समग्र नेपालीहरू सानो परिवारमा बस्न सके, आफ्नो न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न सक्थे भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ढ. ध्याब्रिन पनि मान्छे नै हो

कुनै पनि व्यक्ति चोरी कार्यमा लागेको भए उसलाई यातना दिएर हैन, सम्झाएर पठाउने हो भने जस्तो मान्छे पनि सुध्रन सक्छ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ण. धेरै नबोलेकै राम्रो

कुनै पनि व्यक्ति धेरै बोलेर समयको बरवाद गर्नु भन्दा कम बोलेर समयको सदुपयोग गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### त. विद्यालयबाट सरुवा हुनु पर्दा

कुनै पनि मान्छेले गरेको कामको यथोचित मूल्याङ्कन हुनु पर्दछ उसको श्रमप्रतिको योगदानलाई विर्सेर कुण्डित पार्ने काम गर्नु हुँदैन भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

## ४.२.४ भाषा शैली

भाषा निबन्ध अथिव्यक्ति को माध्यम हो । यसलाई प्रस्तुत गर्ने तरिका शैली हो । भाषा शैलीको प्रयोगका आधारमा केदार शर्मा ढकालको **बाँच्न गाह्रो भो** निबन्धसङ्ग्रहका निबन्धहरूको अध्ययन यसप्रकार गरिएको छ ।

**बाँच्न गाह्रो भो** निबन्धसङ्ग्रहका निबन्धहरूमा प्रयोग भएको शब्द स्रोतगत स्थिति यस प्रकार रहेको छ ।

तत्सम शब्दहरूको प्रयोग- जस्तै लोभ (पृ. १), चतुर (पृ. ९) किन्तु (पृ. ९) मृत्यु (पृ. ११) स्वयंम् (पृ.१२) अथ (पृ. १५) यदाकदा (पृ. २५), सौभाग्य (पृ. ४०) अधिक (पृ. ५५) आदि

शब्दहरूको प्रयोग प्रस्तुत सङ्ग्रहका निबन्धहरू पाइन्छ । त्यस्तै तत्भव शब्दहरूले प्रयोग - जस्तै तृष्णा (पृ.३), आँसु (पृ.११), पण्डित (पृ.१२) दूध (पृ.२४) आज (पृ.२८) तीखो (पृ.३५) काम (पृ.४०) आदि जस्ता शब्दहरूको प्रयोग पाइन्छ ।

ढकालका निबन्ध सङ्ग्रहका निबन्धहरूमा आगन्तुक शब्दहरूको प्रयोग पनि प्रसस्त मात्रामा पाइन्छ । जस्तै फरेव (पृ.३), एटम (पृ. ४), हाइड्रोजन (पृ. ५), रेडियो (पृ. १५), क्यासेट ( पृ. १६), पैसा (पृ. १७), ध्याब्रिन (पृ. ७७) इंग्लिस (पृ. ४५), प्रोग्राम (पृ. ४६) गोल्डेन (पृ. ५४) साइलेन्स (पृ. ८३), आदि शब्दहरूको प्रयोग पाइन्छ । त्यस्तै झर्रो शब्दहरूको प्रयोग जस्तै झुम्रो ( पृ. ५), झट्ट (पृ.१६) पाखो (पृ. ३५), जख्खु (पृ. ४०) ढोटे (पृ. ७७) आदि शब्दहरूको प्रयोग पनि पाइन्छ ।

प्रस्तुत निबन्ध सङ्ग्रहका निबन्धहरूमा अनुकरणात्मक शब्दहरूको प्रयोग पनि पाइन्छ । जस्तै हुरुक्कै (पृ. ३) भ्यास्सै (पृ. १) खुत्रुक्कै (पृ. २६), कठ्याङ्ग्रीएर (पृ. ४१) छर्लङ्ग (पृ.५५) धुत्रुक्क (पृ. ६५) आदि जस्ता शब्दहरूको प्रयोग पनि पाइन्छ ।

प्रस्तुत निबन्धसङ्ग्रह भित्रका निबन्धहरूमा तत्भव र आगन्तुक शब्दहरूको प्रयोग अत्याधिक मात्रामा पाइन्छ । यसमा पनि अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग अत्याधिक मात्रामा गरिएको छ ।

केदार शर्मा ढकालका निबन्धसङ्ग्रह भित्रका निबन्धहरूमा उखान टुक्काहरूको प्रयोग पनि पाइन्छ । जसले गर्दा पाठकवर्गहरूलाई निबन्ध पढ्नतिर बढी आकर्षित गर्दछ । जस्तै- सोझाको साहाय दैव (पृ. ३२) भालुको रिस खनियाँ माथि (पृ. १६) सराद गर्न त सजिलो थियो सिधा बुझाउन पो मुश्किल (पृ. ७४) पशु बन्न सजिलो छ तर मान्छे बन्न गाह्रो (पृ. २) आदि जस्ता उखान टुक्काको प्रयोग पाइन्छ ।

वाक्य गठनका आधारमा हेर्दा प्रस्तुत निबन्धसङ्ग्रह भित्रका निबन्धहरूमा सरल, मिश्र र संयुक्त तीनै प्रकारका वाक्यहरूको प्रयोग भएको पाइन्छ । यी वाक्यहरूमा पनि सरल वाक्यको प्रयोग अधिक मात्रामा गरिएको छ - जस्तै आशक्ति भन्ने चीज बडो अनौठो छ । (पृ. १) नेपालीहरू निकै परिवर्तन प्रिय छन् । (पृ. ३९) मेरो विवाह १३ वर्षको उमेरमा भएको हो । (पृ. ५५) आदि जस्ता वाक्यहरूको प्रयोग पनि भएको पाइन्छ ।

पदक्रम विन्यासका आधारबाट हेर्दा प्रस्तुत **बाँच्न गाह्रो भो** निबन्धसङ्ग्रहका निबन्धहरूमा धेरै जसो व्याकरणिक वाक्यहरूको प्रयोग भएको पाइन्छ भने थोरै मात्रामा आलाङ्कारिक वाक्यहरूको प्रयोग गरिएको छ । जस्तै- पीडभरि पूरै खाल्टै खाल्टा परेको थिए विफर भएर खाल्टा परे जस्तै सिस्नो पानीले पिट्दा यस्तो भएको हो भन्थ्यो ऊ । (पृ.७९) मर्ने कुराको डर आस्तिकलाई भन्दा नास्तिकलाई बढ्दा हुन्छ भन्थे मेरा एक जना मित्र । (पृ.९) आदि जस्ता वाक्यको प्रयोग पनि उनका निबन्धमा पाइन्छ ।

केदार शर्मा ढकालको **बाँच्न गाह्रो भो** (२०४७) निबन्ध सङ्ग्रह भित्रका निबन्धहरुमा विभिन्न शैलीको प्रयोग गरिएको छ । मूलतः उनले यस निबन्ध सङ्ग्रहमा प्रश्नात्मक शैली, व्यङ्ग्यात्मक शैली, आत्मकथात्मक शैलीको प्रयोग गरेका छन् । प्रश्नात्मक शैलीको प्रयोग - जस्तै आजभोलि बजारमा यस्तो माल कहाँ देख्न पाइन्छ र ? (पृ. ४), मर्ने कुराको डर, कस्तो अचम्मको डर होला ? (पृ. ९) आदि । त्यस्तै व्यङ्ग्यात्मक शैलीको प्रयोग - जस्तै, आजका मान्छे आफू सुरक्षित हुने बहानामा यान्त्रिक अस्त्र-सस्त्र निर्माण गरेको छ तर त्यो अरु माथि प्रहार गर्छ । (पृ.६)

आदि जस्ता शैलीको प्रयोग पनि उनका निबन्धमा पाइन्छ । आत्मकथात्मक शैलीको प्रयोग - जस्तै मलाई यस विद्यालयबाट अन्यत्र सरुवा गर्न लागेका छन् भन्ने चर्चा सुनिएको थियो । ( पृ.८७) आदि जस्ता शैलीहरूको प्रयोग पनि ढकालका निबन्धमा पाइन्छ ।

केदार शर्मा ढकालका निबन्धहरूमा निजात्मक अनुभूतिहरूलाई सह्रदयी ढंगले प्रस्तुत गरिएको हुनाले यस सङ्ग्रहका निबन्धहरू आत्मापरक शैलीका बन्न पुगेका छन् ।

## ४.३ जीवन सङ्घर्षको चक्कर ठक्कर निबन्ध सङ्ग्रहका निबन्धहरूको विश्लेषण

### ४.३.१ कृति परिचय

वि.सं. २०५८ सालमा श्रीमति मनकुमारी ढकाल, ढकाल बन्धु प्रगति प्रकाशन, स्याङ्जाबाट '**जीवन सङ्घर्षको चक्कर ठक्कर**' निबन्ध सङ्ग्रह प्रकाशित भएको हो । वि.सं. २०४८ देखि २०५८ सालसम्मको सङ्गालो '**जीवन सङ्घर्षको चक्कर ठक्कर**' हो । यो निबन्धसङ्ग्रह ढकालको दोस्रो कृति हो ।

प्रस्तुत निबन्ध सङ्ग्रहलाई भाग एक र भाग दुई गरी विभाजन गरिएको छ । भाग एक अन्तरगत क्रमाङ्क एक देखि १८ सम्म आत्मपरक निबन्धहरू र भाग दुई अन्तरगत क्रमाङ्क उन्याईस देखि चौबीस सम्म नियात्रामूलक निबन्धहरू रहेका छन् । भाग एक अन्तरगतका निबन्धहरूमा - 'प्रगतिशील चिन्तनको खाँचो', अन्तरिक्ष ग्रहान्तर यात्राको आश्चर्यमय युग', स्वर्ग हो नेपाल स्वर्ग हो हिमाली भूभाग', अल्छीलाई बल्छी मखण्डीजाल', 'पात्रकारिताको बाटोमा लाग्दा', वरिष्ट कवि भूपि शेरचन', 'जेलभित्र केही समय बस्दाको अनुभव', 'हटाउनै पर्ने गरिवीको अभिसाप', बुद्धि नभएको नेपाली', 'औषधी भन्दा पथपरेजको राम्रो', त्यो सस्तो सुविधाको जमना', 'जीवन सङ्घर्षको चक्कर ठक्कर', 'आँधीखोला मेरो घनिष्ट साथी', प्रकृतिक सुन्दर स्याङ्जा', महिला र उत्पीडनको प्रश्न', 'गाउँले शिक्षक भएर ४० वर्ष', आफ्नो शेषपछि अवशान पछि', 'घर व्यवहार आफ्नै कुरा पनि आफ्नै रहेका छन् । भाग दुई अन्तरगत 'मुक्तिनाथ यात्राको छोटा वृत्तान्त', 'पंचासेको मेलामा सद्मी छर्ने बेलामा', 'भारतका केही ठाउँमा पुग्दा', दार्जलिङ भ्रमणको सानो झझल्को', 'लुम्बिनी र बाल्मीकि आश्रमको अवलोकन', लेखक वंशावली रहेका छन् ।

प्रस्तुत निबन्ध सङ्ग्रह आकारप्रकारका दृष्टिले मध्यम खालको देखिन्छ । यो कृति १०१ पृष्ठको आयममा फैलिएको छ । प्रस्तुत कृतिको आवरण पृष्ठको चारभाग मध्ये दुई भाग रातो र एक भागमा सेतो र निलो रङ लगाइएको छ । प्रस्तुत कृतिको सिरानमा ठूलो र सेतो अक्षरमा जीवन सङ्घर्षको चक्कर ठक्कर लेखिएको छ । अन्तिममा रातो रङमा सेतो अक्षरले लेखकको नाम लेखिएको छ । निबन्धहरू ३ देखि ६ पृष्ठ सम्ममा विस्तारित रहेको देखिन्छ । यस सङ्ग्रहका निबन्धहरू पङक्तिपुञ्ज विन्यासका दृष्टिले मध्यम किसिमका छन् ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा विषयगत विविधता पाइन्छ । शैक्षिक, सामाजिक, सांस्कृतिक, धार्मिक, दार्शनिक, वैज्ञानिक, प्रकृतिक, साहित्यिक, ऐतिहासिक, व्यवहारिक र यात्रा दृश्यलाई प्रस्तुत सङ्ग्रहका निबन्धको विषयवस्तु बनाएका छन् । यस निबन्ध सङ्ग्रहमा प्रगतिशील स्वरहरू आएका छन् । वर्तमान प्रगतिशील चिन्तनले आजका मानिसहरूको प्रगतिमा जोड दिइएको

विचार प्रस्तुत गरिएको छ । शिक्षा मानवीय विकासको मेरुदण्ड भएकाले उचित शिक्षाको ग्रहण गरी मानिसहरूलाई अँध्यारोबाट उज्यालोतर्फ लाग्ने विचार पनि प्रस्तुत सङ्ग्रहमा छ । वर्तमान नेपाली समाज कुसंस्कार र अन्धविश्वासले दूषित भएकाले त्यसको निराकरणको लागि प्रगतिशील चिन्तनको खाँचो रहेको विचार यस सङ्ग्रहमा आएको छ । मानवतावादी धर्ममा विश्वास गर्दै अशक्त, गरिब र निमुखा जनताहरूलाई सहयोग गरी विश्वबन्धुत्व जागृत गर्नु पर्ने आवाश्यकता रहेको विचार पनि यहाँ प्रस्तुत गरिएको छ । यस निबन्धसङ्ग्रहका निबन्धमा ब्रह्माण्डीय चिन्तन र वैज्ञानिक विषयवस्तुको चर्चा पनि गरिएको छ । विज्ञानको चमत्कार प्रति अनविज्ञ हुनु हामी नेपालीहरूको कमजोरी पक्ष भएको चर्चा पनि सङ्ग्रहमा छ । नेपाल विश्वजलसम्पदामा धनी सर्वोच्च शिखर र प्राकृतिक सुन्दरताले भरिपूर्ण देश भएकोले यस देशको सेवा गर्नु हामी सबैको कर्तव्य हो भन्ने राष्ट्रबादी चिन्तन पनि निबन्धमा पाइन्छ । प्रस्तुत सङ्ग्रहका निबन्धमा वर्गीय चिन्तन पनि पाइन्छ । नेपालमा सामन्ती चिन्तनका आडमा निमुखा र अशिक्षित जनताको शोषण गर्ने गरेकोमा चिन्ता व्यक्त गरिएको छ । यस निबन्धसङ्ग्रहमा स्वार्थीपन, असहयोग वृत्ति, भ्रष्टाचार, प्रशासनिक धुसखोरी आदिका बारेमा चर्चा छ । प्रजातान्त्रिक जीवन पद्धतिमा जनताले स्वास्थ्य राजनीतिको महसुस गर्न सक्ने हुनाले प्रजातान्त्रिक परिपाटीको विकासमा जोड दिनु आजको आवश्यकता रहेको विचार पनि सङ्ग्रहमा छ । नेपालीहरूको शारीरिक र वैचारिक स्वास्थ्य सही हुनुपर्ने चिन्तन यहाँका निबन्धमा पाइन्छ । जीवन बाँच्नका लागि सङ्घर्ष गर्ने मात्र सफल हुने डार्विनको विकासवादी सिद्धान्तको चर्चा पनि प्रस्तुत निबन्धसङ्ग्रहका निबन्धमा छ । मान्छेमा मेलमिलाप गर्ने प्रवृत्ति आउनको सट्टा झगडा र स्वार्थी प्रवृत्तिको हावी भएको र चाकडी, चाप्लुसी प्रवृत्तिले चुर्लुम्म डुबेको चर्चा यस सङ्ग्रहका निबन्धमा छ । यो निबन्धसङ्ग्रह भौगोलिक ठाउँ विशेषको चर्चामा पनि केन्द्रित छ । आँधीखोला र स्याङ्जाको ऐतिहासिक तथा धार्मिक महत्त्वको चर्चा पनि निबन्ध सङ्ग्रहका निबन्धमा पाइन्छ । परम्परागत पुरुषवादी संस्कारको विरोध र नारीवादी समानताको चर्चा पनि निबन्ध सङ्ग्रहका निबन्धमा पाइन्छ । सादा जीवन र उच्च विचारले मान्छेलाई महान् बनाउने भएकाले त्यसतर्फ हामी सबैको ध्यान जानुपर्नेमा जोड दिइएको छ ।

### ४.३.२ विषयवस्तु

#### १. प्रगतिशील चिन्तको खाँचो

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले प्रगतिशील चिन्तनका बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् । अहिलेको समाज कुरुति र कुसंस्कारतिर नलागि जनताको उन्नति र प्रगतितिर लाग्नु पर्दछ भन्ने कुरालाई निबन्धको विषयवस्तु बनाएका छन् । आजको युग भनेको प्रकृतिको युग हो । प्रगतिकै कारण विज्ञानले संसार जगत्मा यति ठूलो परिवर्तन गरेको छ । यसर्थ प्रत्येक मानिसमा प्रगतिशील विचार हुनुपर्दछ । त्यसै किसिमको शिक्षा लागु भए मानिसमा चेतन प्रवाह बढ्दै जान्छ भन्ने आशय प्रस्तुत गरेका छन् । नेपाली समाज अझै पनि रुढीवादी संस्कारमा रुमलिएको छ । समाजले सबै कुरामा प्रगतिशील सोचाइ लिनुपर्दछ भन्ने धारणा प्रस्तुत गरेका छन् । बालवालिकालाई युगानुकुलको शिक्षा प्रदान गरे पुरानो कुसंस्कारको अन्त्य गर्न सकिने छ ।

गरिबीको मारमा परेका सर्वसाधारण जनताको उन्नति प्रगति गर्न पनि सोच्नु पर्दछ । हाम्रो देशमा सम्पन्न व्यक्तिको त्यो सोचाई रहेको छैन । त्यसैले सबैको सोचाइमा परिवर्तन हुनुपर्दछ भन्ने धारणा प्रस्तुत गरेका छन् । धर्मका नाउँले गर्दा पनि नेपाली समाज पछि परेको कुरा औल्याउदै निबन्धकारले पूजा आजा जति गरे पनि देवी देवतासँग जति नै प्रार्थना गरे पनि आफ्नो अवस्थामा सुधार आउन सकेको हुँदैन, गरिबी पनि मेटिदैन भन्दै आजका नेपालीको अवस्था मध्य युगतिरै भएको गुनासो प्रस्तुत गरेका छन् । देवी देवताको बहाना बनाएर पर्व पर्वमा देश भरिका देवी देउरालीका मन्दिरमा लगेर हाँस, कुखुरा, बोका आदिको बलि चढाएको देख्दा यो अन्धविश्वास र अप्रगतिशील सोचाइको परिणाम हो । यस्ता कुरामा विश्वास नराखी प्रगति सोच लिएर अगाडि बढ्नु पर्छ भन्ने अभिव्यक्ति यस निबन्धमा निबन्धकारले व्यक्त गरेका छन् ।

## २. अन्तरिक्ष ग्रह यात्राको आश्चर्यमय युग

प्रस्तुत निबन्धमा निबन्धकारले ढकालले ब्रह्माण्डीय चिन्तन र वैज्ञानिकहरूले गरेको चमत्कारलाई यस निबन्धको मुख्य विषयवस्तु बनाएका छन् । विज्ञानले गरेको चमत्कारप्रति अनभिज्ञ हुनु हामी नेपालीको कमजोरी पक्ष हो । वैज्ञानिकहरूले अन्तरिक्ष स्टेसन बनाइ लामो समय सम्म प्रयोग अध्ययन अनुसन्धान गरी वैज्ञानिक तथ्य पत्ता लगाई ब्रह्माण्डका बारेमा थपज्ञान प्राप्त गरेको कुरालाई यस निबन्ध मार्फत दर्साएका छन् । धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएका तथ्यहरूको चर्चा गर्दै पृथ्वीले सूर्यलाई परिक्रमा गर्ने र चन्द्रमाले पृथ्वीलाई घुम्ने कुरा पश्चात्य विद्वानहरूले मात्र पत्ता लगाएका हुन् भन्ने कुरा सत्य नभएको अभिव्यक्तिव्यक्त गरेका छन् । आधुनिक प्रथम रुसी अन्तरिक्ष यात्री युरी गागरिन अन्तरिक्ष यात्राबाट फर्केपछि व्यक्त गरिएको विचारलाई प्रस्तुत गरेका छन् । पृथ्वी अत्यन्त सुन्दर ग्रहपिण्डकार देखिएको र अन्य ग्रहहरू पृथ्वीबाट हेर्दा तेज भएर टल्कने कुरा प्रस्तुत गरेका छन् । चन्द्रमालाई पृंथ्वीपुत्रको दर्जा दिई मङ्गलर पृथ्वीको स्वरूप उस्तै भएको विचारलाई प्रस्तुत निबन्धमा व्यक्त गरेका छन् । चन्द्रमा र मङ्गल आदि ग्रहहरूमा अक्सिजनको कमी रहेको, अग्ला, अग्ला पहाडहरू गहिरा गहिरा खाडल धुलेपत्थर चट्टान आदि भएकाले पृथ्वीकै टुक्रा रहेको हो । अन्तरिक्ष गुरुत्वकार्षणको कमी हुने हुनाले मान्छे पात झै हलुका हुने तथ्य प्रस्तुत गरेका छन् । चन्द्रमाबाट ल्याइएको पत्थरको टुक्रा अमेरिकाले सबै देशहरूमा बाँडेकोमा उक्त टुक्रालाई छाउनीमा राखेको कुरा उल्लेख छ । सूर्य जस्तो चम्किलो नेमोसिस, अपसिलोन, एण्ड्रोमेडाको बैज्ञानिकहरूबाट खोजी गरी अन्तरिक्षको रहस्य दिन प्रतिदिन उद्घाटित हुदै आइरहेको छ । अमेरिकी नागरिक नील आर्मस्टङ्गले सन् १९६६ जुलाई २९ मा एपोलो ११ नामक यानमा चढेर चन्द्रमामा पुगेको कुरालाई दर्साएका छन् । वैज्ञानिकहरूको खोज अनुसन्धनबाट अरु थप रहस्यमय तथ्य पत्ता लगाउने आशामा निबन्धकार रहेको देखिन्छ ।

## ३. स्वर्ग हो नेपाल स्वर्ग हो हिमाल भू-भाग

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले नेपालको प्रकृतिक सुन्दरता र धार्मिक स्थलहरूको वर्णन गरेका छन् । हामी नेपालीहरूले स्वर्ग जस्तो नेपाललाई चिन्न नसकेको कुरालाई निबन्धको विषयवस्तु बनाएका छन् । यस निबन्धमा ढकालले नेपालका दिव्य हिमाली भू-भाग रमणिय

प्राकृतिक सौन्दर्यताले भरिएको पर्वत वनभूमिहरू नेपालमै भएको कुरालाई उल्लेख गरेका छन् । हिमाली भागहरू कैलाश वा तिब्बतका उच्च भागहरू मानसरोवर आदि संसारमा सबैभन्दा माथि नै रहेकाले स्वर्ग माथि नै छ भन्ने विश्वासलाई प्रष्ट पार्न खोजेका छन् । निबन्धकारले हिमाल शोभाको वर्णन गर्दै सधै मुग्ध रहने महाकवि कालिदासले कुमार संभव महाकाव्यको शुरु मै हिमालयलाई देवताको आत्मनिवासस्थल रूपमा लिएका छन् । उक्त काव्यको अर्को ठाउँमा तपस्यामालीन रहेकी पार्वतीलाई लच्छित गरेका छन् । स्वर्गको लागि तपस्या गरेकी हौ भने तपस्याश्रम व्यर्थ छ । हिमाल तिमीलाई यसै प्राप्त छ भन्ने कुरालाई महाकविले वर्णनमा हिमालयको काखमा रहको नेपाल स्वर्ग नै रहेछ भन्ने कुरालाई दर्साएका छन् । प्रस्तुत निबन्धमा ढकालले हिमाली भागका प्राकृतिक सौन्दर्यताले भरपुर वनस्थलीहरू, हिमनदीहरू, पाखापखेरा, पर्वतलाई चिन्न नसक्ने हामी नेपालीहरूले कागले कान लग्यो भनेर कसैले भन्दैमा आफ्नो कानै नछामी त्यसै कागको पछि दौडने कुरालाई प्रष्ट पारेका छन् । स्वर्ग यही छ । पूण्यभूमि नेपाल नै हो । तीर्थस्थल र पवित्र गङ्गाजीहरू जति छन् यही नै छन् भन्ने कुरालाई हामीले वुझ्नु पर्दछ । तिर्थ गर्न भनेर भारत लगाएत अन्य देशमा दौडेर भारतका जस्ता गुण्डा र ठगहरूबाट ठगिएर दु:ख हण्डर व्यहोर्नु व्यर्थ छ । नेपाल भित्रै घुमौ यही तीर्थ गरौ, यही नै राम्रो हुन्छ । भ्रमणका लागि संसारका अरु देशतिर पुगे पनि महत्त्वपूर्ण तीर्थस्थल, मन्दिरहरू देवस्थलहरू जे जति छन् नेपालमै छन् । नजिकको तिर्थ हेला भने झै हामी नेपालीहरू आफ्नै स्वर्ग जस्तो देश नेपालका पवित्र धार्मिक स्थल, प्रकृतिक छटा, सुन्दरता, छहरा पहरा, वनजङ्गल आदिमा मग्नमस्त हुन छाडि विदेशका तीर्थ स्थलमा धाईरहको यथार्थलाई प्रस्तुत गरेका छन् । नेपालमा घुम्न आउने विदेशीहरू यहाँ मग्नमस्तरही रहेका छन् । हामी नेपालीहरू यस्ता ठाउँहरूमा मुस्किलले पुग्न नसककेको तीतो यथार्थलाई यस निबन्ध मार्फत व्यक्त गरेका छन् ।

### ४. अल्छीलाई बल्छी मखण्डीलाई जाल

निबन्धकार ढकालले आँधीखोलामा माछा मारी जीवन निर्वाह गर्ने गाइने जातिको जीवनस्तरलाई यस निबन्धका विषयवस्तु बनाएका छन् । कुनै समयमा घोडाले खोलामा टेकेर हिड्दा माछा मरेर सेतै भएर बग्ने जमना रहकोमा हाल माछाको सङ्ख्या दिन प्रतिदिन घट्दै गएको दु:खेसोलाई यस निबन्ध मार्फत व्यक्त गरेका छन् । लमागेका गाइने जातिको बसोवासलाई चित्रण गर्दै दुई जना मान्छे पलेटी मारेर बस्न नपुग्ने कटेरोमा जीवन बिताउनु परेको छ । साहु महाजनको जग्गा जोतेर जीवन निर्वाह गर्नु परेको तीतो यथार्थलाई मार्मिक रूपमा व्यक्त गरेका छन् । विहानै उठेर काँधमा बल्छी र काखीमा सारङ्गी लिई खोलाको तिरैतिर शिर वा पुछार तिर लाग्ने दिनचर्या रहेको छ । दिन भरमा मारिएका माछा विक्री गरी बेलुका वासस्थानमा फकर्ने गरको पाइन्छ । माछा विक्रीबाट प्राप्त भएको रकम पचास प्रतिशत रक्सीमा खर्च गरी बालवच्चा परिवार आधापेट खाई बस्नु परेको यथार्थलाई यस निबन्ध मार्फत दर्साएका छन् । खान नपाएर मान्छे नमर्ने तर शक्तिहीन भएर बस्नु पर्ने कुरालाई प्रस्तुत गरेका छन् । थोत्रो कमिज र सुरुवाल लागएर हिड्ने गाइनेलाई सुरुवाल नखिची पानीमा नै नटेकी काम चलेको देखिन्छ । जाल हान्ने माझीलाई पुष माघको जाडोमा पनि जागरका साथ जाल फाल्दै पानीमा डुब्दै गरको देखिन्छ । त्यस काममा माझीलाई बल पनि उत्तिकै परेको हुन्छ । हाम्रो समाजमा तलै पारेका, भरपर्दो स्रोतसाधन नभएका व्यक्तिलाई सास धान्न निकै मुस्किल परेको छ । गरिब झन् झन् गरिब र

धनी झन् झन् धनी बन्दै गइरहेको यथार्थ घटनालाई प्रस्तुत गरेका छन् । जे जस्तो भए पनि मान्छे आफ्नै खुट्टाले टेकेर बाँच्नु पर्दछ भन्ने सन्देश यस निबन्ध मार्फत दिएका छन् । माछा माग्नेलाई त्यसै माछा दिने होइन बरु मार्न सिकाई दिनु पर्दछ भन्ने चिनियाँ भनाइलाई यस निबन्धमा प्रस्तुत गरेका छन् ।

## ५. पत्रकारिताको बाटोमा लाग्दा

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले पत्रकारिताको क्षेत्रमा लाग्दा भोगेका र सिकेका कुराहरूलाई यस निबन्धको मुख्य विषयवस्तु बनाएका छन् । सानै उमेर देखि साहित्यिक पत्रपत्रिका पढ्ने बानी भएका निबन्धकारले अध्ययनका क्रममा बाराणसीबाट प्रकाशित हुने **युगवाणी** नामक पत्रिकामा आफ्नो पहिलो कविता **मानव अघि बढ्दै जाउ** नामक शीर्षकको कविता छापिएको थियो । त्यसपछिका रचनाहरू क्रमशः प्रकाशित हुँदै गइरहेको चर्चा प्रस्तुत निबन्धमा व्यक्त गरेका छन् । ढकाल शिक्षक पेशामा प्रवेश गरेपछि विद्यलायबाट प्रकासित हुने वार्षिक पत्रिकाको सम्पादन गरेको पाइन्छ । असाधारण विदा लिएर २०२१ साल देखि पत्रपत्रिकाको सम्पादन गर्न लागको पाइन्छ । गण्डकी र धवलागिरी अञ्चल रा.सं. स संवाददाताका रूपमा कार्य गरेको अवस्थामा समचार सङ्कलन लेखन सम्पादन जस्ता विषयमा ज्ञान हासिल गरेको अनुभवलाई व्यक्त गरेका छन् । विभिन्न सुविधा भोगी पत्रकारहरूले प्रशासनसँग मिलेर प्रसस्तै धन आर्जन गरेको तीतो यथार्थलाई मार्मिक रूपमा व्यक्त गरेका छन् । यस निबन्धमा ढकालले सोझो तरिकाले पत्रकारिता गर्न नसकिने कुरालाई दर्साएका छन् । त्यस समयमा नेपालमा पत्रकार सम्वन्धी किताव नभएको र हिन्दी, अंङ्ग्रेजी भाषाका कितावहरू खोजी अध्ययन गर्नु परेको पीडालाई व्यक्त गरेका छन् । पत्रकारिता सम्वन्धित विषयहरूको स्वअध्ययनका क्रममा सिकेका जानेका र बुझेका कुराहरूले स्वतन्त्र रूपमा पत्रकारितामा सहयोग पुग्ने विश्वास गरेका छन् । पत्रकार भएर काम गर्दा समचारहरू सङ्कलन गरी तिनीहरूलाई राम्रो रूप दिएर सम्पादन गर्ने गरेको पाइन्छ । पत्रपत्रिकामा पठाउने, समचारहरू छिटो-छिटो पठाउनु परेको कारणले गर्दा व्यस्त जीवन बिताउनु परेको दुखेसो व्यक्त गरेका छन् ।

## ६. वरिष्ठ कवि भूपि शेरचरन

निबन्धमा निबन्धकार ढकाले भारत प्रवासमा विद्यार्थी भएर बस्दा भूपि शेरचरनसँगको घनिष्ट सम्वन्ध र उनले साहित्य प्रति गरेको क्रियाकलापलाई निबन्धको विषयवस्तु बनाएका छन् । सात सालको प्रजातन्त्रको उदयसँग सँगै दुई तीन दशक देखिनै उज्जल तारा झै नेपाली साहित्यलाई झलझल्कार पारेको देखिन्छ । भारत प्रवासमा विद्यार्थी अवस्थमा रहँदा खेरी गीत, कविता रचनागरी साहित्यतिर लागेको कुरालाई यस निबन्धमा व्यक्त गरेका छन् । वाराणसीमा पढ्न जाने विद्यार्थीहरूका वीचमा उनी धेरै परिचित भएको पाइन्छ । सात सालको प्रजातन्त्र प्राप्तिको दशकमा त्यहाँ पढ्ने विद्यार्थीहरूले 'छात्राछात्रदुत' जस्ता पत्रिकाहरू प्रकाशित गरेर, साहित्यतर्फ पाइला बढाई रहदा उनको पनि प्रमुख भूमिका रहको कुरालाई निबन्धकारले यस निबन्ध मार्फत प्रष्ट पार्न खोजेका छन् । भारतबाट आइ.ए. पास गरेपछि नेपाल आएका भूपिले नेशनल कलेजमा स्नतक तहमा पढ्दै गरको पाइन्छ । त्यस समयमा उनले निर्झर कविता सङ्ग्रह प्रकाशित गरी घुम्ने मेच माथि अन्धो मान्छे नामक कवितासङ्ग्रह प्रकाशित गरेको पाइन्छ । यस

निबन्धमा ढकालले धेरै कुरामा विचार पुऱ्याउन सक्ने , सभ्य र विचक्षण धनी मान्छे अर्को पाउन नसक्ने कुरालाई यस निबन्ध मार्फत व्यक्त गरेका छन् । ढकालले भूपि शेरचन जस्तो मिलनसार आत्मीय मित्र संसारमा कतै पनि नपाएको र भविष्यमा पनि पाउन नसक्ने कुरा व्यक्त गरेका छन् । भूपि जस्तो विचक्षण र विलक्षण प्रतिभाको व्यक्ति फेरि नेपालले पाउन नसक्ने आशामा निबन्धकार रहेका छन् ।

## ७. जेलभित्र केही समय बस्दाको अनुभव

प्रस्तुत निबन्धमा निबन्धकारले २०३६ सालमा शुरु भएको शिक्षक आन्दोलनको क्रममा सहभागी भई जेल बस्नु पर्दाको पीडालाई निबन्धको मुख्य विषयवस्तु वनाएका छन् । शिक्षक सङ्गठन स्याङ्जाका तत्कालीन अध्यक्ष रहेका निबन्धकार ढकालले एकातिर शिक्षक आन्दोलनलाई एकीकृत रूपमा सञ्चालन गर्नु पर्ने दायित्व थियो । अर्को तिर आफू जेलमा बस्नु पर्दाको पीडाले आन्दोलन के कसरी गर्ने हो भन्ने चिन्ताले सताएको पाइन्छ । २०३८ सालमा स्याङ्जा जिल्लाको नुवाकोटमा उनलाई जेल चलान गरिएको थियो । नुवाकोट जेलमा रहदाँ जेलको वातावरण, जेल सुरक्षामा रहेका प्रहरीहरूको क्रियाकलावलाई यस निबन्ध मार्फत दर्साएका छन् । जेलभित्र हुनु पर्ने न्यूनतम सुविधाहरू केही नभएको, शौचालयको अवस्था दायनीय रहेको, क्षमता भन्दा बढी बन्दीहरू रहेको यथार्थ अवस्थालाई प्रस्तुत निबन्धमा चर्चा गरेका छन् । जेलमा रहँदा भेट भएका अन्य बन्दीहरूका बारेमा उनीहरूको मुद्धाका विषयमा पनि चर्चा गरेका छन् । ज्यानमुद्धा, चोरी केशमा सजाय भोगिरहेका बन्दीहरूले के कसरी ज्यान लिए, चोरी कसरी गरी पक्राउ परे भन्ने बारेको विस्तृत चर्चा पनि यस निबन्धमा गरेका छन् । कोही फटाहाहरूको जालमा परि बन्दी जीवन बिताइरहेका, केही राजनैतिक मुद्धामा बन्दी भोगेका व्यक्तिहरूको बारेमा चर्चा गर्दै बन्दी गृहमा सुधार हुनु पर्दछ भन्ने सन्देश यस निबन्ध मार्फत दिएका छन् ।

## ८. हटाउनै पर्ने गरिबीको अभिशाप

निबन्धमा निबन्धकारले नेपालीहरू दुःख दैन्य गरिवीको मारमा सदाकाल पिल्सिएर बसिरहनु पर्ने बाध्यतालाई निबन्धको विषयवस्तु बनाएका छन् । देशबाट दुःख गरिवी, रोग, भोक, अशिक्षा, पछौटेपन सारा निमिट्यान्न भएर सबै नेपालीहरूले सुख आनन्दको सास फेर्न पाउने दिनको कल्पनामा निबन्धकार रहेको देखिन्छ । नेपालमा एक शताब्दी भन्दा बढी समय सम्म जहानियाँ शासन काल रहेको अवस्थामा देश अन्धकार रहेको थियो । देशको उन्नति इलम, उद्योग, बाटाघाटा केहीको पनि विकास नभएको हुँदा नेपालीहरू पछि परेको चिन्ता व्यक्त गरेका छन् । राणा शासनको अन्त्यपछि राजनैतिक परिवर्तन भए पनि देशको अवस्था झन जुग्रेको दुःख प्रस्तुत निबन्धमा पोखेका छन् । सात सातको क्रान्तिले केही परिवर्तन गरे तापनि युगानुकुलको उन्नति प्रगतिका कामहरू नभएको गुनासो प्रस्तुत गरेका छन् । २०४६/०४७ को आन्दोलनबाट प्राप्त भएको राजनैतिक उपलब्धीहरूसँग जनताको जीवनस्तर वृद्धिका लागि चलिनु पर्ने कदम नचालिएकोमा दिशाहीनता कामय रहेको छ । गरिबीको ठूलो अभिसाप देशले निरन्तर भोगि रहेको छ । वर्तमान अवस्थामा निडायक धक्का नदिए सम्म, आन्दोलनको क्रान्ति अग्निज्वाला नदन्काए सम्म केही परिवर्तन नहुने विचार प्रस्तुत निबन्धमा पोखेका छन् ।

## ९. बुद्धि नभएको नेपाली

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले नेपालीहरूमा वुद्धि, ज्ञान, शिक्षा, सिप आदि जस्ता कुराहरूको सधै अभाव भएकोले नेपालीहरू पछि परेको कुरालाई निबन्धको विषयवस्तु बनाएका छन् । वुद्धिले काम गऱ्यो भने दुःखबाट धेरै जसो पार पाउन अवश्य सकिन्छ । हामी नेपालीहरू आफूले गरेर हुने काममा पनि सोच समझ बुद्धिले काम नगर्नेहरू धेरै भएको हुँदा यस्ताले दुःख नपाएर कसले पाउने भन्ने कुरालाई प्रस्तुत निबन्धमा व्यक्त गरेका छन् । देश र समाजको हितका लागि काम गर्दा थोरैले मात्र वुद्धि पुऱ्याएर नहुने भएकाले सबैले बुद्धि पुऱ्याउन सकेमा सबैको हित हुने थियो । दुःखबाट सबैलाई मुक्ति मिल्ने थियो भन्ने कुरालाई यस निबन्ध मार्फत दर्साएका छन् । ज्ञान विज्ञानले पछि परेका नेपालीहरू २१ औं शताब्दी लागि सक्दा पनि सत्रौ शताब्दी तिरै अल्मलि रहेका छन् । नेपाली नामधारी जङ्गलि मान्छेले सर्वत्र बुद्धिहीनता मात्र देखिएको तीतो यथार्थलाई प्रस्तुत गरेका छन् । देशको शासन व्यवस्था राम्रो भएमा देशमा सबै कुरा राम्रो हुँदै जाने र मान्छे मान्छे जस्तो भएर बाँच्न पाउँछन् । यस देशमा यस्तो राम्रो अवसर कहिलै आएन । दुई चार जना स्वार्थी, अत्याचारी, नालायक शासकहरूले मनपरी शासन गरेकाले जनताका न्यूनतम अधिकार पूरा नभएकाले जनतालाई सधै अन्धकारमा राख्ने गरेको देखिन्छ । हाम्रो देशमा नेपालीहरूको बुद्धि कतबाट कहिले आउँछ भन्ने प्रश्न निबन्धकारले गरेका छन् । आफ्नो हातमा रहेको अधिकार प्रयोग गरेर सुशासन, सुव्यवस्था ल्याउन नेपालीहरूको जीवनलाई सुख शान्तिमय बनाउने बुद्धि नेपालीहरूको कहिले आउने हो । त्यसतर्फ सवै नेपालीहरूले सोच्नु पर्ने बेला भइसकेको कुरालाई प्रस्तुत निबन्ध मार्फत दर्साएका छन् ।

## १०. औषधी भन्दा पथपरहेज राम्रो

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले औषधीमा पैसा खर्च गरेर जीवन विताउनु भन्दा आहार विहार, खान पानमा ध्यान दिनु पर्दछ । खानपिनमा ध्यान दिए मान्छे स्वस्थ्य रहन सक्छ भन्ने कुरालाई यस निबन्धको विषयवस्तु बनाएका छन् । यस निबन्धमा निबन्धकारले जति औषधी उपचार गरे पनि कहिल्यै स्वस्थ्य ठीक राख्न नसकिने र औषधी मूलो त कसै कतै केही उपाय नलागे गर्नुपर्छ भन्ने कुरालाई देखाएका छन् । औषधी उपचारमा जति पैसा खर्च गरे पनि भनेजस्तो औषधी, डाक्टर वा वैद्य पाउन मुस्किल छ । अड्कल र अन्दाजको भरमा औषधी गर्ने चिकित्सकहरू प्रति व्यङ्ग्य गर्दै ठीकसँग रोग व्याथा ठहऱ्याएर उपचार गर्न सक्नु पर्दछ । थरी थरीको औषधी प्रयोग गरेर विरामीको ढाड सेकाउन हुन्न भन्ने कुरालाई यस निबन्ध मार्फत अभिव्यक्त गरेका छन् । औषधीको भरमा नपरी आहार, विहार, खानपान र स्वास्थ्य सरसफाइमा ध्यान पुऱ्याउन सक्यो भने रोगबाट बच्न सकिन्छ । सानैदेखि नुहाई धुवाई, सफा सुग्घर गर्ने बानी सबैमा हुनुपर्दछ । अनावश्यक वस्तुहरू धुम्रपान, मदिरापान, आदिबाट टाढै रहनुपर्दछ । खाद्यवस्तुमा सकेसम्म शाहाकारी हुनु राम्रो हो । फलफूल, सागसब्जी, प्राप्त मात्रमा खानाले रोगहरूबाट बच्न सकिन्छ । राम्रो सँग स्वास्थ्यको हिफाजात हुनसके सय डेढसय वर्ष सम्म पनि मान्छे बाँच्न सक्दो रहेछ भन्ने विश्वास निबन्धकारमा रहेको छ ।

## ११. त्यो सस्तो सुविधाको जमना

निबन्धमा निबन्धकार ढकालले महँगीले बाँच्नै मुश्किल परिरहेको वर्तमान समयलाई ५०, ६० वर्ष अघिको समयसँग तुलना गरी प्रस्तुत निबन्धको रचना गरेका छन् । आफ्नो बाल्यकालका दिनहरूको सम्झना गर्दै आफूले आफ्नो जीवनकालमा भोगेका, व्यहोरेका कुराहरूलाई निबन्धको विषयवस्तु बनाएका छन् । त्यस समयमा गाउँ घरमा अति नै सस्तो दरमा धान, मकै, कोदाको किनवेच भइरहन्थ्यो र पछि सम्म पनि कायमै रहेको थियो । वर्तमान समयमा महँगी बढी भई बाँच्न मुस्किल परिरहेको चिन्ता व्यक्त गरका छन् । विन्ध्यावासिनी संस्कृत पाठशालामा अध्ययन गर्ने क्रममा महिनाबारी छ रूपैंया तिरेर डेरा डण्डा खानपिन आदि सबै कुराको बन्दोवस्ता गर्न सकिने थियो । पोखराको अन्य भागमा भने चार रूपैंयामा डेरा डण्डा खानपिन आदि उसैको घरमा पाइने, कुरालाई इंगित गरेका छन् । त्यस समयमा खाद्यवस्तु, लत्ता कपडा आदि अति नै सस्तो रहेको तर पैसा प्राप्त गर्न गाह्रो भएको कुरालाई व्यक्त गरेका छन् । अध्ययन गर्ने शिलशिलामा वि.सं. २००५ सालमा काठमाडौं जाँदा निबन्धकारसँग तीन-चार सय रूपैंयाले वर्ष दिनको खर्च पुऱ्याउनु र घरमा समेत फर्कनु पर्ने थियो । काठमाडौंमा मासिक ४-५ रूपैंयामा घर भाडा पाइने, महिनाबारीमा कुल २०-२५ रूपैंयाले खर्च पुग्ने हुँदा लत्ता कपडा अति नै सस्तो रहेको कुरालाई दर्साएका छन् । वर्तमान समयमा वृद्धि भएको महंगीलाई बाल्यकालको समयसँग तुलना गरी प्रस्तुत निबन्ध रचना गरेका हुन् ।

## १२. जीवन सङ्घर्षको चक्कर ठक्कर

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले मान्छेको जीवन सङ्घर्षमय छ । मान्छे आफू बाँच्न र जीवन धान्नको लागि सङघर्ष गर्नु पर्दछ । आफ्नो जीवनकालमा आफूले भोग्नु परेका समस्या, गर्नु परेको सङ्घर्ष र खानु परेको ठक्करलाई निबन्धको विषयवस्तु बनाएका छन् । यस निबन्धमा निबन्धकार ढकालले जीवन बाँच्नका लागि सङ्घर्ष गर्ने मात्र सफल हुन सक्ने डार्विनको विकासवादी सिद्धान्तको चर्चा गरेका छन् । अरु प्राणी भन्दा मान्छे चेतनशील, विवेकशील सर्वश्रेष्ठ जन्तु हो । मान्छे आपसमा मेलमिलाप गरेर, भाइचाराको सम्वन्ध गाँसेर, सहनशील, भएर बस्न सक्छ । उसमा मिलनशील, सहनशील प्रकृति भन्दा झगडा गर्ने बढी देखिन्छ । थोरै सहनशील, दयालु, मायालु बन्न पनि मान्छेलाई निकै गाह्रो परेको हुन्छ भन्ने दुखेसो यस निबन्ध मार्फत पोखेका छन् । विभिन्न कारणले गर्दा मान्छेको जीवन सङ्घर्षमय छ । सङघर्ष नगरी बाँच्नै नपाउने कुरालाई दर्साएका छन् । आधुनिक शिक्षा प्राप्त गर्ने ठूलो धोका मनमा लिएका ढकाललाई आफ्ना पिताले सानैमा छुट्याइ दिएका थिए । आफ्नो गुजारा आफै चलाउनु पर्ने, घरको व्यवस्था मिलाएर पढ्न जानु पर्ने, नियमित भएर पढ्न नपाइने, खर्च पर्च जुटाउन सकेको बेलामा पढ्न जाने र जुटाउन नसकेको बेलामा पढाई बीचैमा छाड्नु पर्ने अभिव्यक्ति यस निबन्धमा मार्फत व्यक्त गरेका छन् । विभिन्न किसिमका चक्कर ठक्कर खाँदै जिन्दगीको रथलाई अगाडि धकेल्दै बढ्ने क्रम सदाकाल कायमै रहेको कुरालाई व्यक्त गरेका छन् । कामको खोजी गर्दा ठूला वडा हुँ भन्नेको चाकडी गर्नु पर्ने, चाकडी नगरी खान नपाइने कुरालाई प्रस्तुत गरेका छन् । जसोतसो

आफूले मामुलि शिक्षकको पेशाबाटै जीवन गुजारा गर्नु परेको पीडालाई प्रस्तुत निबन्धमा व्यक्त गरेका छन् ।

## १३. आँधीखोला मेरो घनिष्ट साथी

निबन्धमा निबन्धकार ढकालले जीवनको करीब अधिकांश भाग बिताएको आँधीखोलालाई मुख्य विषयवस्तु बनाई प्रस्तुत निबन्ध रचना गरेका छन् । आँधीखोलाको तिरैमा आफ्नो जन्म भएको र बाल्यकाल देखि नै त्यस खोलामा हुर्के बढेको अनि जीवनको अन्त्य पनि त्यसै खोलामा बिर्सजन हुने आशामा निबन्धकार रहेका छन् । मानिस बाँच्नको लागि पानी नभइ नहुने तत्व हो । त्यही पानीलाई आँधीखोलासँग तलुना गर्दै यसले हजारौं हजार मानिसहरूको जीवन धान्न सहयोग गरेको कुरालाई यस निबन्ध मार्फत दर्साएका छन् । आँधीखोलाले हजारौ हजार मानिसहरू एवंम् अन्य प्राणीलाई पालिरहेको छ । तसर्थ हाल पानीको जलप्रवाह निकै कम भएर भविष्यमा खहरेमा परिणत् हुने चिन्ता व्यक्त गरेका छन् । घनिष्ट साथीको रूपमा रहेको आँधीखोलाले आफूलाई पौडी खेल्न सिकाएको हुनाले बाढीको भेलमा पनि पैठाजोरी गर्दै वरिपरि गर्न, वयल खेल्न तयार हुने अभिव्यक्ति व्यक्त गरेका छन् । काली गण्डकीमा पौडी खेली वारिपारि गर्न कम्मर कसेका निबन्धकार हजुरबुबाको डरले आँट गर्न नसकको कुरालाई प्रस्तुत गरेको पाइन्छ । वाराणसीमा पढ्दा बस्दा भागिरथी गङ्गामा पौडी खेली परपर सम्म पुग्ने गरेकोले आँधीखोलाले सिकाएको गुणलाई कहिल्यै बिर्सन नसक्ने कुरालाई प्रस्तुत गरेका छन् । आँधीखोला विश्वासी साथी भएको कारणले गर्दा उनले त्यस खोलामा पाइने माछा, गंगटा कहिल्यै मारेर नखाएको अभिव्यक्ति व्यक्त गरको पाइन्छ । यसको तटवर्तीमा साना साना बस्तीहरू विस्तार हुँदै शहरमा परिणत भइसकेको र आज बीसौं पचासौं विद्यालयहरू महाविद्यालयहरू त्यसै खोलाको तिरमा चलिरहेको कुरालाई दर्साएका छन् । यस खोलाको भविष्य उज्जल रहेको र आफू सुक्दै भेटिदै गए पनि असङ्ख्या प्राणीहरूलाई पालनपोषण गर्दै सुखी बन्ने छ भन्ने आशामा निबन्धकार रहेका छन् ।

## १४. प्रकृतिको सुन्दर स्याङ्जा

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले प्राकृतिक सौन्दर्यताले भरिपूर्ण रहेको सुन्दर स्याङ्जालाई निबन्धको विषयवस्तु बनाएका छन् । नेपालको प्रमुख जिल्ला मध्येको चर्चित जिल्ला स्याङ्जाको विशेष महत्त्व देखाएका छन् । यस जिल्लामा खास गरी दुर्गम भाग कतै पनि नपर्ने र सर्वत्र यातयातको सुविधा नभए पनि सदरमुकामबाट जुनसुकै भागमा पनि एकै दिनमा पुग्न सक्ने कुरालाई दर्साएका छन् । यस जिल्लालाई सुन्दर सम्पन्न बनाउने काम आँधीखोलाले गरेको र उक्त खोलाको दुवै तिर ठूलाठूला अत्यन्त उब्जाउ पचासौं फाँटहरू रहेको कुरालाइ व्यक्त गरेका छन् । यस जिल्लालाई सजाएर यसको निरन्तर श्रीवृद्धि गर्दै हिउँदे वर्षे विभिन्न किसिमको खेतीपातीले सदावहार हरियाली देखिएको छ । ती फाँटहरूले जतिको गौरव बढाउने काम स्याङ्जालाई अरु केहीले नगरेको कुरालाई दर्साएका छन् । आधुनिक कृषि प्रणालीको सुधार ल्याउन सक्ने हो भने जनताले प्रसस्त लाभ उठाउन सक्ने आशामा निबन्धकार रहेका छन् ।

स्याङ्जामा उत्पादित विभिन्न फलफूल खेतीहरू मध्ये सुन्तलाखेतीले झकिझकाउ पहेंलपुर देखिने आँधी छेउछाउका खेतपाखाहरू एकदमै हेर्न लायक रहेका छन् । विभिन्न किसिमका

वन प्रदेशहरू, शिखरहरू, मैदानहरू, चउर, पर्वत लगाउत १२ सय फिट उचाइमा रहेको पंचासे लेकको पनि वर्णन गरेका छन् । त्यस्तै खर्सु डहरे लेक, सिरुबारी, नुवाकोट, मट्टिखान, मनकामना लेक, आदि प्रकृतिक छटाहरूको वर्णन पनि गरेका छन् । अनि पर्वतीय प्रदेशहरू, प्राकृतिक सौन्दर्यता र प्राचीन समयमा सुरक्षाका दृष्टिले बनाइएको सातौं, नुवाकोट, दह्रौंभिर्कोट आदि पुरना राजा रजौटाका गढ, किल्लाहरू, देवीदेवताका मन्दिरहरू, तिनका कला कालीगढीहरू आदि हेर्न लायक स्थलहरूको वर्णन पनि यस निबन्धमा गरेका छन् । यस निबन्धमा ढकालले वर्तमान देशको राजनैतिक अवस्था बिग्रदै गएको, केही कुराको पनि विकास हुन नसकेको दु:खेसो प्रस्तुत गरेका छन् । देशमा जे जस्तो भए पनि हाम्रो यस स्याङ्जा जिल्लाले निरन्तर उन्नति तिरै पाइला बढाउदै जान सकोस् भन्ने शुभकामना यस निबन्ध मार्फत व्यक्त गरेका छन् ।

## १५. महिला र उत्पीडनको प्रश्न

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले हाम्रो समाजमा पुरुषले महिलामाथि गरेको दमन, शोषण, अन्याय र अत्याचारको विरोध गरेका छन् । महिला र पुरुष दुबै समान हुन् । महिलालाई पनि अगाडि बढ्ने अवसर दिनु पर्दछ भन्ने कुरालाई निबन्धको विषयबस्तु बनाएका छन् । यस निबन्धमा निबन्धकारले पुरुषहोस् वा महिला जो सुकैले पनि आफ्नो हक अधिकारको उपयोग गर्न पाउनु पर्दछ । आफ्नो कर्तव्यलाई कहिले भूल्नु हुदैन । कसैले कसैलाई हेप्न हिपाउन पाउदैनन् । सामन्ती प्रकृतिको समाजमा कसैलाई दलित, बर्जित, होचो, निमुखो सम्झेर अन्याय अत्याचार गर्न पाइदैन । यदि कसैले त्यसो गर्छ भने महिला उत्पीडनबाट यस्ता कुराको कडा विरोध गर्नु पर्दछ । यसको विरुद्धमा आवाज उठाउनु पर्दछ भन्ने कुरालाई अभिव्यक्त गरेका छन् । हाम्रा आमा, दिदी बहिनीहरू धेरै कुरामा सचेत छन् । पहिलेका जस्तो जमना छैन । यो कुरालाई राम्रोसँग बुझेर युग सुहाउँदो कदम चाल्नु जरुरी छ । हाम्रो समाजका आमा, श्रीमती, दिदी, बहिनी, भाउजू जो सुकै भए पनि उनिहरूको महत्त्वपूर्ण स्थान हुन्छ ।त्यसमा पनि आमा र श्रीमतिको त सर्वोपरी महत्त्वपूर्ण स्थान छदैछ । यसका साथ साथै उनीहरूको जिम्मेवारी पनि उत्तिकै ठूलो छ भन्ने कुरालाई यस निबन्ध मार्फत दर्साएका छन् । कोही पनि व्यक्ति कसैबाट कुनै पनि हालतमा शोषित हुनु हुँदैन । यदि कसैले त्यसो गरेमा ज्यादती विरुद्ध आवाज उठाउनु पर्दछ । निराकरण खोजिनु पर्दछ । हाम्रो समाजमा भएका यस्ता कमी कमजोरीहरूलाई हटाउन हामीले प्रगतिशील दृष्टिकोण राखेर सोच विचार गर्ने हो भने महिला र पुरुषबीच भिन्नता देख्नु पर्ने कारण छैन । जुन सुकै काममा पनि महिला र पुरुष दुवैले समानताका साथ काम गर्न सक्छन् । छोरा छोरी दुबै समान हुन् । छोराले पाउनु पर्ने जति अधिकार छोरीले पनि पाउनु पर्दछ भन्ने मान्यतालाई अगाडि सारेका छन् । हाम्रा महिला दिदी बहिनीहरू पनि हरेक क्षेत्रमा पुरुष सरह खडा हुन सक्छन् । त्यसैले काहीँ कतै पनि उनीहरू माथि उत्पीडन हुनु हुँदैन । भेदभाव गर्नु हुँदैन । समान मान मर्यादा र स्थान दिनु पर्दछ भन्ने सन्देश यस निबन्ध मार्फत दिन खोजेका छन् ।

## १६. गाउँले शिक्षक भएर ४० वर्ष

निबन्धमा निबन्धकार ढकालले आफ्नो बैयक्तिक जीवनसँग घटेका विविध घटनाहरूलाई निबन्धको विषयवस्तु बनाएका छन् । नेपाल जस्तो अविकसित देशको एउटा पहाडाको कुनामा

जन्मेका ढकालले चार दशक लामो शिक्षण पेशामा भोगेका तीता तथा मीठा अनुभवहरूलाई यस निबन्ध मार्फत दर्साएका छन् । राणा शासनको दबावको बेलामा एउटा साधारण परिवारले दुःख जिलो गरेर दिन बिताउनु पर्ने थियो । मान्छेले के नै गर्न सक्छ भन्नु भन्दा पनि दुई चार अङ्क अक्षर कतैबाट चिन्न सक्यो भने त्यो नै ठूलो कुरा हुन्थ्यो । त्यस बेला विद्यालयको कतै पनि नाम निशान नभएको र आफ्नो जिल्लामा त के छिमेकी जिल्ला पनि विद्यालय नभएको कुरालाई अभिव्यक्त गरेका छन् । त्यसबेला सबैतिर अन्धकार जस्तो भएको, वेद, चण्डी पढ्न पनि कतै पण्डितको घर खोजेर जानु पर्ने दुःखेसो यस निबन्ध मार्फत व्यक्त गरेका छन् । निबन्धकार आफू पण्डित कुलमा जन्मेको हुनाले प्रारम्भिक शिक्षा अक्षर ज्ञानको लागि त्यति मुस्किल नपरेको र बाजे, बा, काकाहरू सबैले पढाउने सिकाउने भएकाले आफूले सजिलै ज्ञान आर्जन गरेको कुरालाई दर्साएका छन् । प्रधानमन्त्री जुद्ध शम्सेरको पालामा पिता दुर्गादत्त उपाध्यय अदातलको विचारी पदमा जागिरे भएको र पूरै जहान परिवार तानसेन गई आफू पनि त्यहीको भाषा पाठशालामा पढेको कुराहरूको स्मरण गरेका छन् । ढकालको शिक्षा हासिल गर्ने काम त्यहीबाट भएको र पछि बाबुको जागिर खोसिए पछि गाउँ नै फर्केर खेतीपाती गर्नु परेको कुरालाई दर्साएका छन् । आफू गाई, भौसीको गोठालो भएर घरमै काका खेमराज शर्मासँग कौमुदी, अमरकोश, काव्य र रधुवंश जस्ता काव्य दर्शनहरू पढेको कुरा व्यक्त गरेका छन् । दुई हजार सालतिर पोखरा अनि काठमाडौ गई दुःख गरेर पढाइलाई अगाडि बढाउनु परेको पीडालाई यस निबन्ध मार्फत व्यक्त गरेका छन् । सात साल पछि आफू लगाएत अन्य साथीहरू मिली विद्यालय खोलेर पढाउने कामतिर लागेको कुरा प्रस्तुत गरेका छन् । बेला बेलामा स्कुलबाट विदा लिएर आफ्नो पढाइलाई अगाडि बढाई जम्मा जम्मी ४० वर्ष शिक्षण पेशामा लागेको मा ३० वर्ष जति मा.वि. को प्र.अ. भएर जीवन बिताएको कुरालाई अभिव्यक्त गरेका छन् । गाउँ मै जन्मि, गाउँ मै हुर्की, गाउँ कै बालबच्चाहरूलाई दुइ चार अक्षर पढाई सिकाइ जीवनको अधिकांश भाग गाउँकै वातावरणमा बिताउने सौभाग्य पाएका ढकालले गाउँले दाजुभाइ, दिदी बहिनीहरूसँग घुलमिल भएर चेतना जागृतिमा सहभागी भएको कुरा व्यक्त गरेका छन् । निबन्धकार ढकाल ४० वर्ष सम्ममा कुनै बेला शिक्षक गुरु, कुनै बेला विद्यार्थी चेला भएर पढ्दै पढाउदै खेल्दै, रमाइलोसँग दिनहरू बिताएको खुसीलाई यस निबन्धमा मार्फत व्यक्त गरका छन्. ।

### १७. आफ्नो शेषपछि अबसान पछि

प्रस्तुत निबन्धमा ढकालले आफ्नो जीवनमा सबैले सम्झन सक्ने काम नगरेको चिन्ता व्यक्त गरेका छन् । हामीले जीवनमा केही न केही राम्रो कार्य गर्नु पर्दछ भन्ने धारणा व्यक्त गरेका छन् । अध्यापनको समयमा विद्यलायको भौतिक अवस्था नाजुक रहेको थियो । नेपालीहरूको आर्थिक अवस्था गुज्रदै गएकोले देशमा क्रान्तिकारी शासन व्यवस्था राम्रो हुनु पर्दछ । जसले नेपाली जनतालाई मुक्ति दिन सक्षम हुनेछ । मानिसको मृत्युपछि पुर्नरजन्म हुने विश्वासमा नेपालीहरू रहेकोमा बैज्ञानिक रूपमा यसको पुष्टि हुन नसकेको कुरालाई दर्साएका छन् । वैज्ञानिकहरूले अन्तरिक्षको खोज अनुसन्धान गरी रहस्य दिन प्रतिदिन उद्घाटन गर्दै आइरहेका छन् । यसर्थ ईश्वर भनेको मान्छे हो । कुनै पनि व्यक्तिले यस धर्तीमा जन्मलिए पछि राम्रो काम गरेर देखाउनु पर्दछ । राम्रो काम गरेर देखाए उसलाई सवैले सम्झने र राम्रो काम केही गर्न नसकि मर्‍यो भने उसलाई आफ्नै सन्तानले पनि विर्सन सक्ने कुरालाई यस निबन्ध मार्फत

दर्साएका छन् । मान्छेले थोरै भए पनि मानव सेवामा समर्पित भएर काम गर्नसक्नु पर्दछ । मानव सेवामा समर्पित भयो भने यो संसार छाडेर गईसकेपछि पनि केहीले त त्यस्तालाई सम्झना गर्लान् त्यसै बिलाएर जान पाउदैन होला भन्ने आशमा निबन्धकार रहेका छन् । हामी सबै नेपालीहरूले राम्रो विचार राख्नु पर्दछ । सके सम्म मानव सेवामा नै समर्पित हुनु पर्दछ । आफ्नो क्षमताले भ्याए सम्म जनहित मै लाग्नु पर्दछ । त्यसैमा कल्याण छ । भविष्यमा हाम्रा शाखा सन्तान सन्तति सबै सुमार्ग र जनकल्याण मै लागुन् भन्ने सन्देश यस निबन्ध मार्फत व्यक्त गरेका छन् ।

## १८. घर व्यवहार आफ्नो कुरा पनि आफ्नै

निबन्धमा निबन्धकार ढकालले घर व्यवहार सञ्चालन गर्दा भोगेका अनुभव गरेको कुराहरूलाई निबन्धको बिषयवस्तु बनाएका छन् । आफू सानो हुँदा घरको सम्पूर्ण व्यवहार बाजेको चलाउने गरेको देखिन्छ । वाजेको मृत्यु पश्चात त्यो सम्पूर्ण जिम्मा आफ्नो काँधमा थपिएको कुरा चर्चा गरेका छन् । नेपालीहरू दिन रात काम गर्दा पनि दिन काट्न धौ धौ परेको कुरालाई देखाएका छन् । दिन प्रतिदिनको महगीले गर्दा एक छाक खान र एक हर ढाक्न नसक्ने स्थिति पैदा भएको दुःखेसो व्यक्त गरेका छन् । राम्रो लगाउने र मीठो खाने इच्छा हुँदा हुँदै पनि त्यसको परिपूर्ति गर्न नसकि जवानी मै ख्याउटे, चुस्स परेको सिकुटे अनुहार लिएर हिड्ने गरेको यथार्थलाई प्रष्ट्याएका छन् । नेपालीहरूले पौष्टिक र भिटामिनयुक्त खाने कुरा खान छाडि दिनप्रति दिन चुरोट र रक्सीको भर जीवन बिताएका हुन्छन् । यसर्थ विभिन्न रोगबाट ग्रस्त भई मृत्युको मुखमा धकेलिनु परेको तीतो यथार्थलाई प्रस्तुत गरेका छन् । यस निबन्धमा ढकालले सम्पूर्ण नेपालहरूले यस्ता अनावश्यक अम्मलीपनहरू हटाइ राम्रोसँग घर व्यवहार चलाइ अघिवढ्नु पर्दछ । हामी सम्पूर्ण नेपालीहरू सादा जीवन उच्च विचार लिएर अघि बढ्नु पर्दछ । सादा जीवन र उच्च विचारले मान्छेलाई महान् बनाउँछ । यसर्थ मान्छेलाई महान बनाउने भएकाले त्यस तर्फ हामी सबैको ध्यान जानु पर्ने कुरामा जोड दिएका छन् ।

## १९. मुक्तिनाथ यात्राको छोटो बृतान्त

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले यात्राका क्रममा देखेका, भोगेका र अनुभव गरेका तथ्यहरूलाई मुख्य विषयवस्तु बनाई प्रस्तुत निबन्ध रचना गरेका छन् । यस निबन्धमा एकातिर धार्मिक क्षेत्र मुक्तिनाथको वर्णन पाइन्छ भने अर्कोतिर प्राकृतिक छटा र सुन्दरताको वर्णन छ । यात्राका क्रममा बाटोमा पर्ने स्थलहरूको सिलसिलेबारका रूपमा व्याख्या गरेका छन् । आफ्नो परिवारको साथमा मुक्तिनाथ दर्शनको लागि यात्रामा निस्केका निबन्धकार पहिलो दिनको यात्रा आँधीखोलाको तिरैतिर उत्तरतर्फ लागेको देखिन्छ । यात्राका क्रममा चाहिने आवश्यक सरसामान साथमै भएकाले खान बस्नको लागि कुनै समस्या नभएको अभिव्यक्ति व्यक्त गरेका छन् । आँधीखोला र कालीनदीको तिरैतिर यात्रा गर्ने क्रममा बाटोमा पर्ने बस्तीहरू, सुन्दर बसौ बसौं लाग्ने चौताराहरू, काली गण्डकीको रमणीय जलप्रवाह, सुन्दर झरना, चट्टान, पहरा, ओडार, गुफा आदिले प्राकृतिक छटाहरूको वर्णन गरेका छन् । सम्पूर्ण प्राकृतिक सौन्दर्यताले भरिपूर्ण भएको देख्दा देश नै लहरा पहरा, छहराहरूको देश हो भन्ने कुरालाई दर्साएको पाइन्छ । पहिलो दिनको वास मदीवेनी र दोस्रो दिनको वास बेनीमा वस्दा खुल्ला आकाश मुनि बसेको देखिन्छ । यात्राका

क्रममा भगवातमा वर्णित भरतको कथा जोडेर भरतले यो क्षेत्रमा मृगको जुनि बिताएको कथामा विश्वास गर्न सक्ने आधार व्यक्त गरेको पाइन्छ । वेनीमा अन्नको अभाव देखिएकाले मान्छेहरू मुस्किलले जीवन गुजारा गरेको देख्दा निबन्धकारले कृर्षिमा अनुसन्धान गरी मानिसको जीवन स्तरमा सुधार गर्नु पर्ने तर्फ सचेत गराएको पाइन्छ । बाटोमा पर्ने धार्मिक स्थलहरू जलेश्वर, महादेव, तातोपानी आदि जस्ता महत्त्वपूर्ण स्थलहरू दर्साउनुको साथै जलेश्वर महादेवको दर्शन गर्नाले पशुहरूको सुरक्षा हुने विश्वासले भक्तजनहरूले धमाधम दाम्ला चढाएको कुरालाई अभिव्यक्त गरेका छन् । तातो पानीमा नुहाउँदा चर्मरोगका साथै अन्य रोगहरू पनि निको हुने विश्वासले भक्तजनहरू लामो समय सम्म पोखरीमा बिताउने गरेको पाइन्छ । यात्रा गर्ने क्रममा ढकालले गोरेटो बाटोको पनि चर्चा गरेको पाइन्छ । गोरेटो बाटो कतै कहाली लाग्दो, कतै लिस्नु हाल्नु पर्ने, कतै खरका गाँजहरू समाएर हिड्नु पर्ने, खुट्टा अड्याएर हिड्नै नसक्ने जस्तो समस्याले गर्दा त्यसतर्फ सबैले सोच्नु पर्ने कुरालाई दर्साएका छन् । रूपसे झरनालाई देख्दा खुशीले आत्मविभोर भएका निबन्धकार ढकालले हामी नेपालीहरू यस्ता सुन्दर छटा हेर्नबाट टाढा भए पनि विदेशी पर्यटकहरूले यस्ता ठाउँमा लामो समय बिताएको तर्क प्रस्तुत गरेका छन् । यात्राका क्रममा पर्ने स्थानहरू दाना, घाँसे, लेते, टुकुचे, मार्फा, कागवेनी, जोमसोम, जस्ता सुन्दर वस्तीहरूको पनि महत्त्वपूर्ण कारण हुनुको विस्तृत चर्चा गरेका छन् । घरबाट यात्रामा निस्केको छैटौं दिनका दिन धार्मिक पवित्र स्थान मुक्तिनाथमा पुगेको पाइन्छ । आफू स्वर्ग माथि छु भन्ने विश्वासलाई पुष्टि गर्दै जति माथि गयो उती रमणीय स्थानहरू सुन्दर प्राकृतिक छटाहरू मनै लोभ्याउने हिम श्रृङ्खलाहरू, भगवान शिवको वासस्थान रहेको जस्ता विषयवस्तुका बारेमा चर्चा गरिएको पाइन्छ । मुक्तिनाथको दर्शनका क्रममा एक विहानै १०८ धारामा नुहाउदा ठण्डीले शरीर खतम भई १ घण्टा सम्म आगो तापेर बस्नु परेको यथार्थलाई प्रस्तुत गरेका छन् । मुक्तिनाथ मन्दिरलाई हिन्दुहरूले विष्णुको रूपमा र बुद्धिष्टहरूले बुद्धको रूपमा पूजा गर्ने धार्मिक सहिष्णूता रहेको पाइन्छ । मुक्तिनाथ मन्दिरको कलात्मक पक्ष प्रशंसनीय रहेको र त्यस क्षेत्रको पानीमा आगो बलिरहेको जस्ता पक्ष माथि चर्चा गरिएको पाइन्छ । त्यस क्षेत्रबाट देखिने सुन्दर प्राकृतिक छटाहरू हिमश्रृङ्खला तललत खैरा रङ्ग हिउँ पग्लने पहाडहरू जस्ता दृश्यले सबै नेपाली तथा विदेशीहरूलाई आकर्षित गराई रहेकोले त्यस्ता स्थलहरूको प्रचार प्रसार गरी त्यसको संरक्षण गरिनु पर्ने तर्फ जोड दिएको पाइन्छ ।

## २०. पंचासेको मेलामा सद्मी छर्ने बेलामा

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले समुन्दी सतहदेखि १२ सय फिट उचाईमा रहेको स्याङ्जा जिल्लाको महत्त्वपूर्ण धार्मिक स्थल पंचासेमा सद्मी छर्ने बेलामा देखेका भोगेका र अनुभव गरेका कुराहरूलाई निबन्धको विषयवस्तु बनाएका छन् । निबन्धकारले त्यस ठाउँमा अन्नको कमी भएको कुरा प्रकट गरेका छन् । अर्कोतिर अन्न बनभरि छरेर त्यसै खेर फालेको दुखेसो व्यक्त गरेका छन् । हाम्रो जस्तो गरिबी मुलुकमा यसरी फालिने अन्न कुनै गरिबलाई दिने हो  भने यस संसारमा भोकमारीको समस्या पर्ने थिएन भन्ने कुरा दर्साएका छन् । धनी वर्गले यो कुरा किन सोचेका हुँदैनन् भन्ने जस्ता प्रश्नहरू पनि गरेको पाइन्छ । यस निबन्धमा एकातिर त्यहाँको प्राकृतिक सौन्दर्यताको वर्णन गरिएको छ । अर्कोतिर भने तीर्थयात्राको वर्णन पनि पाइन्छ । त्यहाँ चिनिएका चौताराहरू देख्दा निबन्धकारले मिश्र देशका पिरामिडहरू सम्झन पुगेका छन् । अनि

त्यहाँको प्राकृतिक मनोरम दृश्यलाई मुटुभरी संगाल्दै अगाडि बढ्दा त्यहाँका जङ्गलमा अन्धविश्वासी भक्तजनहरूलाई भेटेका छन् । ती भक्तजनहरूले यस जुनीमा सत्बीज छरे अर्को जुनीमा अन्नको कमी हुँदैन भन्दै वनभरी अन्न छरेको देख्दा र त्यसरी छरेको अन्न व्यथै सड्ने हुँदा निबन्धकारले खिन्नता प्रकट गरेको पाइन्छ । त्यहाँ जाने मानिसहरू मध्ये कुनै त फेशन सो गर्न पनि आउँदा रहेछन् । निबन्धकारले त्यो ठाउँ फेशन सो गर्ने थलो त होइन भन्दै आश्चर्य समेत व्यक्त गरेको पाइन्छ । पर्यटकीय स्थलका रूपमा रहेको त्यस मनोरम स्थलको महिमा वर्णन गर्दै विदेशीहरू यसै कारणले गर्दा पनि नेपाल आउने गरेको कुरा देखाएका छन् । यस निबन्धमा निबन्धकारले नेपालीहरूको धार्मिक विश्वासमा सुधार आउनु पर्ने र समयनुकुल सांस्कृतिक परम्मपरामा सुधार हुनु पर्ने आवश्यकतालाई विशेष जोड दिएको पाइन्छ । यस निबन्धमा एकातिर यात्राको वर्णन गरिएको छ भने अर्कोतिर धर्मका नाउँमा गरिने क्रियाकलाप प्रति तीखो व्यङ्ग्य प्रहार गरिएको छ ।

## २१. भारतका केही ठाउँहरूमा पुग्दा

निबन्धमा निबन्धकार ढकाल घरबाट बुटवल सम्मको पैदल गर्दै नेपाल लगाएत भारतका विभिन्न ठाउँमा पुग्दा देखेका, भोगेका र अनुभव गरेका कुरालाई निबन्धको विषयवस्तु बनाएका छन् । ढकाल २०१९ साल असाढ १७ गते वर्षायाममा घरबाट भारत भ्रमणमा निस्केको पाइन्छ । ढकालले बाटोमा देखेका भारी बोकेर हिड्ने दुःखी नेपालीहरूको अवस्थामाथि चित्रण गरेका छन् । प्रस्तुत निबन्धमा ढकालले मान्छेको जीवन र पशुको जीवन उस्तै रहेको कुरालाई व्यक्त गरेका छन् । यदि बाटोघाटो यातायत आदिको राम्रो व्यवस्था भईदिएको भए मान्छेले यसरी गधा खच्चडको जस्तो भारी बोक्नु पर्ने थिएन भन्ने दुःखेसो प्रस्तुत गरेका छन् । यस निबन्धमा निबन्धकार ढकालले विकसित देशका मान्छे र अविकसित देशका मान्छेहरूको तुलना गर्दै विकसित देशका मान्छेहरूले यस्तो जीवन नबिताए पनि पुग्ने तर अविकसित देशका मान्छेले पशुको जस्तो जीवन बिताउनु पर्ने किन भन्ने जस्ता प्रश्नहरू पनि राखेको पाइन्छ । त्यस्तै गरी घरिघरि बाटोमा हिड्दा मनमा नेपालीहरूको भविष्यमा हुन सक्ने सुखमय जीवनको कल्पना गरेको देखिन्छ । निबन्धकार भन्छन् - यदि देशमा राम्रो सरकार भई दिए उन्नतिको बाटो दिन प्रतिदिन लम्कदै जानसके, सबै नेपालीहरू परिश्रमी भइदिए गरेको परिश्रम खेर जाने थिएन । नेपाली समाज पनि अरु उन्नत देशको दाँजोमा पुग्न सक्थ्यो । सभ्य बनेर सुखमय जीवन बिताउन पाउथे भन्ने आशामा निबन्धकार रहेको देखिन्छ । यो यात्रा खस्यौली, नौतनवा गोरखपुर हुँदै भारताका विभिन्न ठाउँमा पुगेको पाइन्छ । यस निबन्धमा ढकालले कामको र मामको खोजीमा भारततिर लाग्ने नेपालीहरूको अवस्था माथि चित्रण गरेका छन् । कामको खोजीमा भारत पसेपछि विभिन्न ठग गुण्डाबाट ठगिएर दुःख हण्डर खाँदै घर फर्कनु परेको तीतो यथार्थलाई प्रस्तुत गरेको देखिन्छ । हरेक नेपालीहरू यसरी विदेशीएर विभिन्न ठगहरूबाट ठगिनु भन्दा आफ्नै देशमा केही गरेर जीवन बिताउन सक्यो भने दुःख हण्डर खानु पर्दैनथ्यो भन्दै सबै नेपालीहरूले हरेक कुरामा सचेतता अप्नाउनु पर्दछ । नग्न सामाजिक फिल्म हेर्न आजका युवा युवतीहरू भोको पेट लिएर पैसाको अभावमा पनि फिल्म हेर्न जाने कुराप्रति तीखो व्यङ्ग्य प्रहार गरेका छन् । नेपालमा पनि यस्ता फिल्महरूले विकृति ल्याइरहेको कुरालाई दर्साएका छन् । जीवन निर्वाहको लागि हरेक नेपालीहरूलाई नेपालमै रोजगारी उपलब्ध गराइदिए यसरी विदेशमा धाउनु पर्ने थिएन भन्ने

तर्कलाई अगाडि सारेको पाइन्छ । नेपालीहरू विदेशमा गएर कुल्ली, भारिया, पाले, चौकीदार भई जीवन बिताउनु परेको यथार्थतालाई प्रस्तुत गरेका छन् ।

## २२. दार्जिलिङ् भ्रमणको सानो झझल्को

प्रस्तुत निबन्धमा नियात्राकार ढकालले दार्जिलिङ भ्रमणका क्रममा अनुभव गरेका तथ्यहरूलाई बिषयवस्तु बनाई प्रस्तुत निबन्धको रचना गरेका छन् । २०२३ सालमा झापाको विराट साहित्य सम्मेलनमा सहभागी भई दार्जिलिङ यात्रा तय गरेको देखिन्छ । दार्जिलिङसँग हामीहरूको आत्मीय र भावनात्मक सम्वन्ध पहिले देखि रहदै आइरहेको कुरालाई दर्साएका छन् । त्यस ठाउँमा नेपाली भाषा र साहित्यले मौलाउने अवसर प्राप्त गरेको देखिन्छ । धरणीधर कोइराला, सूर्य विक्रम ज्ञवाली र पारसमणी प्रधान जस्ता साहित्यकारहरूको कर्मथलो रहेकाले पनि नेपाली साहित्यको क्षेत्रमा फड्को मारेको पाइन्छ । दार्जिलिङको प्राकृतिक सुन्दरता, चियाबगान र रमणीय स्थानहरूको अवलोकनले निबन्धकारलाई लोभ्याएको देखिन्छ । आम नेपालीहरूको जीवन भन्ने वित्तिकै भरिया, कुल्ली, चौकीदार, कोदाली खन्नेको मात्र चित्र देखिने भएकाले त्यसठाउँमा रहेका नेपालीहरूको जीवन देख्दा मनमा सन्तोष भएको कुरा व्यक्त गरेका छन् । चौरास्तामा आदिकवि भानुभक्तको भब्य सालिक रहेको र भानुभक्तको परिचय पनि त्यस ठाउँबाटै भएको कुरा प्रस्तुत गरेका छन् । यस निबन्धमा निबन्धकार ढकालले दार्जिलिङ र नेपालको तुलना गर्दै हामी नेपालीहरू बीसौं शताब्दीको अँध्यारोमा रुमलिन परेको तीतो यथार्थलाई प्रस्तुत गरेको पाइन्छ । सगरमाथा आरोहीक तेन्जिङ नोर्गेलाई भारतीय नागरिक बनाई भारतले प्रथम विजय गरेको मतका लागि पर्वतारोहण शिक्षण संस्थाको प्रमुख बनाई दिएको तर्क प्रस्तुत गरेका छन् । चारैतिर चिया लगाउने सर्वत्र चियावगान, चियागोदाम मात्र रहेकाले चियाको बिक्रीबाट प्राप्त हुने नाफाको आवश्यक खाद्यपदार्थ खरीद गर्नुपर्ने रहेछ । पहाडको ठाउँमा रेल सेवा सञ्चालन रहेको देख्दा हामीहरूकोमा पनि यस्तै विकास हुनु पर्ने राय प्रस्तुत गरेका छन् ।

## २३. लुम्बिनी र बाल्मीकि आश्रमको अवलोकन

नियात्राकार ढकालले नेपालको प्रसिद्ध धार्मिक स्थल लुम्बिनी र बाल्मीकि आश्रमको अवलोकन गर्न जाँदा देखेका र अनुभव गरेका कुराहरूलाई निबन्धको विषयवस्तु बनाएका छन् । निबन्धकार २०३३ साल फागुन महिनामा सहकर्मीका साथ लुम्बिनी भ्रमणमा निस्केको पाइन्छ । लुम्बिनी र बाल्मीकिको पुण्यस्थलमा पुग्ने इच्छा पहिले देखिनै मनमा पलाइ रहेकोमा सो इच्छा त्यति बेला पूरा भएको खुसी व्यक्ति गरेका छन् । अवलोकन गर्ने क्रममा लुम्बिनी गौतम बुद्धको जन्मस्थल भएकाले हजारौं पर्यटकहरूको आगमन हुने र बौद्धिक धर्मलम्बीहरूले पून्यस्थलको रूपमा प्रयोग गरेको यथार्थलाई प्रस्तुत गरेका छन् । लुम्बिनीमा रहेको प्राचीन मन्दिरहरू मायादेवी स्तम्भ, महेन्द्र स्तम्भ, अशोक स्तम्भ आदि मन्दिरहरू निकै पुरानो रहेकोमा तिनीहरूको पुनरनिर्माण गर्ने कार्य भइरहेको यथार्थलाई प्रस्तुत गरेका छन् । वनारसको सारनाथमा विभिन्न राष्ट्रको सहयोगमा ठूला ठूला मन्दिर, मूर्ति र स्तुपहरू निर्माण भएकोमा बुद्धको जन्मस्थल लुम्बिनीको अवस्था दुःख लागेको अनुभवलाई दर्साएका छन् । भविष्यमा नव निर्माणहुने भनिएको भए तापनि कहिले कुन समयमा बन्ने हो वा बन्ने होइन भन्ने चिन्तामा निबन्धकार रहेका छन् ।

लुम्बिनीको यात्रा सम्पन्न गरी निबन्धकार ढकाल बाल्मीकि आश्रमको अवलोकन गर्न पुग्दछन् । चितवन जिल्लाको पुछार दक्षिणी भागमा नेपाल र भारत सीमा नजिकै बाल्मीकि आश्रम रहेको छ । सुरुका दिनमा लुटेरा बाटामा लुकेर यात्रीहरूको मालसामन, पैसा लुट्ने माग्ने चोरी वर्गमा लागेका रत्नाकर पछि सुमार्गमा लागेका छन् । उलने मरामरा भन्दै राम नाम जपेर शरीर भरी धमिरा लाग्दा पनि तपस्यामा लीन भइरहेकोले धमिराबाट निस्केको हुँदा बाल्मीकि नाम रहन गएको यथार्थतालाई प्रस्तुत गरेका छन् । तिनै सिद्ध महात्मा विद्वान बाल्मीकिको तपस्यास्थल विष्णु मूर्ति, वराहमूर्ति, हरिहर मूर्ति, देवीका मूर्तिहरू रहेको स्थलमा संरक्षणको अभाव देखिएको चिन्ता अभिव्यक्त गरेका छन् । नेपालको भूभागमा विशाल बाँध र नहर बनाई नारायणी नदीको जल प्रवाह भारतले एकलौटी रूपमा पानी लगि विहार र उत्तरप्रदेशलाई सिंचाई पुऱ्याएको तर नेपाली भूमिमा सुख्खा रहेको दुःखेसो व्यक्त गरेका छन् । नेपाली शासकहरूले कुने उद्देश्यले यस्तो कार्य गरेका त होइनन् भन्ने शंका निबन्धकारमा रहेको पाइन्छ । यस निबन्धमा ढकालले नेपाली भूमिका नदीनालाहरूमा बाँध बाँधी मालिक बन्ने विदेशी राष्ट्रहरूका विरुद्ध सम्पूर्ण नेपालीहरूले आवाज उठाउनु पर्नेमा जोड दिएका छन् ।

### ४.३.३ उद्देश्य

**जीवन सङ्घर्षको चक्कर ठक्कर** (२०५८) निबन्ध लेखनमा निबन्धकार ढकालले विभिन्न उद्देश्यहरू राखेका छन् ती उद्देश्यहरूमा प्रगतिशील चिन्तनको प्रस्तुतिकरण गर्नु, विज्ञानको चमत्कार भित्र रहेका विकृति र विसङ्गतिको चित्रण गर्नु, सामाजिक क्षेत्रमा रहेका विभिन्न समस्या र विकृतिको समधान गर्नु पर्दछ । नेपाली राष्ट्रिय अस्तित्वको महिमा गान गर्नु, गरिवी र अशिक्षाले ल्याएका जटिल अवस्थाको उद्घाटन गर्नु, पत्रकारिताको क्षेत्रमा काम गर्दा भोगेका अनुभवहरूलाई प्रष्फुटिकरण गर्नु, भूपि शेरचनको आत्मीयताप्रति जागरुक हुनु, जेलभित्र देखिएका विकृति र विसङ्गतिहरूको पर्दाफास गरेका छन् । अज्ञानता र अशिक्षाले पिल्सिएका व्यक्तिहरूको चित्रण गर्नु, सबैले बुद्धिले काम गर्नु पर्ने, औषधीको भरमा नपरि शुद्ध शाहाकारी भएर जीबन बिताउनु पर्छ । देशमा भइरहेको महंगीलाई पहिलेको र अहिलेकोसँग तुलना गर्नु, जीवन सङ्घर्षमय हुनु, आँधीखोलालाई आफ्नो घनिष्ठ साथीको रूपमा लिनु, प्राकृतिकको भरिपूर्ण भएको स्याङ्जाको महिमा गान गर्नु, महिला माथि पुरुषले गरेको अन्याय अत्याचारको विरोध गरेका छन् । गाउँका केटाकेटीहरूलाई पढाएर ४० वर्ष शिक्षक जीवन बिताउनु, यथास्थिति प्रवृत्तिको अन्त्य नभए सम्म राष्ट्र विकासको खुट्किलामा नचढ्ने हुनाले जतिसक्दो चाँडो यसको अन्त्य गर्नु पर्ने, सादा जीवन र उच्च विचारले मान्छेलाई महान् बनाउने भएका त्यस तर्फ सबैको ध्यान जानु पर्ने आदि प्रमुख रहेका छन् ।

प्रस्तुत निबन्धसङ्ग्रह भाग दुई अन्तरगत नियात्रावर्णन गरिएको छ । यसमा पनि ढकालले विभिन्न उद्देश्यहरू राखेका छन् । ती उद्देश्यहरूमा तीर्थस्थल सम्वन्धी जानकारी गराउनु, धर्मका नाउँमा देखिएका विकृति विसङ्गतीहरूको चित्रण गर्नु, नेपाली तथा विदेशी भूभागको वर्णन गर्नु, धार्मिक मान्यता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाजको चर्चा गर्नु, आदि प्रमुख रहेका छन् ।

### १. प्रगतिशील चिन्तनको खाँचो

यस निबन्ध लेखनको मूल उद्देश्य नेपाली समाज, धार्मिक एवम् सांस्कृति क्षेत्रमा देखिएका विकृति र विसङ्गतिको आलोचना गर्दै, अग्रगामी विचारधाराको व्याख्या वा पुर्नव्याख्या गर्नु रहेको छ ।

### २. अन्तरिक्ष ग्रहान्तर यात्राको आश्चर्यमय युग

बैज्ञानिकहरूले अन्तरिक्ष ग्रहान्तर यात्राको अवलोकन गरी विभिन्न खोज अनुसन्धानवाट रहस्यमय तथ्यहरू पत्ता लगाउनु, हामी सम्पूर्ण नेपालीहरूको ध्यान विज्ञानतिर जानु पर्छ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ३. स्वर्ग हो नेपाल, स्वर्ग हो हिमाली भू-भाग

प्राकृतिक सौन्दर्यताले भरिपूर्ण भएको स्वर्ग जस्तो नेपाललाई हामी नेपालीहरूले चिन्न नसक्नु, तीर्थ यात्रा गर्न भारत लगाएत विभिन्न ठाउँहरूमा दौडनु भन्दा, नेपालमै तीर्थयात्रा गर्नाले मुक्ति पाइन्छ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ४. अल्छीलाई बल्छी मखण्डीलाई जाल

नेपाली समाजमा देखिएका विकृति र विसङ्गति प्रति आलोचना गर्दै गरिवलाई पनि धनी सरह बाँच्न दिनु पर्दछ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### ५. पत्रकारिताको बाटोमा लाग्दा

पत्रकारको हैसियतले काम गर्दाको अनुभव र पत्रकारिताको विकासका लागि गरेको योगदान नै प्रस्तुत निबन्धको उद्देश्य हो ।

### ६. वरिष्ट कवि भूपि शेरचन

भूपि शेरचनले साहित्य प्रति गरेको योगदान र उनीसँगको घनिष्ट सम्वन्धलाई नै यस निबन्धको उद्देश्य बनाएका छन् ।

### ७. जेलभित्र केही समय बस्ताको अनुभव

सामाजिक र राजनैतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूको आलोचना गर्दै बन्दी गृहहरूको उचित व्यवस्थापन गरी सुधार गर्नु पर्छ भन्नु नै यस निबन्धको प्रमुख उद्देश्य रहेको छ ।

### ८. हटाउनै पर्ने गरिवीको अभिषाप

नेपालीहरू एक शताब्दीदेखि दुःख गरिबी रोग, भोक, अशिक्षा, पछौटेपनमा पिल्सिएर बाँचिरहनु परेको अवस्थाको चित्रण गर्नु नै यस निबन्धको उद्देश्य हो ।

**९. बुद्धि नभएको नेपाली**

हामी नेपालीहरू आफ्नो बुद्धिले काम नगरी वाह्य बुद्धिको पछि लागि देशको मुहार फेर्न नसकेको यथार्थ नै यस निबन्धको उद्देश्य रहेको छ ।

**१०. औषधी भन्दा पथपरहेज राम्रो**

कुनै पनि व्यक्ति औषधीको भरमा नपरी, आहार, विहार, खानपान स्वास्थ्य सरसफाइमा ध्यान पुऱ्याउनु पर्दछ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

**११. त्यो सस्तो सुविधाको जमाना**

५०-६० वर्ष पहिले भएको मूल्यसँग वर्तमान समयमा भएको मूल्य बृद्धिलाई तुलनात्मक रूपमा देखाउनु नै यस निबन्धको उद्देश्य रहेको छ ।

**१२. जीवन सङ्घर्षको चक्कर ठक्कर**

मानिसले आफ्नो जीवनकालमा भोग्नु परेको समस्या, गर्नु परेको सङ्घर्ष र खानु परेको ठक्करलाई देखाउनु नै यस निबन्धको उद्देश्य रहेको छ ।

**१३. आँधीखोला मेरो घनिष्ठ साथी**

आँधीखोलालाई आफ्नो घनिष्ट साथीको रूपमा लिनु, आँधीखोलाले सम्पूर्ण प्राणीहरूको रक्षा गर्ने हुँदा यसको संरक्षण र सदुपयोग गर्नु पर्छ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

**१४. प्रकृतिको सुन्दर स्याङ्जा**

प्राकृतिक छटा र सुन्दरताले भरिपूर्ण भएको स्याङ्जा जिल्लालाई सबैका सामु चिनाउनु नै यस निबन्धको उद्देश्य रहेको छ ।

**१५. महिला र उत्पीडनको प्रश्न**

हाम्रो समाजमा पुरुषले महिला माथि गरेको दमन, शोषण, अन्याय, अत्याचार आदिको आलोचना गर्दै, महिलाहरूलाई पनि हरेक क्षेत्रमा पुरुष सरह हक, अधिकार दिनु पर्छ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

**१६. गाउँले शिक्षक भएर ४० वर्ष**

गाउँले शिक्षक भएर चार दशक लामो समय अवधिमा भोगेका अनुभव गरेका तिता मिठा कुराहरूको लेखाजोखा गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

**१७. आफ्नो शेष पछि अवशान पछि**

आफूले आफ्नो जीवन कालमा गरेका क्रियाकलावहरूलाई आफ्नो शेषपछि सबै जनाले सम्झिदिउन् भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### १८. घर व्यवहार आफ्नो कुरा पनि आफ्नै

आफूले सकेसम्म हरेक तवरले शिक्षाको प्रचार गर्नु, पढाउनु, बालबालिकाहरूलाई भविष्यमा सचेत नागरिक बनाउनु नै यस निबन्धको उद्देश्य हो ।

### १९. मुक्तिनाथ यात्राको छोटो वृन्तान्त

धार्मिक स्थलहरूको वर्णन गर्नु, प्राकृतिक सुन्दरताको चित्रण गरी प्रचार प्रसार गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### २०. पंचासेको मेलामा सद्‌मी छर्ने बेलामा

प्रकृतिक सुन्दरता, धार्मिक क्षेत्र पंचासेको वर्णन गर्नुको साथै धर्मका नाउँमा देखिएका विकृति र विसङ्गतिको अन्त्य गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### २१. भारतका केही ठाउँहरूमा पुग्दा

नेपाली समाज राजनीति, शैक्षिक, संस्कृति तथा सामाजिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिहरू प्रति आलोचना गर्दै प्रगतिशील विचार धाराको व्याख्या वा पुर्नरव्याख्या गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### २२. दार्जिलिङ भ्रमणको सानो झझल्को

दार्जिलिङले साहित्य क्षेत्रमा गरेको प्रगति र त्यस क्षेत्रको सुन्दरतालाई वर्णन गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

### २३. लुम्बिनी र बाल्मीकि आश्रमको अवलोकन

नेपालका पवित्र तीर्थस्थलहरू लुम्बिनी र बाल्मीकि आश्रमको धार्मिक तथा ऐतिहासिक महत्त्व देखाउनु नै यस निबन्धको उद्देश्य हो ।

### ४.३.४ भाषाशैली

भाषा निबन्ध अभिव्यक्तिको माध्यम हो । यसलाई प्रस्तुत गर्ने तरिका शैली हो । भाषा शैलीको प्रयोगका आधारमा केदार शर्मा ढकालको **जीवन सङ्घर्षको चक्कर ठक्कर** निबन्धसङग्रहका निबन्धहरूको अध्ययन यस प्रकार गरिएको छ ।

तत्सम शब्दहरूको प्रयोग किन्तु (पृ. १) अस्तु (पृ. २), परिश्रम (पृ. ३) अङ्ग (प. २), दुःख (पृ( १४), कष्ट (पृ. १४) नष्ट (पृ. २०), पूण्य (पृ. ५२), भ्रम (पृ. ५५) ऐश (पृ. ६०) मंगल (पृ. ४), अथ (पृ. ७५), आदि रहेका छन् ।

तत्भव शब्दहरूको प्रयोग पैसा (पृं. ३), दूध (पृ. १०), दङ्ग (पृ. ३५), काँध (पृ. २५), मरन्न्यासे (पृ. ११) थोरै (पृ. २४) तीतो (पृ. ३०), तीखो (पृ. ६३), रात (पृ. ६३) सात (पृ. ३४) आज (पृ. ७४) आदि जस्ता तत्भव शब्दको प्रयोग पनि उनका निबन्धमा पाइन्छ । त्यस्तै आगन्तुक शब्दहरूको प्रयोग - अपसिलोन (पृ. ३), एण्डोमेडा (पृ. ३) एपोलो (पृ. ४) जुलाई (पृ. ४) अक्सिजन (पृ. ५) स्कुल (पृ. ४२) विद्यालय (पृ. ५५) टेष्ट (पृ. ४०) आइ.एस.सी (पृ. ७४) किताव (पृ. ७५) आदि शब्दहरू उनका निबन्धमा पाइन्छ । ढकालका निबन्धमा झर्रो शब्दको

प्रयोग पनि केही मात्रमा भएको पाइन्छ । जस्तै झुप्रा (पृ. २७) झाम्टो (पृ. २८) धुम्धुम्ती (पृ. ३५) सिट्टे (पृ. ४५) खुत्रुक्कै (पृ. ५०) आदि ।

माथि प्रयोग गरिएका शब्दहरू मध्ये केदार शर्मा ढकालको **जीवन सङ्घर्षको चक्कर ठक्कर** निबन्धसङ्ग्रहका निबन्धहरूमा तत्सम तत्भव शब्दको साथै अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग वढी मात्रमा गरिएको छ ।

केदार शर्मा ढकालका निबन्धहरूमा विभिन्न उखान टुक्काको पनि प्रयोग भएको पाइन्छ । जस्तै कागले कान लग्यो (पृ. ८) राक्षस बन्न सजिलो छ, देवता बन्न गाह्रो हुन्छ  (पृ. १२) पैसाजति धामीलाई रोग जति हामीलाई (पृ. ३१) आदि जस्ता उखान टुक्काको प्रयोग पाइन्छ ।

वाक्य गठनका दृष्टिले प्रस्तुत निबन्धसङग्रह भित्रका निबन्धहरूमा सरल मिश्र र संयुक्त तीनै प्रकारका वाक्यहरूको प्रयोग पाइन्छ । यी वाक्यहरूमा पनि सरल वाक्यको बाहुल्यता बढी मात्रमा पाइन्छ । जस्तै आजको युग नै प्रगतिको युग हो (पृ.१) मान्छेको जीवन सङ्घर्षमय रहेछ ( पृ. ३६) भारत हाम्रो निकटको छिमेकी देश हो (पृ. ८२) आदि जस्ता वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

पदक्रम विन्यासका आधारमा हेर्दा यस **जीवन सङ्घर्षको चक्कर ठक्कर** निबन्धसङ्ग्रहका निबन्धहरूमा धेरै जसो व्याकरणिक वाक्यहरूको प्रयोग गरिएको छ भने थोरै जसो आलङ कारिक वाक्यको प्रयोग गरिएको छ । जस्तै त्यो बाटो हिंड्दा त्यति खेर त्यसो गर्नुपर्ला भन्ने कल्पनै थिएन मेरो (पृ. ५०) अनन्त ऐश्वर्यका खानी, अपरिमेय सम्पत्तिका निधि छन् हिमालय (पृ. ६७) आदि जस्ता वाक्यको प्रयोग उनका निबन्धमा पाइन्छ ।

केदार शर्मा ढकालको **जीवन सङ्घर्षको चक्कर ठक्कर** (२०५८) निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूमा विभिन्न शैलीको प्रयोग गरिएको छ । मूलतः उनले व्यङ्ग्यात्मक शैली, यात्रासंम्मरणात्मक शैली र निजात्मक शैलीको प्रयोग गरेका छन् । व्याङ्ग्यात्मक शैलीको प्रयोग जस्तै बिहान भए पछि शौच गर्ने, मुख धुने आदि गनै पऱ्यो, भनेर शौचालयमा गएको त नरकको पनि महानगर त्यहाँ पो रहेछ । (पृ. २३) आदि । त्यस्तै गरी यात्रासंस्मरणात्मक शैलीको प्रयोग - जस्तै  म जस्ता अरू पनि मान्छे हिंड्दै थिए । बाटोमा अझै गह्रौं गह्रौं भारी बोकेर हिँड्नेहरूको कमी थिएन भने  म त रित्तै छु, यो बाटो हिंड्न के मुश्किल भनेर चित्त बुझाउने गर्थे । (पृ. ८३) आदि शैलीको प्रयोग गरेका छन् । निजात्मक शैलीको प्रयोग जस्तै आफूले सकेसम्म हरेक तवरले शिक्षाको प्रचार गर्नु पढाउनु, बालबालिकाहरूलाई भविष्यमा सचेत नागरिक बनाउनु, यही नै मेरो मुख्य उद्देश्य हो । (पृ. ५४) आदि जस्ता शैलीको प्रयोग पनि ढकालका निबन्धमा पाइन्छ ।

ढकालका निबन्धहरूमा निजात्मक अनुभूतिहरूलाई सहृदयी ढंगले प्रस्तुत गरिएको हुनाले यस सङ्ग्रहका निबन्धहरू आत्मपरक शैलीका छन् ।

## ४.४ केही रचना केही सम्झना निबन्धसङ्ग्रहका निबन्धहरूको विश्लेषण

### ४.४.१ कृतिको परिचय

केही रचना केही सम्झना निबन्धसङ्ग्रह मनकुमारी केदार शर्मा ढकाल प्रतिभा पुरस्कार प्रतिष्ठान स्याङ्जाबाट २०६६ सालमा प्रकाशित भएको हो । यस कृतिको आवरण पृष्ठ आधाभन्दा

केही थोरैमा कालो रङ र अरु भागमा निलो रङ रहेको छ । हल्का निलो रङ माथि काला अक्षरमा कृतिको नाम दिइएको छ भने अन्त्यमा सेतो अक्षरमा कृति लेखकको नाम दिइएको छ । त्यसपछिको अर्को पृष्ठमा सिरानमा कृतिको नाम बीचमा प्रकाशनको नाम, संस्करण, टाइप, मुद्क, मूल्य फोन नं. आदिको विवरण दिइएको छ । अन्त्यमा केदार शर्मा ढकाल केही रचना केही सम्झना भनि लेखिएको छ । त्यसपछिको अर्को पृष्ठको सिरानमा सभक्ति श्रद्धाञ्जालिपूर्ण समर्पण भनि कालो अक्षरमा लेखिएको छ । त्यसैको ठीक तलपट्टि लेखकका पिताको फोटो राखी पिता श्री दुर्गादत्त उपाध्याय जन्म १९६० स्वर्गारोहण २०३४ भनि कालो र मसिनो अक्षरमा लेखिएको छ । त्यस्तै गरी अर्को पृष्ठको सिरानमा कालो अक्षरले आफ्ना दुई शब्द शीषर्कको लेख लेखि अन्त्यमा केदार शर्मा ढकाल २०६६ मार्ग २३ लेखिएको छ ।

आकार प्रकारका दृष्टिले लामो साइजको आकारमा प्रस्तुत भएको यो कृति ५९ पृष्ठको कलेवरमा विस्तारित भएको छ । यस कृतिमा लामा छोटा गरी ५ पृष्ठ सम्ममा फैलिएका १७ ओटा निबन्धहरू रहेका छन् । जसमा 'वीर अमर शहीदहरूलाई सम्झेर', 'बाँच्दै राखे नाच्दै राख्न पाइने', 'मेरो स्मृतिमा मातृभूमि विद्यालय', 'भयावह भौतिक प्रकोपहरू र सर्तकता', 'प्रगतिशील साहित्य', त्रिभुवन आर्दश मा.वि.मा काम गर्दाका उत्साहपूर्ण दिनहरू', 'हाम्रा उपेक्षित वृद्ध जेष्ठ नागरिकहरू', 'पुरानो साहित्यिक पत्रिका युगभाषालाई सम्झेर लेख्नु पर्दा', 'महाकवि देवकोटाको शतवार्षिकी सम्दर्भलाई लिएर', 'आदिकवि भनुभक्त आचार्य', 'साहित्य नै मेरो रुचिको विषय', 'नशा धुम्रपानको दुष्परिणाम', 'जस्तो सङ्गत उस्तै फल', 'शारदा मन्दिर स्कुल पहिले र अहिले', 'लक्ष्मी स्मृति पुस्तकालय बारे छोटो मन्तव्य', 'डुल्दै घुम्दै पुगियो गुल्मी काम भयो उही पढाउने', 'पहिलो पल्ट राजधानी काठमाडौतिर दौडिदा', आदि जस्ता निबन्धहरू रहेका छन् ।

यस निबन्ध सङ्ग्रहमा सङ्कलित भएका निबन्धहरू मध्ये केही निबन्धहरू समसामयिक राजनीति, शिक्षा र साहित्यसँग सम्वन्धित छन् । केही निबन्धहरू सामजिक, दार्शनिक, बैज्ञानिक, ऐतिहासिक, व्यवहारिक लगायत आफ्नै निजी अनुभूतिमा आधारित छन् । यस सङ्ग्रहका निबन्धहरूमा विभिन्न क्षेत्रमा देखिएका विकृति विसङ्गतिहरूलाई व्यङ्ग्य गर्दै सुधारको अपेक्षा गरिएको छ ।

## ४.४.२ विषयवस्तु

### १. वीर अमर शहीदहरूलाई सम्झेर

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले सारा उन्नति विकास अवरुद्ध भएको देशप्रतिको दुरवस्थालाई चित्रण गरेका छन् । ज्यानको प्रर्वाह नगरी सबै नेपालीको कल्याणका निम्ति आफ्नो अमूल्य प्राणलाई उत्सर्ग गर्ने वीर शहीदहरूलाई मुख्य विषयवस्तु बनाएका छन् । हाम्रो देश नेपालमा पनि वीर अमर शहीदहरूको वलिदान पूर्ण इतिहास धेरै लामो बनि सकेको छ । हामी नेपालीहरूले प्रत्येक वर्ष माघ महिनामा शहीद दिवश मनाउदै आइरहेको कुरालाई यस निबन्ध मार्फत दर्साएका छन् । शहीदहरूको प्राणले हामी नेपालीहरूलाई उन्मुक्तिको बाटो देखाएका थिए । १९९७ सालमा जहाँनिया निरंकुश राणाशासनको उछित्तो पार्न हाम्रा वीर शहीदहरू दशरथचन्द्र, गंगालाल, शुक्रराज शास्त्री र धर्मराज जस्ता अमर शहीदहरूले आत्माहुति गरेर हामी सबैलाई उन्नतिको बाटो देखाएको अभिव्यक्ति व्यक्त गरेका छन् । शहीदहरूको बलिदान क्रम एक दुई

पटक नटुङ्गिइ बारम्वार रूपमा भइरहेको देखाएका छन् । १९९७ साल देखि २०६२/६३ साल सम्म शहीदहरूको सूची धेरै लामो भई सकेको छ । हामीहरूले तिनीहरूको भार तिर्न नसकेको दुःखेसो व्यक्त गरेका छन् । तिनै वीर अमर शहीदहरूको आहुतिले गर्दा हामी नेपालीहरू पशुका जस्तो बन्धनको जुनीबाट मुक्ति पाएका छौं । अफै पनि हामी नेपालीहरू ती शहीदहरूले देखाएको बाटो हिड्न सकिरहेका छैनौं । हरेक क्षेत्रमा अन्यायी, अत्याचारी, क्रुर, स्वार्थी राक्षसहरूको कमी नभएको वर्तमान अवस्थामा विभिन्न दानवीरूप धारण गरेर सोझा, निमुखा, अशक्त नरनारीहरूलाई दुःख पीडा दिएको कुरालाई व्यक्त गरेका छन् । यस्ता अत्याचारीहरूको अत्याचार सहन नसकेर सङ्घर्ष गर्न तयार भएका न्यायका पक्षपाती वीरहरूले आफ्नो जीवन उत्सर्ग गर्न तयार भएको तथ्यलाई प्रस्तुत गरेका छन् । तिनै शहीदहरूको कारणले गर्दा हामी नेपालीहरू स्वतन्त्र भई बाँच्न पाइरहेका छौ भनि निबन्धकारले ती वीरशहीदहरूप्रति सदा शिर भुकाउनु पर्दछ भन्ने सन्देश दिएका छन् । उनीहरूले देखाएको बाटो सदा अनुसरण गरेमा मात्र उनीहरूको आत्माले शान्ति प्राप्त गर्न सक्छ भन्ने आशामा निबन्धकार रहेको पाइन्छ ।

## २. बाँच्दै राखे नाच्दै राख्न पाइने

निबन्धमा निबन्धकार ढकालले नेपालीहरूको औषध आयु निकै कम भएको कुरालाई चर्चा गरेका छन् । मान्छे आफू लामो समयसम्म बाँच्ने प्रयत्न गऱ्यो भने आफ्नो आँखाले सबै कुरा देख्न पाउने कुरालाई यस निबन्ध मार्फत दर्साएका छन् । विकसित देशका मान्छेहरूको आयु र अविकसित देशका मान्छेहरूको आयु तुलना गर्दै विकसित देशका मानिसहरू ८०-९० वर्ष बाँच्ने तर अविकसित देशका मान्छेको आयु ५९ मात्र हुने किन भन्ने जस्ता प्रश्न पनि यस निबन्धमा निबन्धकारको राखेका छन् । आज विज्ञान जगत्ले देशमा यति ठूलो उन्नति प्रगति गरिसकेको छ तर त्यस उन्नतिप्रति हाम्रो ध्यान नगएको दुःखेसो व्यक्त गरेका छन् । मान्छेको आयु लामो बन्नुमा आफ्नै रहन सहन, खानपिन, औषधी उपचार, बानी व्यहोरा आदिले ज्यादै ठूलो भूमिका खेलेको हुन्छ । हामीले जे पायो त्यही गर्ने, जे पायो त्यही खाने, वेथितिमा रहने, शरीरको बेवस्ता गर्ने गर्नाले अधिकांश नेपालीहरूको आर्थिक अवस्था गुज्रन गएको चित्रण यस निबन्धमा गरेका छन् । सानैदेखि चुरोट र सुर्तीको अम्मली बनेर स्वास्थ्यलाई खतम पार्ने नेपालीहरूको संख्या वढी भएको हुँदा रोगको शिकार भएर बाँच्नु परेको यथार्थलाई व्यक्त गरेका छन् । लामो समयसम्म बाँच्नको लागि मान्छेको जीवन स्तरमा सुधार हुनुपर्दछ । दिन प्रतिदिनको खानामा भिटामिन सहितका अन्य पौष्टिक तत्वहरूको आवश्यकता पूरा गर्ने हो भने कहिलै कुनै रोगले आक्रमण गर्न नसक्ने आशामा निबन्धकार रहेका छन् । यदि कुनै पनि मान्छेले कुलतमा नलागि, मादकपदार्थको सेवन नगरी, स्वास्थ्य सरसफाइमा ध्यान दिने हो भने मान्छे १०० वर्ष वा त्यो भन्दा पनि बढी बाँच्न सक्ने कुराको पुष्टि गरेका छन् । केही समय पहिले वृटेनको एउटा शिक्षण संस्थामा १०६ वर्षकी महिला पढ्नका लागि विद्यार्थी भई कक्षामा भर्ना भएको कुरालाई उल्लेख गरेका छन् । आफ्नो स्वास्थ्य ठीक राख्नको लागि दैनिक केही न केही परिश्रम गर्नु आवश्यक छ । सबै मानिसहरूले सके सम्म अति अलि भए पनि पसिना आउने काम गर्नु पर्दछ । यसरी काम गर्दा हत्तपत्त कुनै अङ्गमा खरावी आउन पाउदैन । सधै स्वास्थ्य र तन्दुरुस्त भइन्छ । मान्छेको जीवन ज्यादै अमूल्य छ । अमूल्य जीवनलाई जोगाएर दीर्घजीवी बन्न सबैले प्रयास गर्नु पर्छ भन्नु नै यस निबन्धको विषयवस्तु रहेको छ ।

### ३. मेरो स्मृतिमा मातृभूमि विद्यालय

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले आफूले मातृभूमि विद्यालयमा काम गर्दा भोगेका र अनुभव गरेका दिनहरूको सम्झनालाई निबन्धको विषयवस्तु बनाएका छन् । २००७ सालमा प्रजातन्त्रको उदयपश्चात शैक्षिक जागरणको निकै ठूलो महत्त्व भएको कुरालाई व्यक्त गरेका छन् । मुलुक निष्पट् अन्धकार र जहाँनिय राणाशासनको पञ्जाबाट थोरै मुक्तिको सास फेरेको शिक्षाले सहर बजार, गाउँ घर जतातते विद्यालयहरू खोल्ने तथा शिक्षाको आवश्यकता बारे चर्चा भएको अभिव्यक्ति व्यक्त गरेका छन् । स्याङ्जा जिल्लामा कतै पनि सर्वसधारणहरूले पढ्ने विद्यालय नभएको कुरालाई देखाएका छन् । अकस्मात स्याङ्जाको सतौं हटियाको रमाइलो फाँटमा उक्त विद्यालय रहको जनाएका छन् । खोला वरिपरि घना वस्तीका गाउँहरू भएको, यहाँका जनता पनि अन्यत्र भन्दा विशेष जागरुक भई जनश्रमदान बाटै विद्यालय खोलेको अभिव्यक्ति व्यक्त गरेका छन् । २०१० सालबाट पढाइ सुरु गरिएको उक्त विद्यालयमा प्रधानाध्यापकको खोजी गरिएको थियो । त्यही समयमा एक जना प्रवासी नेपाली नीलकुमार शाहीलाई राखी अन्य शिक्षक भर्ना गर्ने क्रममा प्रायः फौजी तालिम वाला मात्र पाइएको र त्यसैबाट काम चलाउनु परेको दुःखेसो व्यक्त गरेका छन् । यस विद्यालयले सुरु देखिनै समस्त जिल्लाबासी, शिक्षाप्रेमी, शिक्षक एवम् विद्यार्थीहरूबाट सहयोग अप्नाउदै आइरहको र सरकारी तबरबाट वा अन्यत्र कसैबाट पनि यस विद्यालयको सही मूल्याङ्कन नभएको गुनासो प्रस्तुत गरेका छन् । विद्यालय भएको ठाउँ खोलाको तिरैमा भएकोले २०३१ सालमा आएको विनासकारी वर्षा र पहिरोबाट भवन भत्काइ ठूलो क्षति भएको पिडालाई यस निबन्ध मार्फ दर्साएका छन् । २०३० सालमा स्याङ्जामा सरकारी तर्फबाट नयाँ शिक्षा नीति लागु भएको र आफूहरूले १०० नम्बरको कृर्षि विषय राखी विभिन्न कृषि उत्पादन सम्वन्धी तालिम दिई विद्यालय वरपर छरछिमेक गाउँमा राम्रो तरकारी उत्पादन गर्न तर्फ युवावर्ग बढी आकर्षित भएको खुसीलाई व्यक्त गरेका छन् । आफूले त्यस विद्यालयमा पटक पटक गरी डेढ दशक जति सेवा गरेको कुरालाई उल्लेख गरेका छन् । २०३६ सालमा देशमा ठूलो आन्दोलन भएको र आन्दोलले गर्दा विद्यालयको शैक्षिक अवस्था बिग्रन गएको चिन्ता प्रकट गरेका छन् । आफू लगाएत अन्य शिक्षक साथीहरू मिली उक्त विद्यालयको शैक्षिक अवस्था सुधार गर्न तर्फ अघि बढेको देखिन्छ । २०४२ सालमा प्रद्युम्न पनेरु मा.वि. रङ्गेढाँटीबाट प्र.अ.को पदमा सरुवा भई मातृभूमि मा.वि.मा आएको र २०४९ सालमा सम्म उक्त पदमा रही सेवा गरेको देखिन्छ । त्यसपछि सेवा निवृत्त भई अध्यापन कार्यबाट विदा लिएको कुरा व्यक्त गरेका छन् । भविष्यमा यस विद्यालयले उत्तरोत्तर प्रगति गर्दै जानेछ भन्ने पूर्ण विश्वासमा निबन्धकार रहेका छन् ।

### ४. भयावह भौतिक प्रकोपहरू र सर्तकता

प्रस्तुत निबन्धमा निबन्धकारले भौतिक प्रकोप विपत्तीहरू मानिसले थाहा नपाउने गरी आउने भएकाले यसबाट पर्न जाने असरलाई निबन्धको विषयवस्तु बनाएका छन् । नेपालीहरूले धार्मिक आस्थामा विश्वास राख्ने भएकाले शून्य सालमा केहीन केही विपत्तिहरू आउने कुरामा विश्वास राखेको पाइन्छ । १९९० सालमा पनि यस्तै प्रकारको भूकम्प प्रलय जस्ता घटनाहरू घटेका कुरालाई व्याख्या गरेका छन् । बेलाबेलामा यस्ता घटनाहरू घट्ने भविष्यवाणी भएको हुँदा हामी नेपालीहरूमा पनि चिन्ता परेको कुरालाई दर्साएका छन् । यस्तै २०४५ सालको भूकम्पले

पुऱ्याएको क्षतिका बारेमा पनि चर्चा गरेका छन् । बेला बेलामा ग्रहहरू आपसमा ठोकिएर ध्वसत हुँदा उत्पात आउने र पृथ्वीसँग ठोकिन आइपुग्ने जस्ता कुराको पनि चर्चा गरेका छन् । उल्का, धूमकेतु, पुच्छ्रेतारा उदाएर अनिष्ट उत्पाद ल्याउने, आकाश मण्डलीय भय त्रास फैलिएको वर्तमान अवस्थामा ज्योतिषीहरूले पृथ्वीमा अनिष्ट हुने भविष्यवाणी गरी त्रास फैलाएकोमा चिन्ता व्यक्त गरका छन् । यो संसारमा रहुन्जेल मान्छेहरूलाई भय त्रासले कहिलै छाड्न सक्दैन भन्दै यस्ता विपत्तिहरू कसैले ठोकुवा गरेर भन्न सक्दैनन् । कसैले भन्दै नभनेको समयमा थाहा नपाउने गरी यस्ता सङ्कटहरू आइपर्ने भएकाले होसियारी पूर्वक रहनु पर्ने तर्क प्रस्तुत गरेका छन् । यस्ता विपत्तिहरूबाट जोगिने उपाय हामीहरूले अप्नाउनु पर्ने सुझाव दिएका छन् । भूकम्प निरोधक घरहरू बनाउनु पर्दछ । अनिष्ट हुने पूर्व सङ्केत मान्छेले भन्दा पशुहरूले थाहा पाउने प्रमाण प्रस्तुत गर्दै पशुहरूले देखाउने क्रियाकलापलाई अध्ययन गर्नुपर्ने कुरामा जोड दिएका छन् । यसरी निबन्धकारले भूमण्डलमा आइपर्ने ठूला ठूला दुर्घटना, अन्तरिक्षमा हुने ग्रहादिको विस्फोटन परस्पर टकरावका बारेमा वैज्ञानिकहरूले खोज अनुसन्धान गरे केही प्रगति हुनेछ भन्ने आशामा निबन्धकार रहेका छन् ।

### ५. प्रगतिशील साहित्य

निबन्धकार ढकालले आजको युग प्रगतिको युग हो । समाज उत्थान, सुधार र परिवर्तनको लागि साहित्य लेखिनु पर्ने मान्यतालाई निबन्धको विषयवस्तु बनाएका छन् । साहित्य सङ्गित आदिमा रुचि नलिने मान्छे सिङ पुच्छर नभएको पशु जस्तै हो । साहित्य, कला, आदिमा प्रगतिशील दृष्टिकोण राखी लेख रचना सृजना गरिनु पर्ने मान्यतालाई अगाडि सारेका छन् । नेपाली साहित्यमा प्रगतिशील साहित्यको सुरुवात गर्ने कवि गोपालप्रसाद रिमालले आमाको सपना नामक कवितासङग्रहबाट प्रवेश गरेको तथ्यलाई प्रस्तुत गरेका छन् । राणाशासनकाल र त्यसपछि देशको अवस्थाम सुधार नभएकाले शासकहरू स्वार्थी बनेको दुँखेसो व्यक्त गरेका छन् । कविको मनले सोचे जस्तो नभएको मातृभूमिको दुरवस्था जस्ताको तस्तै रहेको देखेर कविको मन विक्षिप्त भई प्रगतिशील साहित्यको रचना गर्न थालेको तथ्यलाई देखाएका छन् । लक्ष्मीप्रसाद देवकोटा, सिद्धचरण श्रेष्ठ, हृदयचन्द्र सिह प्रधान, कृष्णचन्द्र सिंह प्रधान, भूपि शेरचन आदिले प्रगतिशील विचार धाराका लेखहरू सृजना गरेको कुरालाई दर्साएका छन् । तिनै कविहरूका कविताले गर्दा देशको राजनैतिक अवस्थामा परिवर्तन भई जनतामा चेतना, जागरण, प्रगतिशील, चिन्तनको विकास भएको तथ्यलाई प्रष्ट पारेका छन् । प्रगतिशील प्रतिभाहरू, कवि सर्जकहरू, साहित्य स्रष्टाले धेरै प्रगतिशील साहित्यको रचना गरी प्रकाशित गरिएको अवस्थामा यस्ता कृतिहरूको अध्ययन गरेर उन्नतिको मार्गमा लाग्नु पर्ने पाठक नभएकोमा दुःखेसो व्यक्त गरेका छन् । आजका नयाँ कवि लेखकहरूले प्रगतिशील जनमुखी यथार्थवादी रचनाद्धारा वर्तमान समाजलाई अघि वढ्न सहित्य सृजना गर्न अत्यन्त आवश्यक भइसकेको मान्यता प्रस्तुत निबन्धमा निबन्धकारले राखेका छन् ।

### ६. त्रिभुवन आदर्श मा.वि. मा काम गर्दाका उत्साहपूर्ण दिनहरू

प्रस्तुत निबन्धमा निबन्धकारले त्रिभुवन आदर्श मा.वि. मा काम गर्दा भोगेका र अनुभव गरेका कुराहरूलाई निबन्धको विषयवस्तु बनाएका छन् । यस विद्यालयमा २०२३ सालदेखि २०३७

साल सम्म सेवा गरेका ढकालले दिवा र रात्री पाठशालाको प्रधानाध्यापकका रूपमा कार्य गरेको पाइन्छ । रात्री पाठशाला प्रौढहरूको लागि सञ्चालन गरिएकोमा तीन वर्ष मै कक्षा ६ देखि १० कक्षा सम्मको पढाइ पूरा हुने गरी विद्यार्थीहरूलाई एस.एल.सी. मा सम्मिलित हुन पाउने व्यवस्था मिलाएको देखिन्छ । रात्री पाठशालामा विद्यार्थीको चाप उच्च देखिएको र दिवा मिडिल स्कूलमा छात्र सङ्ख्या कम हुने गरेको यथार्थको चर्चा गरेका छन् । योग्यता पुगेका र समय दिन सक्ने शिक्षकहरूले प्रायः दुबै तर्फ पढाउने गरेको पाइन्छ । दिउँसो चल्ने मिडिल स्कुललाई हाइस्कुलको रूपमा सञ्चालन गर्न अति आवश्यक रहेकोले त्यसतर्फ सरकारी स्वीकृति लिन कठिन भएको यथार्थलाई प्रस्तुत गरेका छन् । २०२८ सालमा नयाँ शिक्षा योजना लागु गर्ने र शिक्षा पद्धतिमा परिवर्तन हुने जस्ता हल्लाले त्यस अनुरूप चल्नको लागि तयार हुनु परेको याथर्थलाई यस निबन्ध मार्फत दर्साएका छन् । त्यस समयमा शिक्षकको पारिश्रमिक न्युन रहे तापनि पारिश्रमिक त्योकिएको थियो । विद्यार्थीहरूबाट मासिक रूपमा उठ्ने शुल्क र वार्षिक शुल्कबाट शिक्षकको पारिश्रमिकको निर्धारण गरिएको थियो । विद्यालय सञ्चालनको लागि सञ्चालक समिति गठन गर्नु पर्ने हुँदा त्यसको सम्पूर्ण व्यवस्था प्र.अ. तथा शिक्षक परिवारहरूबाट मात्र गर्नु परेको दुःखेसो व्यक्त गरेका छन् । त्यस समयमा विद्यालयको भौतिक पूर्वाधार केही नभएको र खरको टहरो निर्माण गरी सञ्चालन गर्नु परेको गुनासो प्रस्तुत गरेका छन् । स्थानीय जनताले निरन्तर सहयोग गरेकाले यस विद्यालय हालको अवस्थामा आइपुगेको अभिव्यक्ति व्यक्त गरेका छन् । २००७ सालको जागरण मै विद्यालय खुलेको भए तापनि बीचमा दुई वर्ष जति बन्द हुँदा जिल्लाको पहिलो विद्यालय हुनबाट बञ्चित हुनु परेको यथार्थलाई प्रस्तुत गरेका छन् । यसरी विद्यालयको स्थापना काल देखि नै विद्यालयमा संलग्न हुनु परेका निबन्धकारले विद्यालयको भौतिक पूर्वाधार आधुनिक रूपमा हुन नसकेको दुःखेसो प्रस्तुत गरेका छन् । वर्तमान समयमा विद्यालय परिवार तथा व्यवस्थापन समितिले स्कुलको उन्नतिका लागि राम्रा कदम चाल्न थालेकोमा खुसी व्यक्त गरेका छन् ।

## ७. हाम्रा उपेक्षित वृद्धा जेष्ठ नागरिकहरू

निबन्धमा निबन्धकारले हाम्रो समाजमा प्रायः अशक्ति बृद्ध जेष्ठ नागरिकहरू उपेक्षित र अपहेलित हुँदै गइरहेको तथ्यलाई निबन्धको विषयवस्तु बनाएका छन् । यस निबन्धमा निबन्धकारले हाम्रो समाजमा बृद्ध जेष्ठ नागरिकहरू प्रतिको आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । जीवनभर दुःख गरेर पछि आफ्नो शारीरिक उर्जा कमजोर र शिथिल भएका बेलामा आउँदो पुस्ताले तिनीहरूको विशेष हेरचाह लालन पालन र स्वास्थ्य उपचार, गर्नु पर्ने हो तर त्यस्तो प्रायः देख्न नपाइएको कुरालाई दर्साएका छन् । त्यसैले बृद्धबृद्धाहरूको जीवन कष्टकर र दननीय बन्दै गइरहेकोमा निबन्धकारले चिन्ता व्यक्त गरेका छन् । पाश्चात्य शिक्षा एवम् संस्कृतिको प्रभावले गर्दा मान्यजनहरूको समाजमा अनादर र अनास्था हुन गएको कुरालाई प्रस्तुत गरेका छन् । यसरी समाजमा बिग्रदै गइरहेका प्रवृत्तिलाई हामीहरू आफैबाट सुधार हुनुपर्दछ । आफूलाई जन्म दिने सदा हित कल्याण मात्र चिताइ रहने माता पिता भन्दा ठूलो संसारमा अरु केही हुन सक्दैन । सबैले आफ्ना बृद्धा अग्रजहरूको मानसम्मान गरी सभ्य नागरिकको व्यवहार देखाउँ भन्ने सन्देश दिएका छन् । सम्भ र समुन्नत मुलुकमा बृद्धा र जेष्ठ नागरिकहरूको लागि राम्रा राम्रा व्यवस्थित बृद्धा श्रमहरू, स्वास्थ्य गृहहरू, सेवाकेन्द्रहरू रहेका छन् तर हाम्रो देशमा भएका एक दुई बृद्धा

श्रमहरू पनि व्यवस्थित नभएकोमा चिन्ता प्रकट गरेका छन् । हामी सम्पूर्ण शिक्षित युवावर्ग तथा समाज सेवीहरूले बृद्धाश्रमहरूको उचित व्यवस्थापन गरी दुःख पाएका जेष्ठ, असाय, नागरिकहरूको जीवन सुरक्षित गर्न सकिने आशामा निबन्धकार रहेका छन् ।

## ८. पुरानो साहित्यिक पत्रिका युगभाषालाई सम्झेर लेख्नु पर्दा

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले स्याङ्जा जिल्लाबाट प्रकाशित हुने पुरानो साहित्यिक पत्रिका युगभाषाको प्रधानसम्पादक भई कार्य गरेको अनुभवलाई निबन्धको विषयवस्तु बनाएका छन् । यस निबन्धमा निबन्धकारले पोखरामा रहँदा गण्डकी साप्ताहिक, 'साहित्यिक धारा' त्रैमासिक पत्रिकाको प्रधानसम्पादक भई कार्य गरेको देखिन्छ । स्याङ्जा जिल्लामा साहित्यिक गतिविधि शून्य भएको हुँदा सहकर्मी मित्र भेषराजसँग सल्लाह गरी साहित्यिक पत्रिका 'युगभाषा' प्रकाशन गर्ने जमर्को गरेको पाइन्छ । नेपाल युवा सङ्गठनको प्रकाशनमा साहित्यिक पत्रिका प्रकाशित गर्दा तत्कालीन समयमा कुनै कठिनाइ नपर्ने र प्रगतिशील विचारधारालाई प्रस्तुत गर्न सकिने जस्ता कुराहरूलाई सङ्गठनबाट स्वीकृति लिई पत्रिका प्रकाशन गरेको देखिन्छ । भेषराजले सङ्गठनबाट स्वीकृति लिदाँ सम्पादन मण्डल ठूलो बनाएको र प्रमुख सम्पादनकमा निबन्धकार रहेको देखिन्छ । देवीप्रसाद वनवासीले **युगभाषा** नामक साहित्यिक पत्रिकाको प्रतिनिधि सम्पादक भई कार्य गरेको देखिन्छ । देवीप्रसाद वनवासीको युगभाषातिर भौतारिँदा शीर्षकको लेखमा सम्पादकीय आफूले नै लेखेको विचार व्यक्त गरेकोमा निबन्धकारले दुःख व्यक्त गरेका छन् । लेखहरू लेख्ने कुरामा स्वतन्त्र हुनु पर्दछ । कसैले कसैलाई भन्न, लेख्न र रोक्न सक्दैन भन्दै कसैको मूल्याङ्कन कसैको अवमूल्याङ्कन गर्न नखोजिएको कुरालाई यस निबन्ध मार्फत दर्साएका छन् ।

## ९. महाकवि देवकोटाको शतवार्षिकी सन्दर्भलाई लिएर

निबन्धमा ढकालले अनुतलीय व्यक्तित्वका धनी महाकवि देवकोटाको शतबार्षिकीको सन्दर्भलाई निबन्धको विषयवस्तु बनाएका छन् । देवकोटाका बारेमा जति नै बोल्ने, लेख्ने र महत्त्व गाए पनि उनको बारेमा भन्नु पर्ने कुराहरू नै बाँकी रहेको यथार्थलाई यस निबन्धमार्फत दर्साएका छन् । भारतका महापण्डित राहुल सांकृत्यायनले भारतका मुख्य महाकवि पन्तप्रसाद निरौलासँग तुलना गर्दै महाकवि देवकोटा ती भन्दा ठूला रहेको कुरालाई देखाएका छन् । देवकोटाका महाकाव्यहरू, खण्डकाव्यहरू प्रबन्ध निबन्धसङ्ग्रहरू लगाएत अन्य थुप्रै कृतिहरूले नेपाली साहित्यको भण्डारलाई नभरिदिएको भए वाङ्मयको अवस्था निकै दयनीय हुने थियो । उच्च पाठ्यक्रममा राख्नु पर्ने नेपाली ग्रन्थहरूको समेत पूरै अभाव रहेको अवस्थामा अथक परिश्रम गरी त्यो अभावलाई परिपूर्ति गरेको तथ्यलाई प्रस्तुत गरेका छन् । देवकोटाको शतबार्षिकी कार्यक्रमहरू योजनावद्ध रुमपा सञ्चालन गर्नु पर्ने हो, त्यो नगरेकोमा निबन्धकारले दुःखेसो व्यक्त गरेका छन् । सरकार र जनताको सहयोगमा देवकोटा सङ्ग्रालय स्थापना गरी देवकोटाले जीवनभर प्रयोग गरेर सामग्रीहरूलाई सङ्ग्रहीत गरी राख्नु पर्ने कुरामा जोड दिएका छन् । सरकारबाट सङ्ग्रालय, स्मारकहरू, सडक बाटाहरूको नामकरण गरी देवकोटाको स्मृतिलाई अमर बनाउन र सबैतिर प्रचारित गराउन सहयोग पुऱ्याउँछ भन्ने आशामा निबन्धकार रहेका छन् । देवकोटामा रहेको सरल र मिलनशील गुणले गर्दा सबैसँग निकट सम्वन्ध राख्न सफल भएको कुरालाई व्यक्त गरेका छन् ।

देशी वा विदेशी सबैले देवकोटाको शतवार्षिकीको सम्झना गराइ राख्न धेरै धेरै कामहरू गर्नु पर्दछ भन्ने सन्देश यस निबन्ध मार्फत दिएका छन् ।

## १० आदिकवि भानुभक्त आचार्य

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले आदिकवि भानुभक्त आचार्यलाई नै निबन्धको विषयवस्तु बनाएका छन् । नेपाली साहित्यको इतिहासमा भानुभक्त आचार्यले खेलेको भूमिकालाई उल्लेख गरेका छन् । भानुभक्तलाई नेपालीहरूले हृदयको कुना कुनामा राखि रहेको कुरालाई व्यक्त गरेका छन् । वि.सं. १८७१ सालमा पिता धनञ्जय आचार्यको सुपुत्रको रूपमा जन्मिएका भानुभक्तको शिक्षा उनका बाजे श्री कृष्ण आचार्यबाट प्रारम्भ भएको कुरालाई दर्साएका छन् । भानुभक्तबाट लेखिएका कृतिहरूको खोज अनुसन्धान गर्ने कार्यमा कवि मोतीराम भट्टको योगदानलाई बिर्सन नहुने कुरालाई व्यक्त गरेका छन् मोतीरामले भानुभक्तले लेखेका कृतिहरूको खोजी गरी प्रकाशन समेत गरेका थिए । जागिरका शिलशिलामा हिसाब किताब राम्रोसँग वुझाउन नसकेकोमा कुमारी अड्डाले उनलाई जेल चलायन गरेको थियो । जेलमा बस्दा रामायणको बाँकी अंश भक्तमाला जस्ता कृतिको रचना गरेको कुरालाई उल्लेख गरेका छन् । आफू र्निदोष रहेको कुरालाई कविताद्धारा निवेदन दिई जेलबाट छुटेपनि रामायणको उत्तरकाण्ड पूरा गरेको कुरालाई देखाएका छन् । त्यस समयमा नेपाली भाषामा कविता लेख्ने चलन नभएको अवस्थामा पनि भानुभक्त आचार्यले नेपाली भाषामा कविता लेखि भाषिक एकीकरण गरेका थिए । स्वदेशमा भन्दा विदेशी प्रवासमा कवि भानुभक्तप्रति श्रद्धा आस्था बढी भएको कुरालाई दर्साएका छन् । प्रवासमा भानुभक्तको पूर्ण कदरको शालिक, स्मारक बनाइनु तर नेपालमा कवि भानुभक्त प्रति कम सम्मान गरेकोमा चिन्ता व्यक्त गरेका छन् ।

## ११. साहित्य नै मेरो रुचिको विषय

निबन्धमा निबन्धकार ढकालले साहित्यलाई नै निबन्धको मुख्य विषयवस्तु बनाएका छन् । सहित्यप्रति आफ्नो रुचि बढेकाले साहित्यले मानिसको हृदयलाई पगाल्छ । सफा, स्वच्छ र कञ्चन बनाउँछ भन्ने कुराको चर्चा पनि प्रस्तुत निबन्धमा गरेका छन् । अध्ययन आफ्नो प्यारो काम भएको र आफ्नो अध्ययनमा साहित्य कै रसपान गर्न मन पराउने कुरालाई व्यक्त गरेका छन् । साहित्य विषयमा आफ्नो रुचि कसरी जाग्यो र कस्ता साहित्यकारका रचनाहरू बढी मन पर्छन् । इच्छा भए उपाय कसरी निस्कन्छ जस्ता कुरालाई यस निबन्धमा प्रस्तुत गरेका छन् । साहित्यमा कुन कुन विधाहरू बढी मन पर्छन् भन्ने जिज्ञासाहरूका उत्तरहरू पाठकले सजिलैसँग भेट्टाउन सक्ने आशमा निबन्धकार रहेका छन् । आफ्नो निरन्तर पढि रहने बानीलाई अझै निरन्तरता दिन स्वदेशी तथा चर्चित विदेशी लेखकका पुस्तकहरू खोजी खोजी पढ्ने र बाँचुन्जेल पढिरहने र लेखिरहने इच्छा समेत यस निबन्धमा प्रकट गरेका छन् । प्रस्तुत निबन्ध उनको जीवनको निजीविचार र अनुभूतिमा आधारित रहेको छ ।

## १२. नशा धुम्रपानको दुष्परिणाम

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले धुम्रपानको दुष्परिणालाई निबन्धको विषयवस्तु बनाएको पाइन्छ । अधिकांश नेपालीहरू अम्मली वा नशासेवी भएर जीवन बरबाद गरिहेको

यथार्थलाई चित्रण गरेको देखिन्छ । महाकवि देवकोटा चुरोट पिउने बानीले आन्द्राको क्यान्सरबाट मृत्यु भएको उदाहरण पनि प्रस्तुत गरेको पाइन्छ । होनहार युवाहरू धुम्रपान नशा आदिको कारणले असमयमै संसारबाट विदा भएको तथ्यलाई देखाएका छन् । कतिपय देशहरूमा सर्वजानिक स्थलमा धुम्रपान गर्न, खुल्ला विक्री वितरण गर्न नपाइने व्यवस्था कायमै छ । हाम्रो देशमा यस्तो कुनै रोकावट गरिएको छैन जसले गर्दा दिन प्रतिदिन दुर्व्यसनीहरूको सङ्ख्या बढिरहको यथार्थलाई प्रस्तुत गरेका छन् । मादक पदार्थको विक्रीवितरण ओसार पोसार आदिमा र जथाभावी मादक पदार्थ सेवन गरी मनपरी गर्ने जस्ता कुरामा सरकारी नियन्त्रण हुनु पर्दछ । घरको आर्थिक विपन्नता, गरिबी आदिमा समेत सुधार ल्याउन कदम चाल्नु पर्दछ भन्ने कुरालाई यस निबन्ध मार्फत व्यक्त गरेका छन् ।

## १३. जस्तो सङ्गत उस्तै फल

निबन्धमा निबन्धकार ढकालले जस्ता मान्छेको सङ्गत गऱ्यो, त्यही अनुसारको फल मिल्छ भन्ने कुरालाई निबन्धको विषयवस्तु बनाएका छन् । मान्छे जीवन भर असल बाटोमा हिड्न सक्यो भने ऊ पक्कै असल मान्छे बन्न सक्छ । यदी त्यही मान्छे कुबाटोमा लाग्यो भने बरवाद हुन सक्छ । आफ्ना सन्तानलाई सानैदेखि जुन सङ्गत वा वातावरणमा हुर्कायो त्यसको असर पछि सम्म पनि परिरहन्छ भन्ने यथार्थतालाई प्रस्तुत गरेका छन् । बालबच्चामा मुख्य प्रभाव सँग सगै हिड्ने खेल्ने सङ्गीसाथीहरूबाट  पर्ने भएकाले तिनीहरूले राम्रा नराम्रा कुरा सिक्न सक्छन् । त्यस्ता कुरामा अभिभावकहरूले विशेष ध्यान पुऱ्याउनु पर्दछ भन्ने रायलाई प्रस्तुत गरेका छन् । अङ्गुली माल नामक राक्षसको कथा प्रसङ्ग जोड्दै गौतम बुद्धको सङ्गतमा परेपछि जनधन्य अपराध कर्म छोडि सुध्रेर बुद्धको परभक्ति बनेको उदाहरण प्रस्तुत गर्दै मान्छे सुध्रनु, जीवन सार्थक बनाउनु नबनाउनु, आफ्नै हातको कुरा हो भन्ने आशय व्यक्त गरेका छन् ।

## १४. शारदा मन्दिर स्कुल पहिले र अहिले

प्रस्तुत निबन्धमा निबन्धकार ढकालले शारदा मन्दिर स्कुलको स्थापना कालदेखि हालसम्मको कुरालाई निबन्धको विषयवस्तु बनाएको पाइन्छ । सुन्दर खर्सु पहाडको काखमा अवस्थित शारदा मन्दिर प्रा.वि.को स्थापना निबन्धकार र दीप्तिनारायणको पहलमा वि.सं. २०१३ सालमा भएको देखिन्छ । त्यस समयमा पढे लेखेका मान्छे शून्य रहेको अवस्थामा स्थानीय जनतालाई सम्झाई बुझाइ गरी विद्यालय सञ्चालन गरेको कुरालाई दर्साएको पाइन्छ । विद्यलायमा त्यस समयदेखि परेको प्रभावलाई मूल्याङ्कन गर्दै भविष्यमा पनि यस्तै गरी सफल हुन सकोस् भन्ने शुभकामना व्यक्त गरेको देखिन्छ । विद्यालयको आन्तरिक कठिनाइ जे जस्तो भए पनि शिक्षाको क्षेत्रमा गरेको प्रगतिले गाउँघरको शैक्षिक अवस्थामा परिवर्तन गर्न सफल भएकोमा खुसी व्यक्त गरेको पाइन्छ ।

## १५. लक्ष्मी स्मृति पुस्तकालयबारे छोटो मन्तव्य

प्रस्तुत निबन्धमा निबन्धकारले लक्ष्मी स्मृति पुस्तकालयले स्थापनाकाल देखि हालसम्म गरेको प्रगतिलाई निबन्धको विषयवस्तु बनाएका छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाको

सम्भनामा स्थपना गरिएको यस पुस्तकालयले स्थानीय समाजमा चेनताको ज्योति फैलाएको कुरालाई प्रस्तुत गरेका छन् । उक्त पुस्तकालयले युवा पिंढीलाई ज्ञानको भण्डारतर्फ उन्मुख गराउन महत्त्वपूर्ण भूमिका खेलेको कुरालाई दर्साएका छन् । पुस्तकालय र विद्यालय समाजका गहना, ज्ञानका अखण्डज्योति, प्रकाशपुञ्ज भएकाले समाजको अज्ञानतालाई हटाइ प्रगतिको दिशातर्फ अघिवढ्न ठूलो भूमिका खेलेको हुन्छ । यस पुस्तकालयमा दैनिक दर्जनौ युवापिंढी, बुद्धिजीवि र विद्यार्थीहरूले अध्ययन गरी ज्ञान हासिल गरिहेको देख्दा निबन्धकारले खुसी व्यक्त गरेका छन् । यस पुस्तकालय स्थापना पूर्व काठमाडौं वा अन्य सहरमा जस्तै ठूलो पुस्तकालय बन्लान भन्ने आशमा निबन्धकारले आफूसँग भएका सबै पुस्तकहरू उक्त पुस्तकालयमा बुझाएको कुरालाई निबन्धमार्फत दर्साएका छन् । त्यस संस्थामा जम्मा भएका पुस्तक लथालिङ्ग र दुरूपयोग भएको थाहा पाउँदा आफूलाई पश्चाताप लागेको कुरालाई व्यक्त गरेका छन् । लक्ष्मी स्मृति पुस्तकालयले खेलेको भूमिका, पुऱ्याएको सहयोग, अझ बढ्दै जानेछ र पुस्तकालयको सङ्ख्या थप र अन्य व्यवस्थाहरू मिलाउदै गएमा पुस्तकालयको भविष्य उज्जल रहने थियो भन्ने आशामा निबन्धकार रहेका छन् ।

## १६. डुल्दै घुम्दै पुगियो गुल्मी काम भयो उही पढाउने

निबन्धकार ढकालले गुल्मीको पौदी अमराईमा विद्यालय स्थापना गर्दा खेलेको भूमिकालाई निबन्धको विषयवस्तु बनाएको पाइन्छ । घरबाट गुल्मीको पौदी अमराईसम्मको यात्राका क्रममा बाटोमा पर्ने प्राकृतिक सौन्दर्यको वर्णन पनि गरेको पाइन्छ । अमराई विद्यालय सञ्चालन गर्नको लागि केदार प्रसाद रेग्मीको भूमिका उल्लेख गर्दै उनको साथमा निबन्धकार पनि त्यस ठाउँमा पुगेको देखिन्छ । स्थानीय जनताहरूले विद्यालय सञ्चालन गर्न गरिएको सहयोगबाट निबन्धकार प्रभावित भएको पाइन्छ । त्यस ठाउँमा घुम्न गएका निबन्धकार केही समय सम्म शिक्षक भएर कार्य गरेको देखिन्छ । सर्वोदय विद्यालयको नाम परिवर्तन गरी पौदी अमराई नामाकरण गरी सरकारी स्वीकृतिका लागि शिक्षा कार्यालयमा पठाइएको कुरालाई दर्साएको देखिन्छ । चारैतिरबाट प्राप्त भएको सहयोगले विद्यालय नियमित रूपमा प्राइमरी र मिडिल कक्षा सञ्चालन भएको पाइन्छ । निबन्धकारको इच्छा त्यस ठाउँ छाडि अध्ययनको लागि काठमाडौं जाने चाहनालाई पूरा गर्न सबैको चित्त बुझाउनु परेको देखिन्छ । अन्त्यमा त्यस ठाउँबाट विदा भई आएकोमा निबन्धकार खुसी देखिन्छन् । हाल आफूले स्थापना गरेको विद्यालयमा उच्च मा.वि.सम्मको पढाई सुरु भएकोमा त्यस विद्यालयमा पुग्ने ईच्छा हुँदा हुँदैं पुग्न नसके पनि विद्यालयको प्रगति होस् भन्ने कामना व्यक्त गरेको पाइन्छ ।

## १७. पहिलो पल्ट राजधानी काठमाडौतिर दौडिदा

निबन्धमा निबन्धकार ढकाल पहिलो पल्ट काठमाडौ जाँदा भोगेका, देखेका र अनुभव गरेका कुरालाई निबन्धको विषयवस्तु बनाएका छन् । त्यस समयमा घरबाट काठमाडौ सम्मको पैदल यात्रामा सात दिन लाग्ने भएकाले साथीहरूको साथमा यात्रा गरेको कुरालाई निबन्धमार्फत दर्साएका छन् । उच्च शिक्षा हासिल गर्ने चाहनालाई लिएर अघि बढेका निबन्धकार यात्राका क्रममा बाटोमा पर्ने रमणीयस्थल र प्राकृतिक सुन्दरता देख्दा खुसी लागेको कुरालाई प्रस्तुत गरेका

छन् । पाँच मानेको सिरानबाट सारा राजधानीको अवलोकन गर्दा चारैतिरबाट पहाडले घेरिएको ठूलो विटको थाल जस्तो सुन्दर काठमाडौं स्वर्ग भन्दा पनि सुन्दर रहेको कुरालाई प्रकट गरेका छन् । त्यस ठाउँमा बसेर संस्कृत र अङ्ग्रेजी दुवै विषयमा अध्ययन गर्ने चाहनालाई पूरा गर्ने दृढ विश्वास गरेको पाइन्छ । त्यस समयमा काठमाडौंको बसाई महिना भरीमा १८ रूपैया लाग्ने भएकाले पोखरा भन्दा महङ्गो रहेको अनुभव प्रस्तुत गरेका छन् । रानी पोखरी संस्कृत प्रधान पाठ्शालामा भर्ना भई अध्ययनलाई निरन्तरता दिएको कुरालाई यस निबन्धमा दर्साएका छन् । यसरी निबन्धकारले पहिलो पल्ट काठमाडौं यात्रा र अध्ययनलाई दैनिकी जस्तो रूपमा यस निबन्धमा प्रस्तुत गरेका छन् ।

### ४.४.३ उद्देश्य

**केही रचना केही सम्झना** निबन्ध लेखनमा केदार शर्मा ढकालले विभिन्न उद्देश्य राखेका छन् ती उद्देश्यहरूमा वीर अमर शहीदहरूको योगदानलाई कदर गर्नु पर्ने, लामो समय बाँच्यो भने आफ्नो आँखाले सम्पूर्ण कुराहरू देख्न पाइने, आफूले मातृभूमि विद्यालयमा गरेको योगदानलाई यस निबन्धसङ्ग्रहमा प्रस्तुत गरेका छन् । भयावह भौतिक प्रकोपहरू मान्छेले थाहा नपाउने गरी आउने हुनाले त्यसबाट बाँच्नको लागि विभिन्न उपायहरू उपनाउनु पर्ने, आजका युवावर्गहरूले प्रगतिशील साहित्य लेख रचनाहरू लेख्नु पर्ने, आदर्श मा.वि.मा काम गर्दा का उत्साह पूर्ण दिनहरूको सम्झनालाई पनि प्रस्तुत निबन्धमा उल्लेख गरेका छन् । हाम्रो समाजमा रहेका बृद्धा र जेष्ठ नागरिकहरूलाई सम्मान गर्नु पर्दछ । पुरानो साहित्यिक युगभाषालाई सम्झेर लेख्नुपर्दा, देवकोटाले साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानलाई भुल्न नहुने, भानुभक्तले नेपालीहरूलाई दिएको योगदानको कदर गर्नु पर्ने, मदिरा पान र धुम्रपानबाट टाढै रहनु पर्ने, मान्छेले जस्ताको सङ्गत गऱ्यो उस्तै फल पाउनु, शारदा मन्दिर स्कुल पहिला र अहिले उस्तै देखिनु, लक्ष्मी स्मृति पुस्तकालयको सदुपयोग र संरक्षण गरिनु पर्ने कुरालाई पनि निबन्धमा उल्लेख गरेका छन् । डुल्दै घुम्दै जुन ठाउँमा पुगे पनि उही शिक्षण पेशालाई अपनाउनु पर्ने, राजधानी तिरलाग्दा विभिन्न प्राकृतिक सुन्दरताको वर्णन गर्नु आदि प्रमुख रहेका छन् ।

१. **वीर अमर शहीदहरूलाई सम्झेर** - वर्तमान राजनैतिक अवस्था प्रति आलोचना गर्दै वीर अमर शहीदहरूले देशप्रति गरेको बलिदान पूर्ण योगदानलाई हामी नेपालीहरूले कहिलै विर्सनु हुँदैन भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।
२. **बाँच्दै राखे नाच्दै राख्न पाइने** - नेपालीहरूको औषध आयु निकै कम भएको हुँदा लामो समय सम्म बाँच्ने प्रयत्न सबैले गर्नु पर्दछ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।
३. **मेरो स्मृतिमा मातृभूमि विद्यालय** - मातृभूमि मा.वि.को स्थापना काल देखि शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान र विद्यालय स्थापना तथा सञ्चालन गर्नको लागि त्यस क्षेत्रका अग्रजहरूले खेलेको भूमिकालाई उजागर गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।
४. **भयावह भौतिक प्रकोपहरू र सतर्कता** - प्राकृतिक प्रकोपले सिर्जना गर्ने भयावह स्थिति र त्यसबाट सुरक्षित हुन अप्नाउनु पर्ने सतर्कतालाई व्यक्त गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

५. **प्रगतिशील साहित्य** - आजको युग प्रगतिका युग हो । आजका नयाँ युवा वर्गहरूले प्रगतिशील कृतिहरूको रचना गरी समाजलाई अघि वढ्ने अवसर दिनु पर्दछ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

६. **त्रिभुवन आदर्श मा.वि.मा काम गर्दाका उत्साहपूर्ण दिनहरू** - वर्तमान शैक्षिक अवस्थाप्रति देखिएका विकृतिहरूको चर्चा गर्दै उचित किसिमको शिक्षा नीति लागु गर्नु पर्दछ भन्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

७. **हाम्रा उपेक्षित बृद्ध जेष्ठ नागरिकहरू** - हाम्रो समाजमा रहेका बृद्ध बृद्धाहरूको उचित मानसम्मान र हेरचाह गर्नु पर्ने आवश्यकता नै प्रस्तुत निबन्धको उद्देश्य रहेको छ ।

८. **पुरानो सहित्यिक पत्रिका युगभाषालाई सम्झेर लेख्नुपर्दा** - साहित्यिक पत्रिका युगभाषा प्रकाशन गर्दा गरेका अनुभव र खेलेको भूमिकाको चित्रण गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

९. **महाकवि देवकोटा शतबार्षिकी सन्दर्भलाई लिएर** - महाकवि लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको स्मरण गर्नु नै यस निबन्धको उद्देश्य हो ।

१०. **आदिकवि भानुभक्त आचार्य** - नेपालको इतिहासमा भाषिक एकीकरण गर्ने भनुभक्तको स्मरण गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

११. **साहित्य नै मेरो रुचिको विषय** - साहित्य आफ्नो रुचिको विषय बन्नुका कारणहरू खोतल्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

१२. **नशा धुम्रपानको दुष्परिणाम** - धुम्रपान तथा मदिरापानको नशामा फसेपछि त्यसबाट निस्कने परिमाणको चित्रण गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

१३. **जस्तो सङ्गत उस्तै फल** - मान्छेले जस्ता व्यक्तिसितको सङ्गत गऱ्यो त्यस्तै सङ्गत अनुसार फल प्राप्त हुने भएकोले आफूले देखेका, सुनेका र अध्ययन गरेका विषयको चित्रण गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

१४. **शारदा मन्दिर स्कुल पहिले र अहिले** - शारदा मन्दिर स्कुलको स्थापना देखि हाल सम्मको भौतिक शैक्षिक लगाएतका क्षेत्रहरूको तुलनात्मक चित्रण गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

१५. **लक्ष्मी स्मृति पुस्तकालय बारे छोटो मान्तव्य** - लक्ष्मी स्मृति पुस्तकालले शिक्षाको क्षेत्रमा पुऱ्याएको महत्त्वपूर्ण योगदानको चित्रण गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

१६. **डुल्दै घुम्दै पुगियो गुल्मी काम भयो उही पढाउने** - डुल्दै घुम्दै गुल्मी पुगेको अवस्थामा त्यस क्षेत्रमा शैक्षिक विकास गर्नको लागि खेलेको भूमिका व्यक्त गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

१७. **पहिलोपल्ट राजधानी काठमाडौतिर दौडिदा** - अध्ययनका क्रममा काठमाडौ जाँदा देखेका, भोगेका र अनुभव गरेका कुराहरूलाई व्यक्त गर्नु नै यस निबन्धको उद्देश्य रहेको छ ।

केदार शर्मा ढकालले यसरी विभिन्न उद्देश्यहरू राखेर आफ्ना निबन्धहरूको रचना गरेका छन् ।

### ४.४.४ भाषाशैली

केदार शर्मा ढकालको **केही रचना केही सम्झना** निबन्धसङ्ग्रहका निबन्धहरूको अध्ययन यस प्रकार गरिको छ । **केही रचना केही केही सम्झना** निबन्धसङ्ग्रहका निबन्धहरूमा प्रयोग भएको शब्दस्रोतगत स्थिति यस प्रकार रहेको छ -

तत्सम शब्दहरूको प्रयोग - सभ्य (पृ.१), भव्य (पृ. १), धन्य (पृ. २), न्युन (पृ. ४), दुःख (पृ.९), अक्षर (पृ. १९), ज्ञान (पृ. २५), दुर्गम (पृ. ५८), दुरूह (पृ. ५०), प्रगतिशील (पृ. ३७) आदि शब्दहरूको प्रयोग प्रस्तुत निबन्धसङ्गहका निबन्धहरूमा पाइन्छ ।

तत्सम शब्दहरूको प्रयोग - आँसु, (पृ. ४०), दूध (पृ. ४०), आज (पृ. ३७), तीखो ( पृ.३६), काम (५४), सात (पृ. ५५), नयाँ (पृ. ५३), तीतो (पृ. २८), रात (पृ. ३०) आदि ।

आगन्तुक शब्दहरूको प्रयोग - जस्तै पैसा (पृ. ४), सरकार (पृ.५३), क्याम्पस (पृ.४४), किताव (पृ. ४३), कमीज (पृ. ५४), मातृभूमि (पृ. १८), कोटा (पृ. ७), आम्दानी (पृ. ८), बाँकी ( पृ.५७), कलेज (पृ. ५६), अड्डा (पृ. ७), हेडमास्टर (पृ. ९) आदि जस्ता शब्दहरूको प्रयोग पनि ढकालको यस निबन्ध सङ्ग्रहका निबन्धहरूमा पाइन्छन् ।

माथि प्रयोग भएका शब्दहरू मध्ये केदार शर्मा ढकालको **केही रचना केही सम्झना** निबन्धसङ्ग्रहका निबन्धहरू तत्सम शब्दहरूका साथै आगन्तुक नेपाली शब्दहरूको प्रयोग अधिक मात्रामा पाइन्छ ।

केदार शर्मा ढकालको यस केही रचना केही सम्झना निबन्धसङ्ग्रहका निबन्धहरूमा कतै कतै काव्यात्मक वाक्यको पनि प्रयोग भएको पाइन्छ । जस्तै

जति भन्यो उति बाँकी रहने
अथाह कहिल्यै अन्त्यै नहुने
तिम्रो गुण औ महिमा अपार
स्वागत अभिनन्दन छ बारबार । (पृ. ३२)

वाक्य गठनका आधारमा हेर्दा प्रस्तुत निबन्धसङ्ग्रहका निबन्धहरूमा सरल, मिश्र र संयुक्त, तीनै प्रकारका वाक्यहरूको प्रयोग पाइन्छ । यी वाक्यहरूका पनि सरल वाक्यको प्रयोग अधिक मात्रामा पाइन्छ - जस्तै आजको युगको प्रगतिको युग हो । (पृ. १६) ससुरा केही होशियारी राख्नु पर्ने कुरा मात्रै गर्नुहुन्थ्यो । (पृ.५४) म त्यसैको तयारीमा लाग्न थालें । (पृ. ५५) आदि जस्ता वाक्यहरूको प्रयोग पनि ढकालका निबन्धहरूमा पाइन्छ ।

पदक्रम विन्यासका आधारमा हेर्दा यस **केही रचना केही सम्झना** निबन्ध सङ्ग्रहका निबन्धहरूमा धेरै जसो व्याकरणिक वाक्यहरूको प्रयोग पाइन्छ भने थोरै मात्रमा आलङ्कारिक वाक्यहरूको प्रयोग गरिएको छ - जस्तै राम्रा नराम्रा कुराहरू धेरै सङ्गीसाथीहरू बोटे उनीहरू सिक्दछन् । (पृ. ४४) यता पट्टीको अग्लो डाँडा मुसीकोट रहेछ, पारी पट्टी इस्माकोट रहेछ बीचमा पौदा अमर राई । (पृ. ५१) आदि जस्ता वाक्यको प्रयोग पनि ढकालका निबन्धमा पाइन्छ ।

केदार शर्मा ढकालको **केही रचना केही सम्झना** (२०६६) निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूमा विभिन्न शैलीको प्रयोग गरिएको छ । मूलतः विश्लेषणात्मक शैली, व्यङ्ग्यात्मक शैली र आलङ्कारिक शैलीको प्रयोग गरेका छन् । विश्लेषणात्मक शैलीको प्रयोग - जस्तै भरखर एक दशक अघि ९० सालको भूकम्प बेहोरेर त्रस्त बनेका नेपालीले त्यसरी कसैले पत्याउनु पर्ने

जस्ता कारणहरू देखाएर केही भन्यो, प्रचार अझ काठमाडौं उपत्यकामा ९० सालको भूकम्पले डरलाग्दो रूपमा जनधनको क्षति पुऱ्याएको थियो । (पृ. १३) आदि । त्यसैगरी व्यङ्ग्यात्मक शैलीको प्रयोग - जस्तै, आखिर यो संसारको अनि मानवजातिको के कस्तो अवस्था हुने हो, के भोग्नु व्यहोर्नु पर्ने हो भविष्यतिर फर्केर हेरेर बस्नु पर्ने छ होला । (पृ. १४) आदि जस्ता शैलीहरुको प्रयोग ढकालका निबन्धहरूमा पाइन्छ ।

समग्रमा भन्नु पर्दा पाठकहरूले सजिलै बुझ्न सक्ने विषयवस्तुको सोझो वर्णनले गर्दा भाषा सरल र सहज हुनुको साथै आत्मपरक शैलीको बन्न पुगेको छ ।

## ४.५ निष्कर्ष

वि.सं. २०१३ सालदेखि निबन्ध लेखनमा सक्रिय भएका ढकालले जीवनमा विभिन्न प्रयोजनलाई लिएर देश विदेशका विभिन्न स्थानहरूको भ्रमण गर्दा देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुलाई लिएर लेखिएका रचनाहरूमा **बाँच्न गाह्रो भो** (२०४७), **जीवन सङ्घर्षको चक्कर ठक्कर** (२०५८), **केही रचना केही सम्झना** (२०६६), गरी जम्मा तीन ओटा निबन्ध सङ्ग्रहहरू प्रकाशित भएका छन् । पहिलो कृतिको १६ ओटा निबन्धहरू आत्मपरक शैलीमा लेखिएका छन् । यस निबन्धसङ्ग्रहमा लेखिएका निबन्धहरूमा सामाजिक, पौराणिक, आध्यात्मिक, परिवारिक तथा यथार्थ घटना आदि विषयवस्तुमा आधारित भई लेखिएका छन् । त्यस्तै गरी दोस्रो निबन्धसङ्ग्रहको निबन्धहरूमा १८ ओटा निबन्धहरूमा आत्मपरक शैलीका साथै ६ ओटा निबन्धहरू यात्रा सस्मरणसँग सम्वन्धित रहेका छन् । यस निबन्धसङ्ग्रहमा लेखिएका निबन्धहरूमा ढकालले विभिन्न ठाउँहरूको भ्रमण गर्दा देखेका अनुभव गरेका र त्यहाँको शैक्षिक, सामाजिक, सांस्कृतिक, धार्मिक, दार्शनिक, बैज्ञानिक, प्रकृतिक, साहित्यिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूप्रति व्यङ्ग्य गरिएका निबन्धहरू सङ्कलित रहेका छन् । तेस्रो निबन्धसङ्ग्रहका निबन्धहरूमा वर्तमान नेपालको राजनैतिक, आर्थिक, सामाजिक, साहित्यिक, शैक्षिक आदि क्षेत्रमा देखिएका विसङ्गतिहरूलाई तीव्र व्यङ्ग्यको प्रहार गर्दै लेखिएका सत्र ओटा निबन्धहरू रहेका छन् । विशेष गरी शिक्षा र राजनीतिक क्षेत्रमा देखिएका विकृतिले गर्दा वर्तमान समयमा हाम्रो देश खोको हुन गएकोप्रति निबन्धकार चिन्तित रहेका छन् ।

केदार शर्मा ढकाल मुख्यतः आत्मपरक निबन्धकार हुन् । सामाजिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, शैक्षिक आदि विभिन्न क्षेत्रमा देखिएका विकृति र विसङ्गति विरूद्ध व्यङ्ग्य गर्ने प्रवृत्ति ढकालमा रहेको पाइन्छ । यात्रा साहित्यलाई विकसित गराउने कार्यमा निबन्धकार सक्रिय रहेका देखिन्छन् । आफ्ना यात्राका भोगाइ र दृश्यानुभूतिहरूलाई निजात्मक शैलीमा प्रस्तुत गरेका छन् । यात्रा संस्मरणात्मक निबन्धहरूमा धार्मिक, ऐतिहासिक, प्राकृतिक क्षेत्रमा देखिएका कुराहरूको चर्चा गरिएको छ । यात्रा संस्मरणत्मक रूपमा विभिन्न ठाउँको जीवन शैली, परम्परा, जाति, सांस्कृति, साहित्यिक र भूगोललाई उनका निबन्धहरूले सचित्र प्रस्तुत गरेका छन् । केही निबन्धहरू उनका बाल्यकालीन स्मंरणमा केन्द्रित रहेका छन् भने केही निबन्धहरूमा नेपालका महान् साहित्यकारहरूको साहित्यिक योगदानलाई विषयवस्तु बनाएर पनि लेखेका छन् । यसरी समग्रमा हेर्दा ढकालले विभिन्न विषयलाई आत्मसात् गरी निबन्धको रचना गरेको पाइन्छ ।

# पाँचौ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

शोधपत्रको पहिलो परिच्छेदमा 'शोध परिचय' अन्तरगत विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोध सामग्रीको सङ्कलन विधि र शोधपत्रको रूपरेखा राखिएको छ ।

दोस्रो परिच्छेदमा केदार शर्मा ढकालको सङक्षिप्त परिचय शीर्षकमा केदार शर्मा ढकालको जन्म १९८६ साल असोज ११ गते बावु पण्डित दुर्गादत्त उपाध्याय र आमा बसुन्दरी देवीका प्रथम सन्तानका रूपमा स्याङ्जा जिल्लाको फापरथुम गा.वि.स. वडा नं. ८ टिकाजा भन्ने ठाउँमा भएको थियो । शिक्षादीक्षा प्रारम्भ गर्ने मौका आफ्नै घरमा बाजे र काकाबाट पाएका थिए । आफ्नै घरबाट शिक्षा आरम्भ गरेका ढकालले हाल सम्म एम.ए.,बी.एड र संस्कृत मध्यमा सम्मको शिक्षा हासिल गरेका छन् ।

केदार शर्मा ढकालको विवाह वि.सं. १९९९ साल फागुन १४ गते मनकुमारीसँग सम्पन्न भई ढकालका तीन छोराहरू शरद, इन्दु र समीर रहेका छन् । हाल यिनी पुलतीबजार नगरपालिका वडा नं. १ स्याङ्जामा स्थायी बसोवास गर्दै आइरहेको पाइन्छ । जागिरका क्रममा ढकालले वि.सं. २००९ देखि शिक्षण सेवा स्याङजाको पञ्चमूल स्थित दरौं प्रा.वि.बाट प्रारम्भ गरी वि.सं. २०११ मा मातृभूमि र देवानचोक प्रा.वि. स्याङ्जा, वि.सं. २०१७/०१८ मा फलेवास पर्वतको भवानी विद्यापिठ हाइस्कुलमा अध्यापन गरेको देखिन्छ । त्यसपछि वि.सं २०१९/२० मा स्याङ्जाको त्रिभुवन आदर्श मा.वि.मा र ९ वर्ष जति मातृभूमि मा.वि.मा प्र.अ. पदमा रही २०४९ सालदेखि सेवानिवृत भई जीवन बिताइ रहेका छन् ।

केदार शर्मा ढकालको कलम साहित्यमा बनारसमा विद्यार्थी छदादेखि चलेको देखिन्छ । वि.सं. २००८ सालमा बनारसबाट प्रकाशित हुने **युगवाणी** नामक पत्रिकामा प्रकाशित **मानव तिमी अघि बढ्दै जाऊ** नामक कविताबाट सुरु गरी साहित्यमा प्रवेश गरेका ढकालले निबन्ध तथा कविता विधामा कलम चलाएका छन् । उनका हालसम्म ५ ओटा पुस्तकहरू प्रकाशित रहेका छन् । उनी गण्डकी सामाजिक गुठी, २०६० द्वारा सम्मानित, स्याङ्जा साहित्य परिषद् काठमाडौं २०६० द्धारा सम्मानित, स्याङ्जा साहित्य प्रतिष्ठान स्याङ्जाद्धारा नगद पुरस्कार २०६१, साहित्य सङ्गम पोखराबाट नगद पुरस्कार, २०६३ आदि आठओटा भन्दा बढी सम्मान तथा पुरस्कारद्धारा सम्मानित भएको पाइन्छ ।

केदार शर्मा ढकालको व्यक्तित्वलाई सहित्यिक साहित्येतर गरी दुई भागमा विभाजन गरिएको छ । झट्ट हेर्दा धेरै नबोल्ने जस्ता लाग्ने, भद्र, सज्जन, भावुकका साथै वाक्लो, अग्लो र मोटो शरीरका देखिन्छन् । उनको साहित्यिक व्यक्तित्वलाई स्रष्टा र द्रष्टा गरी दुई भागमा विभाजित गरिएको छ । स्रष्टा व्यक्तित्व अन्तरगत कवि व्यक्तित्व र निबन्धकार व्यक्तित्वको पहिचान गरिएको छ । उनको जीवनको सबैभन्दा सबल व्यक्तित्वमा रूपमा निबन्धकार व्यक्तित्व रहेको छ । उनका सामाजिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक प्राकृतिक जस्ता

विषयवस्तुमा आधारित निबन्धहरू रहेका छन् । जीवनको सबै भन्दा लामो समयसम्म निबन्ध लेखनमा समय खर्चदै आएका ढकालले नेपाली समाजले भोग्नु परेको अन्याय, अत्याचार, दमन शोषणलाई विषयवस्तु बनाउनुका साथै समाजमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै सुधारको कामना गरिएको छ । नेपाली साहित्यका क्षेत्र उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वका बारेमा यात्रा संस्मरणात्मक लेखहरू लेखी आफ्नो व्यक्तित्वलाई फैलाएका छन् । द्रष्टा व्यक्तित्व अन्तरगत सम्पादक व्यक्तित्व, पत्रकार, संस्थापक र चिन्तनशील व्यक्तित्व रहेका छन् । साहित्येतर व्यक्तित्व अन्तरगत शिक्षक प्राध्यापक र संस्थागत व्यक्तित्व रहेका छन् ।

तेस्रो परिच्छेदमा केदार शर्मा ढकालको निबन्धयात्रा र प्रवृत्ति शीर्षक अन्तरगत निबन्धकारको निबन्ध यात्राको वर्णन गरिएको छ । वि.सं. २०१३ सालमा 'जिवाको चक्कु', नामक निबन्धबाट निबन्ध यात्राको सुरुवात भए तापनि २०४७ सालमा **बाँच्न गाह्रो भो**, निबन्ध सङ्ग्रह कृतिको रूपमा प्रकाशित भएको छ । आत्मपरक शैलीमा लेखिएका निबन्धहरूलाई हेर्दा धेरै जसो आफ्नो जीवनसँग सम्बद्ध घटनाहरलाई समावेश गरी लेखेका छन् । यस सङ्ग्रहका निबन्धहरू सामाजिक, पौराणिक, आध्यात्मिक, शैक्षिक, सांस्कृतिक, पारिवारिक र यथार्थघटना आदि विषयवस्तुमा आधारित छन् । यस चरणमा प्रकाशित भएका निबन्धहरूमा निजात्मक शैली, प्रश्नात्मक शैलीका साथै व्याङ्ग्यात्मक शैली आदिको प्रयोग गरिएको छ ।

निबन्धकार केदार शर्मा ढकालको दोस्रो चरण २०४८ देखि यतालाई मानिएको छ । यस चरणमा **'जीवन सङ्घर्षको चक्कर ठक्कर'** (२०५८) र **'केही रचना केही सम्झना'** (२०६६) निबन्धसङ्ग्रह प्रकाशित भएका छन् । यस चरणमा प्रकाशित निबन्धहरूमा पहिलो चरणका रचनाको शैली भन्दा केही भिन्न विषय र शैली रहेको पाइन्छ । यस चरमा ढकालले स्वदेश तथा विदेश भ्रमणका समयमा देखेका, भोगेका र अनुभव गरेका विषयवस्तुहरूलाई आत्मसंस्मरणात्मक रूपमा निजात्मक पाराले लेखेका निबन्धहरू सङ्गृहीत गरी निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । सामाजिक, शैक्षिक, राजनीति धार्मिक लगाएतका क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूलाई उदाङ्गो पारेर देखाएका छन् ।

केदार शर्मा ढकाल नेपाली साहित्यको निबन्ध विधामा कलम चलाउने दीर्घ साधक छन् । उनले हाल सम्म तीनओटा निबन्धात्मक कृतिहरूको रचना गरी प्रकाशित समेत गरेका छन् । यिनै तीन ओटा निबन्धगत रचनाका आधारमा निबन्धकार केदार ढकालका निबन्धात्मक प्रवृत्तिलाई केलाउन सकिन्छ । आत्मपरकता उनको मूलभूत प्रवृत्ति हो । यसका साथै व्यङ्ग्यात्मकता, यथार्थता, चिन्तनशीलता, राष्ट्रबादी भावना, प्रकृतिप्रेम समसामयिकता, मानवीयता, नैतिक आदर्श, प्रगतिशील चेतना आदि उनका मूलभूत प्रवृत्तिहरू रहेका छन् ।

चौथो परिच्छेदमा केदार शर्मा ढकालका **'बाँच्न गाह्रो भो'** (२०४७), **'जीवन सङ्घर्षको चक्कर ठक्कर'** (२०५८), **केही रचना केही सम्झना** (२०६६) गरी तीन ओटा निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूलाई तिनीहरूको विषयवस्तु, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ । केदार शर्मा ढकालको पहिलो निबन्ध सङ्ग्रह **बाँच्ने गाह्रो भो** (२०४७) को विश्लेषणमा कृति परिचय त्यसभित्र सङ्कलित १६ ओटा निबन्धहरूको सङ्गालोमा विषयवस्तु, उद्देश्य र भाषाशैलीको विश्लेषण गरिएको छ । यस निबन्धसङ्ग्रहभित्रका निबन्धहरू

विषयवस्तुको कोणबाट हेर्दा विविधता भेटिन्छ । कतिपय निबन्धमा विषयवस्तु स्पर्श मात्रै गरेर आफ्ना निजी गुनासो र अनुभवलाई प्रस्तुत गरेका छन् । कुनै निबन्धमा सामाजिक असङ्गतिहरूलाई प्रस्तुत गरेका छन् । कुनै निबन्धमा समाजका वास्तविक घटना हुने वा घट्ने सक्ने सम्भावित घटनाहरूलाई पनि समावेश गरेका छन् । समाजमा देखा परेका विकृति र विसङ्गतिहरूप्रति पनि व्यङ्ग्य भाव प्रस्तुत गरेका छन् । यस सङ्ग्रहका निबन्धहरूमा धनीहरूप्रति व्यङ्ग्य र गरिवी पछौटे हुनका कारणहरूको पनि चर्चा गरिएको छ । यस सङ्ग्रहका निबन्धहरू प्रकृतिकेन्द्रित भएकाले आधुनिक सहरिया विकृतिमूलक विसङ्गत जीवनबाट वाक्क भएकालाई प्रकृतिको शरणमा जान अनुरोध गरिएको छ ।

केदार शर्मा ढकालले २०४७ सालमा प्रकाशित **बाँच्न गाह्रो भो** निबन्ध सङ्ग्रह नामक कृति लेखनमा विश्वजगत्मा हातहतियारको निरस्त्रीकरण गरेर मानवीय भावनाको विकास गर्नु, नेपाली समाजमा देखिएका विकृति र विसङ्गतिहरूलाई उजागर गरी सुधारको अपेक्षा राख्नु, व्यक्ति स्मरणमा अमूल्यनिधिको सम्मान गर्नु, सुन्दर प्राकृतिक स्थलको वर्णन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् ।

सङ्ग्रहका सम्पूर्ण निबन्धहरूको भाषा सरल र सहज देखिनुका साथै तत्सम, तद्भव , आगन्तुक, भर्रा शब्दहरूको प्रयोग भएको पाइन्छ । त्यस्तै ढकालका निबन्धहरूमा उखान टुक्काहरूको प्रयोग पनि अधिक मात्रमा भेटिन्छ । वाक्य गठनका आधारबाट हेर्दा ढकालका निबन्धहरूमा सरल, मिश्र र संयुक्त तीनै किसिमका वाक्यहरूको प्रयोग भएको पाइन्छ । यसमा पनि सरल वाक्यको प्रयोग बढी मात्रामा गरिएको छ । पदक्रम विन्यासका आधारमा हेर्दा ढकालका निबन्धहरूमा व्याकरणिक तथा आलङ्कारिक दुवै वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

**बाँच्न गाह्रो भो** (२०४७) निबन्ध सङ्ग्रह भित्र रहेका निबन्धहरूमा प्रश्नात्मक शैली, व्यङ्ग्यात्मक शैली, आत्मकथात्मक शैली र आलङ्कारिक आदि शैलीको प्रयोग गरी लेखिएका छन् ।

**जीवन सङ्घर्षको चक्कर ठक्कर** (२०५८) निबन्धसङ्ग्रह भित्रका निबन्धहरूको विषयवस्तु विभिन्न क्षेत्रबाट लिइएको छ । यस निबन्धसङ्ग्रहमा २४ ओटा निबन्धहरू सङ्गृहीत छन् । यस सङ्ग्रहका निबन्धहरूलाई भाग एक र भाग दुई गरी विभाजन गरिएको छ । एक भाग अन्तरगत क्रमाङ्क एक देखि अठारसम्म आत्मपरक निबन्धहरू र भाग दुई अन्तरगत क्रमाङ्क उन्नाईसदेखि चौवीससम्म नियात्रामूलक निबन्धहरू रहेका छन् । निबन्धसङ्ग्रहमा विषयगत विविधता पाइन्छ । शैक्षिक, सामाजिक, सांस्कृतिक, धार्मिक, दार्शनिक, वैज्ञानिक, प्राकृतिक, साहित्यिक, ऐतिहासिक, व्यवहारिक र यात्राका दृश्यहरूलाई प्रस्तुत सङ्ग्रहका निबन्धको विषयवस्तु बनाइएको छ । आजको युग भनेको प्रगतिको युग हो । आजको युगलाई प्रगतिशील चिन्तनको खाँचो छ । प्रगतिशील शिक्षाले सभ्य समाजको सिर्नजा हुन सक्छ भन्ने विषयवस्तुलाई टिपेर प्रस्तुत गरिएको छ । यिनका कतिपय निबन्धहरू त अनुभूतिको तीब्रता र विचारको गहनतामा केन्द्रित छन् । यिनले आफ्नो विचार र भावलाई विषयसँग एकाकार गरी प्रस्तुत गर्ने प्रयत्न गरेका छन् । एकातिर आफ्नो जीवनसँग सम्बद्ध घटनालाई ल्याएका छन् भने त्यसैका माध्यमबाट सामाजिक असङ्गति स्वर प्रस्तुत गरेका छन् । अन्धभक्त बनेर धर्मका

नाउँमा देखिएका विकृति र विसङ्गतिहरूको व्यङ्ग्य गर्दै त्यस्ता क्षेत्रमा सुधार गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

**'जीवन सङ्घर्षको चक्कर ठक्कर'** (२०५८) सालमा प्रकाशित निबन्ध सङ्ग्रह नामक कृति लेखनमा ढकालले अन्तरिक्षमा भएको प्रगतिको बारेमा उल्लेख गर्दै त्यसतर्फ नेपाल जान नसकेको दुःखेसो व्यक्त गरेका छन् । नेपालका सुन्दर प्राकृतिक स्थानहरूको वर्णन गर्दै त्यसको विकासमा जोड दिनुपर्ने, नेपाली समाजमा रहेको विकृति र विसङ्गतिहरूको चर्चा गर्दै सुधार उन्मुख हुनुपर्ने, व्यक्ति स्मरणमा अमूल्य निधिहरूको योगदानको चर्चा गर्दै यात्रा संस्मरणका क्रममा भोगेका र अनुभव गरेका प्राकृतिक सुन्दरताको वर्णन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् ।

**जीवन सङ्घर्षको चक्कर ठक्कर** (२०५८) निबन्ध सङ्गह भित्रका निबन्धहरूमा तत्सम, तद्भव, आगन्तुक, भर्रो, शब्दका साथै उखान टुक्काहरूको समेत प्रयोग गरिएको छ । यी निबन्धहरूमा सरल, मिश्र र संयुक्त तीनै किसिमका वाक्यहरूको प्रयोग गरिएका छन् । निबन्धहरूमा सरल, सहज भाषाका साथै स्थानीय भाषिकाहरूको पनि प्रयोग गरेका छन् ।

**जीवन सङ्घर्षको चक्कर ठक्कर** (२०५८) निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूमा व्यङ्ग्यात्मक शैली यात्रासंस्मरणात्मक शैलीका साथै कलात्मक शैलीको पनि प्रयोग गरिएको छ ।

**केही रचना केही सम्झना** (२०६६) निबन्ध सङ्ग्रहको विश्लेषणका क्रममा सर्वप्रथम कृतिको परिचय दिइएको छ । त्यसपछि विषयवस्तु, उद्देश्य र भाषाशैलीको वर्णन एवम् विश्लेषण गरिएको छ । यस भित्रका १७ ओटा निबन्धहरू ढकालले विशेष गरी राजनीतिक, शैक्षिक, साहित्यक, समसामयिकताका साथै आफ्नै निजी अनुभूतिमा आधारित छन् । ढकालले विषयवस्तु यिनै क्षेत्रबाट टिपी निबन्धको रचना गरेका छन् । राजनीति तथा शैक्षिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूको आलोचना गर्दै त्यस्ता क्षेत्रमा देखिएका विकृतिहरूको समधान हुनु पर्दछ भन्ने कुरामा जोड दिएका छन् । आफ्नो निजी अनुभूतिमा आधारित भएर निबन्धको रचना गरेको पाइन्छ । शिक्षा मानवीय विकासको मेरुदण्ड भएकाले शिक्षामा सुधार ल्याउन हामी सबैले पहल गर्नुपर्दछ भन्ने विचार पनि प्रस्तुत गरेका छन् ।

**केही रचना केही सम्झना** (२०६६) मा प्रकाशित निबन्ध सङ्ग्रह नामक कृति लेखनमा ढकालले वर्तमान शैक्षिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिहरूको चर्चा गदै त्यस क्षेत्रमा सुधारको अपेक्षा राख्नु, शिक्षण पेशामा भोगेका, अनुभव गरेका दुःख सुखका साथै शैक्षिक विकासका लागि गरेको योगदानको चर्चा गरेका छन् । साहित्यिक पत्रिकाको सम्पादक भई गरेका कार्यहरूको चित्रण गर्नु, व्यक्ति स्मरणका अमूल्य निधिहरूका योगदानको कदर गर्नु जस्ता उद्देश्यहरू ढकालका निबन्धात्मक कृतिहरूमा रहेका छन् ।

**केही रचना केही सम्झना** (२०६६) निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूमा तत्सम्, तद्भव, आगन्तुक शब्दहरूका साथै काव्यात्मक वाक्यको पनि प्रयोग गरिएको छ । निबन्धभित्र सरल, मिश्र र संयुक्त तीनओटै वाक्यको प्रयोग गरिएको छ । यी निबन्धहरूमा व्याकरणिक तथा आलङ्कारिक वाक्यको प्रयोग पनि प्रसस्त मात्रमा भएको पाइन्छ ।

**केही रचना केही सम्झना** (२०६६) निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूमा, विश्लेषणात्मक शैली, व्यङ्ग्यात्मक शैली, आलङ्कारिक शैलीका साथै सामान्य शैलीको प्रयोग पनि गरिएको छ । सरल, सहज र स्पष्ट भाषा हुनुका साथै शुद्ध नेपाली शब्दावली, सरल कथन शैली आदि ढकालका निबन्धगत विशेषता हुन् ।

सङ्क्षेपमा भन्नु पर्दा एक सानो गाउँमा जन्मे हुर्केका साहित्यकार केदार शर्मा ढकालले नेपाली साहित्यमा कलम चलाउनुका साथै झण्डै जीवनको आधा समय शिक्षण पेशामा बिताएको देखिन्छ । जीवनका उकाली ओरालीमा कहिले साहित्यकार, कहिले पत्रकार, कहिले शिक्षक र कहिले संस्थापक बनेर राष्ट्रसेवामा समर्पित भएको देखिन्छ । जहाँसम्म कमजोरी पक्षलाई केलाउँदा निबन्धात्मक कृतिको विषयवस्तुमा क्रमबद्ध प्रस्तुति वा सङ्गठनिक पक्षमा निबन्धकार अति असचेत देखिएका छन् । निबन्ध स्वतन्त्र विचरण गर्न पाउने अभिव्यक्तिमूलक कला भएकाले यिनका निबन्धमा पनि केही कतै विषयको शृङ्खला टुट्ने र कतै दोहोरिने गरेको छ । सरल अभिव्यक्ति र सम्प्रेषणीय भाषाशैलीको प्रयोगले गर्दा निबन्धको स्तर त्यति धेरै घटेको छैन । यिनका आरम्भिक चरणका निबन्धभन्दा पछिल्ला निबन्धहरू बढी आकर्षक र स्तरयुक्त छन् ।

साहित्यका विभिन्न विद्यामा कलम चलाए तापनि विधागत मूल्य र मान्यताका आधारमा निबन्धले नै आफ्नो क्षेत्रबाट नेपाली साहित्यमा सहयोग पुऱ्याएको ले यिनको योगदान महत्त्व पूर्ण रहेको छ ।